

# रङ्ग फेरियो दार्जीलिङको

पृष्ठ १० मा



मध्यपृष्ठमा

# हरिशा



**• ग्यालरी •**

## कला मेलामा चित्रकला

ललितपुरको कुपण्डोलस्थित सुपर ए-वान ग्यालरीमा गत शनिबारदेखि चित्रकला प्रदर्शनी तथा आर्ट मेला सञ्चालन भैरहेको छ । आगामी भदौ ८ गतेसम्म चल्ने आर्ट मेलामा काठमाडौं, ललितपुर तथा भक्तपुरका विद्यालयस्तरका छात्र-छात्रा सम्मिलित चित्रकला प्रतियोगिता पनि सञ्चालन भैरहेको छ। प्रतियोगिताका लागि विद्यार्थीले नेपाली कला तथा संस्कृति झल्कने चित्र बनाउनुका साथै नेपालको राष्ट्रिय झन्डा, नेपालको नक्सा, विभिन्न मन्दिर, दरबार स्क्वायर, नेपालको प्राकृतिक सौन्दर्य तथा राष्ट्रिय विभूतिका आकृतिलाई पनि बालबालिकाले आफ्ना चित्रमा उतारेका छन् । मेलामै व्यावसायिक तथा अग्रज कलाकारले तयार पारेका चित्र तथा मूर्तिसमेत प्रदर्शन भैरहेको छ ।

## रेनेशाको चित्रकला

कला प्रशिक्षण संस्था रेनेशा इन्स्टिच्युट अफ फाइन आर्टका प्रशिक्षार्थीहरूको सामूहिक चित्रकला प्रदर्शनी प्रारम्भ भएको छ। बबरमहलस्थित नेपाल कला परिषद्मा १९ जना प्रशिक्षार्थीका चित्र प्रदर्शनीमा राखिएका छन्। 'रंगको सौन्दर्य मनको सौन्दर्य' शीर्षकको यो प्रदर्शनीमा दृश्यात्मक, मुहार तथा रियालिस्टिक चित्र समावेश छन्। चित्रमा प्राकृतिक सौन्दर्य, ऐतिहासिक स्थल, धार्मिक तथा सांस्कृतिक पक्ष तथा दैनिक जनजीवनजस्ता विषयलाई समेटिएको छ। इन्स्टिच्युटमा विभिन्न तहमा प्रशिक्षणरत तथा पूर्व प्रशिक्षार्थीलगायत करिब तीन दर्जनभन्दा बढी चित्र प्रदर्शनीमा राखिएका छन्। निसिन बोमेन सुब्बा, दृष्टि मानन्धर, विरेन आचार्य, आशिक नेपाल, शिखा प्रधान, नोर चिडी, शार्दूलकृष्ण श्रेष्ठ आदिका चित्रको उक्त प्रदर्शनी आगामी सातासम्म चल्नेछ ।

## वागनको चित्रकला प्रदर्शनी

महिला कलाकार समूह नेपाल (वागन) को आयोजनामा पर्सि आइतबारदेखि राजधानीमा सामूहिक चित्रकला प्रदर्शनी हुँदैछ। नागपोखरीस्थित इमागो डाइ क्याफे ग्यालरीमा आइतबार साँझ उद्घाटन गरिने यो प्रदर्शनीमा तीन दर्जनभन्दा बढी चित्र समावेश हुनेछन्। आगामी भदौ २१ गतेसम्म जारी रहने यो प्रदर्शनी प्रत्येक दिन बिहान आठ बजेदेखि राति नौ बजेसम्म खुला रहनेछ। नेपाल पर्यटन बोर्डको समेत सहभागिता रहने यो प्रदर्शनीमा रागिनी उपाध्याय, इरिना ताम्राकार, चन्द्रा श्रेष्ठ, जया शर्मा, आशा डंगोल, विधाता केसी, विपना महर्जन, प्रमिला बि., सम्झना राजभण्डारी, रश्मि अमात्य, संगी श्रेष्ठ, शोभा वाग्ले आदि महिला कलाकारका चित्र अवलोकन गर्न पाइनेछ। प्रदर्शनीमा वीरेन्द्रप्रताप सिंह, गेहेन्द्रमान अमात्य, केशवराज खनाल, किशोर नकर्मी, मुकेश मल्ल, नगेन्द्रप्रसाद पौडेल, लय मैनाली, किशोर नकर्मी, शशिविक्रम शाह, श्यामसुन्दर यादव तथा सुदर्शनविक्रम राणाका चित्र पनि प्रदर्शन हुने आयोजकहरूले बताएका छन्।

## दुबईमा नेपाली चित्रकला

चितवनका कलाकार प्रकाश थापाले तयार पारेका चित्रहरूको प्रदर्शनी दुबईमा हुने भएको छ। आगामी साउन ३० गते ( अगस्ट १४) देखि चितवन मैत्री समाज युएईद्वारा थापाका एकल चित्र प्रदर्शनी आयोजना गर्न लागिएको हो। प्रदर्शनी बरदुबईको स्थानिय एभरेस्ट इन्टरनेशनल होटलमा प्रदर्शनी सञ्चालन हुनेछ। युएईमा कार्यरत थापाले आफ्नो जागिरबाट बचेको समय सदुपयोग गर्दै आफूमा भएको कलालाई त्यहाँ रहेका नेपालीमाझ प्रस्तुत गर्न लागेका हुन्।

**• रंगमञ्च •**

## एउटा प्रश्नको सन्देश

नयाँ नेपालको नारा जति नै घन्किए पनि नेपाली समाजमा दलित तथा गैरदलितबीचको छुवाछुत प्रथा अहिलेसम्म पनि विद्यमान छ। समाजमा चुनौतीका रूपमा विद्यमान यही समस्यामा आधारित एउटा नाटक हाले पूर्वाञ्चलका विभिन्न स्थानमा मञ्चन भएको छ। 'एउटा प्रश्न' शीर्षकको उक्त नाटकमा मान्छेको जात नै मान्छे हो भन्ने सन्देश दिइएको छ। नाटकमा नवीन प्राचीन, राज फागो, मनमाया लिम्बू, गौरी लिम्बू, अनिल सुब्बा, जंग सुब्बा, सञ्जीव लिम्बु, स्पन्दन राई आदि कलाकारले अभिनय गरेका छन्।

## एउटा आशाको अन्त्य

करिब १० वर्षपछि स्टेज नाटकका रूपमा धनकुटाको समुदायिक भवनमा एक्पोर्ट अभिनय कला केन्द्रको प्रस्तुति तथा रङ्कर्मी तथा पत्रकार जेबी घलेद्वारा लेखन, निर्देशन गरिएको एउटा आशाको अन्त्य नाटकले दर्शकहरूलाई भावुक बनाएको थियो। ग्रामीण परिवेशमा युवाहरू विदेश जानुपर्ने बाध्यता र कतिपय युवाले आ□नो इहलीला विदेशमै समाप्त पार्नुपर्ने बाध्यतामा आधारित उक्त वियोगान्त नाटकले युवा तथा उनीहरूका परिवारले भोग्नुपरेको तथ्यलाई उजागर गरेको थियो।

**• पुस्तक •**

### मलंगियाका मैथिली एकांकी

महेन्द्र मलंगिया मैथिली भाषाका स्थापित नाट्यकर्मी हुन्। मलंगियाद्वारा रचना गरिएका सातवटा एकांकीको संग्रह मलंगिया मैथिली एकांकीलाई साझा प्रकाशनले सार्वजनिक गरेको छ। संग्रहमा समाहित सबै एकांकी मैथिली समाजका ऐना मानिएका छन्। यी एकांकीहरू धीरेन्द्र प्रेमर्षिले मैथिली भाषाबाट नेपालीमा अनुवाद गरेका हुन्। १ सय ५० रुपैयाँ मूल्यको यो कृति १ सय ७ पृष्ठमा विस्तारित छ।

### नसुनिएका आवाज

संचारिका समूहद्वारा प्रकाशित 'नसुनिएका आवाज' महिला पत्रकारहरूले तयार गरेको संग्रह हो। यो संग्रहमा नेपाली महिलाका संघर्ष र सफलतासँगै समस्या, भेदभाव एवं दुर्व्यवहारका अनगिन्ती पाटा समेटिएका छन्। निर्मला शर्माद्वारा सम्पादित यो पुस्तकको मूल्य ४ सय रुपैयाँ छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

साउन १७ गते : पुत्रदा एकादशी, २१ गते : जनैपूर्णिमा, ललितपुर कुम्भेश्वर मेला, २२ गते : गाईजात्रा, हिरोसिमा दिवस ।

### मेष

साताको आरम्भ प्रतिकूल हुनसक्छ। मन दुविधाग्रस्त रहनेछ भने स्वास्थ्य पनि गडबड हुन सक्छ। घरेलु समस्या बढ्नेछ। आइतबारदेखि भाग्यले साथ दिन थाल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### मिथुन

रोग एवं शत्रु बढ्ने तथा मन चिन्तित रहने देखिन्छ। अरूबाट सहयोग पाइनेछैन भने स्वास्थ्य पनि गडबड हुनसक्छ। खर्च एवं विवाद बढ्नेछ। आइतबार, सोमबार तथा मंगलबार व्यावसायमा लाभ, यात्रामा सफलता, धन आर्जन हुने योग छ। पराक्रम बढ्नेछ। खानपानमा ध्यान पुऱ्याउनुहोला।

### सिंह

अध्ययनमा सफलता प्राप्त हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यावसायमा सफलता मिल्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूको मन जित्न सकिनेछ। रोग एवं शत्रु बढ्ने हुँदा सावधानी अपनाउनुहोला। सफलताका लागि गोपनियता आवश्यक छ।

### तुला

बोलीमा आकर्षित हुनेहरूले सहयोग गर्नेछन्। अरूको मन सजिलै जित्न सकिनेछ। मान-सम्मान पनि पाइनेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। धेरै काम पूरा हुनेछन् भने स्वास्थ्यको ख्याल गर्नु आवश्यक देखिन्छ।

### धनु

खर्च एवं विवादका साथै गलत विचार बढ्न सक्छ। स्वास्थ्य गडबड रहनेछ भने शरीरमा चोटपटक लाग्न सक्छ। आइतबारदेखि मान-सम्मान मिल्नेछ भने काममा सुधार आउने तथा व्यवसायमा लाभ हुने देखिन्छ। अरूको विश्वास जित्न सकिनेछ। सफलताका लागि गोपनीयता आवश्यक छ।

### कुम्भ

मान-सम्मान मिल्नेछ भने अरूको विश्वास जित्न सकिनेछ। सोच्ने शक्ति बढ्नुका साथै अध्ययनमा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यावसाय लाभप्रद रहनेछ भने पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### वृष

व्यापार-व्यवसायमा वृद्धि हुनुका साथै काममा सफलता मिल्नेछ। यात्रा रमाइलो रहनेछ। प्रसन्नता एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भाग्यले साथ दिनेछ। धन आर्जन पनि हुनसक्छ। साताको अन्त्यमा स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने देखिन्छ।

### कर्कट

अध्ययनमा सफलता मिल्नेछ। मन प्रसन्न रहला। काममा सफलता हात पर्नेछ। धन आर्जन पनि हुनसक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। रोग तथा शत्रु बढ्ने हुँदा सावधानी अपनाउनुहोला। सफलताका लागि गोपनीयता आवश्यक छ।

### कन्या

पराक्रम बढ्ने, अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग मिल्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। अध्ययनमा सुधार आउनेछ। रोग तथा शत्रु बढ्ने हुँदा विशेष सावधानी अपनाउनुहोला। सवारी साधन चलाउँदा ध्यान दिनुहोला।

### वृश्चिक


मान-सम्मान प्राप्त हुनेछ भने काममा सफलता हात पर्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। आफन्तहरूले सहयोग गर्नेछन्। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। स्वास्थ्य कमजोर हुन सक्ने भएकाले खानपानमा सावधानी अपनाउनु होला।

### मकर

धन आर्जन गर्ने अवसर मिल्नेछ भने मान-सम्मान प्राप्त हुनेछ। अपराक्रम एवं बोलीको प्रभाव बढ्नेछ। भोज भतेरमा सामेल हुने अवसर जुट्नेछ। आइतबार, सोमबार तथा मंगलबार खर्च एवं विवाद बढ्नसक्छ। मन चिन्तित हुनुका साथै स्वास्थ्यमा गडबडी आउन सक्छ।

### मीन

भाग्यले साथ दिनेछ भने अरूबाट प्रशंसा पाइनेछ। व्यवसाय लाभप्रद रहनेछ। अध्ययनमा सफलता हात लाग्नेछ। आफन्त तथा सन्तानको सफलताले मन प्रसन्न हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।



## रमझम र साहसको यात्रा

# गोसाइँकुण्ड मेला

**नवदीप अजनवी**

प्रसिद्ध तीर्थस्थल गोसाइँकुण्डमा यसै सातादेखि जनैपूर्णिमाको दिनसम्म लाग्ने भव्य मेला प्रारम्भ भएको छ। धार्मिक एवं पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण रसुवाको गोसाइँकुण्ड मेला भर्न यो वर्ष पनि तीर्थयात्रीहरूको लस्कर सुरु भैसकेको छ। यस वर्ष साउन २१ गतेसम्म मेला लाग्ने आयोजकहरूले बताएका छन्। स्याफ्रु गाउँ विकास समिति वडा नम्बर ६ मा पर्ने गोसाइँकुण्ड समुद्री सहतबाट ४ हजार ३ सय १० मिटर उचाइमा छ। यो कुण्डको लम्बाइ ६ सय मिटर छ भने चौडाइ ३ सय ७० मिटर छ।

धार्मिक गन्तव्यस्थलका रूपमा विकसित हुँदै गएको गोसाइूकुण्डमा साउन शुक्ल पूर्णिमा (जनैपूर्णिमा) र जेठको दशहरामा दश दिनसम्म मेला लाग्छ। भगवान् शंकरको वासस्थानका रूपमा रहेको हिमालयको काखमा अवस्थित गोसाइँकुण्ड धार्मिक दृष्टिकोणले पवित्र मानिएकाले यहाँ हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको विशेष भीड लाग्छ। यो कुण्डमा स्नान गर्नाले पूण्य प्राप्त हुनुका साथै मनले चिताएको पूरा हुने जनविश्वासका कारण टाढाटाढाका तीर्थयात्रीहरूसमेत जीवनमा एकपटक भए पनि गोसाइँकुण्ड जाऊँ न त भन्दै यहाँसम्म आइपुग्छन्।

पौराणिक मान्यताअनुसार समुद्र मन्थनबाट उत्पन्न भएको कालकुट विषले संसार नष्ट गर्न लागेपछि भगवान् शिव उक्त विष पिई गोसाइँकुण्डमा सुतेर आफ्नो शारीरिक डाह शान्त पारेका थिए। संसारलाई भष्म हुनबाट जोगाएर यहाँ आई त्रिशूल प्रहार गर्दा त्रिशूलका तिनैवटा डोबबाट पानीको धारा निस्किएको र सोही पानीमा विषको पीडा बिर्सन भगवान् शिवले आराम गरेको धार्मिक विश्वास छ। यहाँका तीनवटा धारालाई त्रिशूलधारा पनि भनिन्छ।

धार्मिक एवं पौराणिक ग्रन्थहरूमा समेत गोसाइँकुण्डको महिमाको उल्लेख गरिएको पाइन्छ। रसुवामा भैरव कुण्ड, सरस्वती कुण्ड, सँर्यकुण्ड रक्तकुण्ड, पार्वती कुण्डलगायत १ सय ८ भन्दा बढी कुण्ड भए पनि गोसाइँकुण्ड तीर्थयात्रीहरूका लागि धार्मिक कारणले पनि विशेष महत्त्वपूर्ण रहेकाले हरेक वर्ष भक्तजनहरूको आगमन बढ्दै गएको स्थानीय पुरोहित धर्मागत पाण्डेले बताए।

धार्मिक महत्त्वका कारण मात्र होइन, पर्यटकीय महत्त्वका कारणले पनि गोसाइँकुण्डको यात्रा स्मरणीय हुनसक्छ। घट्टेखोला, देउराली, चोलाङपाटी, लौरीविनाको उकालो, चन्दनबारीस्थित सिंगम्पाको विशाल बुद्धको मूर्तिका दृश्यावलोकनले यात्रालाई बिर्सन नसक्ने बनाउँछन्। यहाँका मनोरम हिमाली दृश्यले जो-कोहीको मन फुरुङ्ग हुन्छ। 'झमझम साउने झरीमा जुकाको टोकाइ खाँदै हिमाली कुहिरोभित्र लुकामारी खेल्दै यात्रा गर्नुको बेग्लै आनन्द हुने पटक-पटक गोसाइँकुण्ड पुगिसकेका कालिकास्थानका बलराम घिमिरे बताउँछन्।

जनैपूर्णिमाको तीन दिनअघिदेखि भने कुण्डमा विशेष रौनक हुन्छ। तीर्थयात्रीहरूको पनि अरू दिनभन्दा बढी भीड लाग्छ भने धादिङ, सिन्धुपाल्चोक, नुवाकोट, काभ्रे, रसुवाका तामाङ तथा हेल्मोहरूको परम्परागत सांस्कृतिक प्रस्तुतिले मनोरञ्जन प्रदान गर्छ। धार्मिक स्थल भए पनि यहाँ तन्नेरीहरूको भीड उत्तिकै हुन्छ।

गोसाइँकुण्डको यात्रा भने त्यति सहज छैन। गोसाइँकुण्ड पुग्न धुन्चेसम्म यातायातको सुविधा छ भने त्यसपछि २ हजार मिटरदेखि ४ हजार ३ सय मिटरको उचाइको मार्गमा दुई दिनसम्म पैदल यात्रा गर्नुपर्छ। लेक लाग्नेलगायत विभिन्न समस्या आउने हुनाले मेला व्यवस्थापनमा रहेका स्वास्थ्यकर्मीहरूको सल्लाहलाई नबिराई अपनाउनुपर्छ। विभिन्न पूर्वतयारी राम्रोसँग मिलाएर यात्रा गरे मात्र कुण्डमा पुग्न सजिलो हुन्छ। यहाँ धुन्चे हुँदै र काठमाडौंको सुन्दरीजलबाट पनि पैदलयात्राबाट पुग्न सकिन्छ। प्राकृतिक मनोरम दृश्य एवं परम्परागत तामाङबस्तीको अवलोकन गर्दै जानका लागि केही दिन बढी लाग्ने भए पनि सुन्दरीजलको बाटो उपयुक्त हुन्छ, तर हिँड्न नसक्ने वृद्धवृद्धाहरूका लागि धुन्चेको बाटो सजिलो पर्ने स्थानीय बासिन्दा बुद्धिग्लाल्बो तामाङले बताए।



गोसाइँकुण्ड क्षेत्र विकास समितिले यसपटक २५ देखि ३० हजार तीर्थयात्रीले मेला भर्ने अनुमान गरेको छ। समितिका अध्यक्ष सञ्जीव डीएमका अनुसार चोलाङपाटी, लौरीबिना र गोसाइँकुण्डमा प्राथमिक उपचारका लागि स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। धुन्चेस्थित नेपाली सेना इन्द्रबक्स गण र जिल्ला स्वास्थ्य कार्यालयले चिकित्सक टोली खटाउने गोसाइँकुण्ड क्षेत्र विकास समितिले जनाएको छ। मेलालाई व्यवस्थित तुल्याउन एवं तीर्थयात्रीहरूलाई सहयोग गर्न आधा दर्जनभन्दा बढी संघ-संस्थाका दजनौं स्वयंसेवक खटिएका छन्। तीर्थयात्रीहरूसँग बढी भाडा असुल्ने, लज तथा खानाको निर्धारित दररेटभन्दा बढी लिने व्यवसायीहरूलाई कारबाही गरिने रसुवा जिल्ला प्रशासनले जनाएको छ।



## ● सम्पादकीय ●

# कमजोर सूचना प्रणालीको परिणाम

सामान्यत: नेपालमा असार महिनाको आधाआधीमा मनसुन भित्रिन्थ्यो, तर यो वर्ष मनसुन झन्डै एक महिना ढिलो सक्रिय भयो । मनसुनको सक्रियतामा देखिएको ढिलाइका कारण नेपालको कृषिप्रणाली नै प्रभावित हुने सम्भावना समेत देखियो । नेपालको कृषि आधारित ग्रामीण अर्थतन्त्र यसबाट अझ बढी प्रभावित हुने सम्भावनाका कारण कतिपय राजनैतिक तथा आर्थिक विश्लेषकहरूले नेपाललाई सुख्खा पीडित क्षेत्र घोषणा गर्नुपर्ने र सोहीअनुरूप किसानलाई प्रत्यक्ष राहत उपलब्ध गराउनुपर्ने मागसमेत गरे । यस्तो मागका पछाडि नेपालको मौसम विभागको पूर्वानुमान शाखाबाट प्राप्त सूचना बढी जिम्मेवार देखियो । नेपालमा असारको अन्तिम साता मनसुनले प्रवेश गर्ने पहिलो सूचना जारी गरेको मौसम पूर्वानुमान शाखाले साउनको दोस्रो साातातिर यो वर्ष नेपालमा मनसुनले प्रवेश गरे पनि सक्रिय हुन नसकेको र वर्षा हुन सक्ने सम्भावना कम हुँदै गएको सूचना जारी गर्‍यो । विडम्बना, मौसम पूर्वानुमान शाखाको यस्तो सूचना सार्वजनिक भएलगत्तै अस्वाभाविक रूपमा मनसुन सक्रिय भयो । मनसुनको यो सक्रियतापछि मौसम पूर्वानुमान शाखाले फेरि मनसुन सक्रिय भएको सूचना जारी गर्‍यो । उसको पछिल्लो सूचनाले अघिल्लो सूचनालाई गलत प्रमाणित गर्दै लग्यो ।

मौसम पूर्वानुमान शाखाको यस्तो सूचनाको प्रत्यक्ष प्रभाव नेपाली किसानहरूले बेहोर्नुपर्‍यो । आकाशे पानीको भरमा मुख्य बाली (धान) लगाउनुपर्ने बाध्यतामा रहेका नेपाली किसानहरूले मौसमसम्बन्धी सही सूचना पाउन नसक्दा धन र समय दुवै पक्षमा क्षति बेहोर्नुपर्‍यो । यस्तो किन भैरहेको छ ? सरकारले गम्भीरतापूर्वक चिन्तन गर्नुपर्ने समय आइसकेको छ । प्रविधिको युगमा पनि नेपालको मौसम पूर्वानुमान शाखा हावाको चापका आधारमा निर्भर रहनु दु:खलाग्दो कुरा हो । यस्तो अवस्थामा किसानहरू मौसमसम्बन्धी सही सूचनाबाट वञ्चित हुनु स्वाभाविक हो । कृषि आधारित अर्थतन्त्र भएका मुलुकहरूले कृषिक्षेत्रको विकासका लागि ठूलो लगानी गर्छन्, यस्तो लगानीको एउटा ठूलो हिस्सा मौसमसम्बन्धी ठोस सूचना संकलन गर्नसमेत गरिन्छ, तर हामीकहाँ मौसमसम्बन्धी सूचनालाई दोयम स्तरमा राखेर हेर्ने गरिएको छ । यस्तो अवस्था विद्यमान रहेसम्म नेपाली किसानहरू मौसमसम्बन्धी सूचनाको अभावमा रुमल्लिरहनेछन् ।

विश्व मौसम संगठनले पृथ्वीको मौसम चक्रमा व्यापक परिवर्तनहरू आइरहेको र मौसम चक्र सर्दै गएको बताउँदै आएको परिप्रेक्ष्यमा विगत केही वर्षदेखि मनसुन पनि सामान्यभन्दा केही ढिलो हुँदै आएको पछिल्ला वर्षहरूको तथ्यांकले देखाउँछ । यस्तो तथ्यांकलाई बेवास्ता गर्दै असारमै मनसुन आउनुपर्ने गरी भविष्यवाणी गर्नुपर्ने बाध्यतामा मौसम पूर्वानुमान शाखा नहुनुपर्ने हो । यसतर्फ सम्बन्धित निकायहरूले गम्भीर चिन्तन–मनन गरी सही सूचना प्रक्षेपणतर्फ आफ्ना साधन–स्रोतहरूलाई सक्रिय बनाउनुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न ।
*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

## कसरी पूरा होला ?

विश्वका १० करोड बालबालिकाले प्राथमिक शिक्षा नपाइरहेको, ९० करोड मानिस निरक्षर रहेको र विश्वका एकतिहाइ मानिस आधारभूत सिकाइ, सीप र ज्ञानबाट वञ्चित भएको परिप्रेक्ष्यमा सबैका लागि शिक्षा भन्ने विषयलाई लिएर सन् १९९०, मार्च ४ देखि ९ सम्म, थाइल्यान्ड एउटा विश्व सम्मेलन भएको थियो । उक्त सम्मेलनले सुविधाजनक समूहका साथसाथै असुविधाजनक समूहहरू जस्तै केटी, महिला, न्यून आर्थिक स्तर भएका बालबालिका, ग्रामीण एवं मानसिक रूपमा कमजोर आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्धेश्य लिएको थियो । नेपालले पनि सन् २००० सम्ममा सबै बालबालिकालाई प्राथमिक शिक्षा पूरा गर्ने, बालबालिका ७० प्रतिशत पुर्‍याउने, केटा र केटीको संख्या विद्यालयमा बराबर बनाउने तथा विशेष शिक्षा र अनौपचारिक शिक्षामा वृद्धि गर्ने उद्देश्य राखेको थियो, साथै यसका लागि केही महत्त्वपूर्ण कुरा लागूसमेत गरिएको थियो । जसमा एकदेखि तीन कक्षासम्मलाई आधार शिक्षा मान्ने, प्राथमिक तहमा नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने, छात्रवृत्तिको आकर्षक व्यवस्था, विशेष शिक्षामा आकर्षक कार्यक्रम, अनिवार्य र नि:शुल्क प्राथमिक शिक्षा एवं अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालन गर्दै देशको शैक्षिक विकास गर्ने कार्यहरू भएका थिए ।

यो कार्यक्रमको उद्देश्य र सुरुमा गरिएका कार्यहरू राम्रा भए पनि पछिल्ला दिनमा भने कार्यक्रमको प्रभावकारिता घट्दै गएको देखिन्छ । सरकारले प्राथमिक शिक्षाको संख्यात्मक एवं गुणात्मक विकासमा देखिएका समस्या एवं मुद्दाहरू जस्तो विद्यालयको असमान वितरण, उमेरमा विविधता, असक्षम विद्यालय व्यवस्था, स्तरीय शिक्षाको अभाव, पाठ्यक्रमको असक्षमता, निरीक्षण कार्यको प्रभावकारितामा कमी, अनुपयुक्त पाठ्यपुस्तक, आन्तरिक प्रभावकारितामा कमी, शिक्षणमा माध्यम भाषाको समस्या र सामाजिक लगानीको कमीजस्ता कुरामा ध्यान दिन नसक्दा घोषित लक्ष्यमा पुग्न नसकिएको हो । नेपालले सन् २०१५ सम्ममा सबैका लागि शिक्षा कार्यक्रम लागू गरिसक्ने लक्ष्य यही परिस्थितिमा कसरी पूरा गर्ला ?

**–विश्वमणि अधिकारी**

## ● चिठीपत्र ●



## अराजकताको अन्त्य कहिले ?

दुई वर्षभित्र देशबाट निरक्षरता उन्मूलन गर्ने घोषणा गरेर नयाँ गणतान्त्रिक नेपालको शिक्षाक्षेत्रमा केही हुन्छ कि भन्ने सन्देश नेकपा माओवादीको नेतृत्वको सरकारले दिएको थियो, तर माओवादीका केही वरिष्ठ तथा केन्द्रीय नेताहरूका पछिल्ला अभिव्यक्तिले उनीहरूमाथिको विश्वास डगमगाउन थालेको छ । नडगमगाओस् पनि कसरी ? कहिले माओवादी जनयुद्ध लडेकाले एम.ए.सरह मान्यता पाउनुपर्ने कुरा उठाइन्छ भने कहिले निजी विद्यालयमा लगानी नगर्न अघोषित धम्की दिइन्छ ।

आफ्ना कार्यकर्ताले उच्चशिक्षा हासिल गर्न नपाएकाले दस वर्ष जनयुद्ध लडेकालाई एम.ए. सरह मान्यता दिनुपर्ने तथा यी वर्षहरूमा पढेर योग्यता बनाएका र जनयुद्ध लडेका माओवादी कार्यकर्ताबीचको खाडल पुर्नुपर्छ भन्ने माओवादीका केही केन्द्रीय सदस्यको भनाइ सुन्दा माओवादीले नेपालको शिक्षा क्षेत्रलाई कता डोर्‍याउन खोजेको हो बुझ्न सकिएन । उहिले-उहिले गाउँघरतिर धनी र गरिबबीचको खाडल पुर्न नेकपा माओवादीले धनीजतिको सम्पत्ति गरिबलाई बाँड्छ रे भन्ने सुनिन्थ्यो । कतै शिक्षा क्षेत्रमा पनि त्यस्तै रणनीति हो कि ? तर प्रत्येक देशको विकासको प्रमुख पक्षका रूपमा रहेको शिक्षा क्षेत्रमा अराजकता सिर्जना हुने गरी आएका यस्ता कुरा कसैको हितमा छैन । कम्तीमा पनि भावी पुस्ताको हितमा त छँदै छैन, बरु यस्ता कुराले अराजकता र अन्यौल बढेर देश अस्थिरताको खाल्डोमा जाकिन बेर लाग्नेछैन ।

**–कविता पराजुली**

## ● तीतो सत्य ●

-जुन मानिसको मन अरूको दु:खमा पग्लँदैन त्यो मानिस नै होइन ।

-अरूको प्रगति देख्न नचाहने मानिस सफल हुन सक्दैन ।

-ज्ञानको कुनै सीमा हुँदैन ।

-वास्तवमै संसारमा पूर्ण मानिस पाउन गाह्रो छ ।

**नारायण कुँवर**

-बिनाजोखिमको काम, बिनातरबारको धारजस्तै हुन्छ ।

-आखिर मर्नु नै जन्मनुको उद्देश्य भए बाँच्नुको के अर्थ ?

-कोही कसैसँग सधैंभरि बसिरहन सकिंदैन भन्ने कुरा थाहा पाएर पनि मानिस मन थाम्न सक्दैन ।

**पर्वत श्री न्यौपाने**

-अरूको सफलतामा त्यसरी ईर्ष्या गर जसबाट तिमीले उसले भन्दा बढी सफलता हासिल गर्न सक्छौ ।

-जति राम्रो भए पनि मूर्ति कहिल्यै बोल्दैन ।

-जवानीमा सबैभन्दा जोगाउन गाह्रो हुने वस्तु इज्जत हो ।

-गरिब मानिसले सुखको भन्दा दु:खको कल्पना बढी गर्छ ।

**टीकाराम अर्याल**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*
***–सम्पादक***

## ● सहर चर्चा ●

# उत्कृष्टताको गन्तव्य



आगामी अक्टोबरमा चीनको संघाईमा हुने अन्तर्राष्ट्रिय मोबाइल सम्मेलनमा नेपालको प्रतिनिधित्व गर्दैछिन् भक्तपुर- चोछे घर भएकी रोजा किरण वासुकलाले । सम्मेलन आगामी अक्टोबर १२ देखि १४ सम्म हुन लागेको छ । बासुकला कोरियाली विश्वविद्यालयमा अनुसन्धानरत छिन् । सम्मेलनमा घरेलु नेटवर्कमा गुणस्तरीय सेवाको सुनिश्चिता विषयमा कार्यपत्र प्रस्तुत गर्ने सम्मेलन आयोजक डेलसन ग्रुपले जनाएको छ । डेलसनले सन २०२० सम्ममा चीनलाई ताररहित सञ्चार तथा मोबाइलको क्षेत्रमा विश्वको मुख्य केन्द्र बनाउने लक्ष्य राखेको छ । सम्मेलनमा ४जी मोबाइलका बारेमा व्यापक छलफल हुनेछ ।

सम्मेलनमा मोटोरोला, नोकिया, एलजी, सामसुङ आदिका कानुनविज्ञ, अनुसन्धानकर्ता, लगानीकर्ता, सरकारी कर्माचारी, प्राविधिक तथा प्राज्ञहरूले सहभागिता जनाउनेछन् । वासुकलाको कार्यपत्र विश्वका सयौं कार्यपत्रमध्ये उत्कृष्ट १ सय ५० औं स्थानभित्र आएर सम्मेलनमा सहभागी हुन पाएको हो । उनलाई कार्यपत्र प्रस्तुतिमा चोसुन विश्वविद्यालयका अन्य पाँच जना सहकर्मीले साथ दिनेछन् ।



## ● मोडल वाच ●

# वर्षाको रहर

वर्षा थकाली मोडलिङमा नयाँ छिन् । उनले केही म्युजिक भिडियोमा अभिनय गरेकी छिन् । केही टेलिचलचित्रमा पनि उनलाई देख्न सकिन्छ । अब उनको चाहना र्‍याम्प मोडलिङ तथा विज्ञापनमा छ । भर्खरै १८ वर्ष पुगेकी वर्षा मोडलिङका अतिरिक्त नृत्य गर्न र पौडी खेल्न सिपालु छिन् । वर्षा भन्छिन्– 'दुवैले शरीरलाई आकर्षक बनाउन सहयोग पुर्‍याउँछन् ।' उनको लक्ष्य समाजको सेवा गर्ने छ । टेन प्लस टुकी यी छात्रा फुर्सदमा टेलिभिजनमा नृत्य कार्यक्रमहरू हेर्न रुचाउँछिन् । आफूलाई खुला हृदयकी युवतीका रूपमा चित्रण गर्ने वर्षाको जीवनका सम्बन्धमा आफ्नै दृष्टिकोण छ । उनी भन्छिन्– 'दुई दिनको जिन्दगीमा सकेसम्म रमाइलो गर्नुपर्छ ।' सकारात्मक सोचका कारण जीवनमा कहिल्यै निराश हुनुनपरेको धारणा व्यक्त गर्ने वर्षाका आकर्षक तस्बिरहरू बुटवलसिटी डटकममा हेर्न सकिन्छ ।

## ● मुखाले ●

जनताको नजरमा राष्ट्रविरोधी, लोकतन्त्रविरोधी, विभिन्न आयोगबाट दोषी ठहरिएकाहरूले नै शान्ति-प्रक्रियालाई दुर्घटनामा पार्न खोजेका छन् ।

**पुष्पकमल दाहाल**

माओवादी शिविरमा रहेका सम्पूर्ण हतियार राज्यको नियन्त्रणमा आएपछि मात्र नयाँ संविधान जारी गर्नुपर्छ ।

**रामचन्द्र पौडेल**

जग्गा फिर्ता गर भन्नेहरूलाई प्रधानमन्त्रीको जग्गा कब्जा गरेर देखाइदिन्छौं । कठपुतली सरकारका मन्त्री कसरी गाउँ-गाउँबाट लखेटिन्छन्, हेर्दै जानुस् ।

**कुलप्रसाद केसी, 'सोनाम'**

प्रतिगामी दिशातर्फ मुलुकलाई लैजान ग्रान्ड डिजाइनअन्तर्गत नै हतियार खरिदको काम भैरहेको छ ।

**तोपबहादुर रायमाझी**

विश्वले नसमेटेको कुरा संविधानमा राख्छौं ।

**गगन थापा**

मधेस आन्दोलन आपराधीकरणतर्फ अघि बढ्यो ।

**विश्वनाथ साह**

नागरिक समाज माओवादी नै भैसके ।

**डा. शेखर कोइराला**

कर्मचारीतन्त्रमा पञ्चायत र गणतन्त्रअगाडिको सामन्ती, हजुरिया र घूसखोरी कार्यशैली कायमै छ ।

**रवीन्द्र श्रेष्ठ**

# पाँच वर्षभित्र २५ लाखलाई रोजगारी दिन सकिन्छ



डा. सीपी तिमल्सेना, आयुर्वेदिक चिकित्सक

**डा. सीपी तिमल्सेना धेरैजसो समय जंगल-जंगल चहारेर बोट-बिरुवा संकलन गर्छन्। काठमाडौं फर्किएपछि संकलित सामग्रीबाट विभिन्न किसिमका अनुसन्धान गर्छन्। १८ वर्षदेखि व्यावसायिक रुपमा नेपाली बोटबिरुवाको परीक्षण एवं रोगीको उपचार गर्दै आएका तिमिल्सिनाको निष्कर्ष छ, 'नेपाली बोटबिरुवाले निको नहुने कुनै रोग छैन।' उनी चुँडिएको हात, भाँचिएको गोडा नेपाली बोटविरुवाले तुरुन्तै ठीक पार्ने दावी गर्छन्। मेडिकल साइन्सले दुसाध्य मानेका धेरैजसो रोग आफूले नेपाली झारपात र जराबाट ठीक पारिसकेको बताउने डा. तिमिल्सिना यसलाई आममानिसको पहुँचमा पुऱ्याउन नेपालका विभिन्न सहरमा चारवटा सुविधासम्पन्न आयुर्वेदिक अस्पताल खोल्दैछन्। तीन वर्षपछि उपचार सुरु हुने उनका अस्पतालले मूलधारको चिकित्सा मानिने एलोप्याथिक चिकित्सालाई चुनौती दिने विश्वास उनका समर्थकहरुको छ।**

**एलोप्याथिक चिकित्सालाई आयुर्वेदिक चिकित्साले चुनौती दिन सक्छ ?**

सक्छ, केही वर्षभित्रै हामी यो अविश्वसनीय कार्यलाई पूरा गरेर देखाउनेछौं।

**एलोप्याथिक चिकित्सा विकसित देशले खर्बौं रुपैयाँ खर्च गरेर स्थापित गरेको विज्ञान हो, यसलाई चुनौती दिन्छु भन्नु हास्यास्पद होइन ?**

विज्ञानलाई अस्वीकार गरेको होइन। हाम्रो भनाइ यति मात्र हो कि नेपाली जडिबुटीमा ती सबै औषधीय गुण छन्, जुन एलोप्याथिक चिकित्साले उपलब्ध गराएको छ। अझ मेरो दाबी त के छ भने एलोप्याथिक चिकित्साले जुन रोग निको हुन गाऱ्हो छ भनेको छ, ती रोगको औषधीय गुण नेपाली जडिबुटीमा छ।

**कुनै उदाहरण दिन सक्नुहुन्छ ?**

दर्जनौं छन्, जस्तो मानिसको हात कुनै दुर्घटनामा चुँडियो वा काटियो भने आममानिसको धारणा के छ भने त्यो हात जोडिन सक्दैन। सहरका मानिस एलोप्याथिक चिकित्साले जोड्न सक्छ भन्छन्। हामी भने दाबीका साथ भन्छौं, त्यो हात हामीलाई दिनुहोस्, हामी जोडेर देखाउँछौं। खुट्टा ठुनुक्कै भाँचियो, आयुर्वेदिक औषधीले ठीक पार्छौं। गम्भीर दुर्व्यसन, मानसिक सन्तुलन बिग्रिएका आदि बिरामी पनि ठीक पार्छौं। त्यतिमात्र होइन, दुसाध्य मानिएका कतिपय रोगको हामीले उपचार गरिरहेका छौं। त्यसले राम्रो परिणाम देखाइरहेको छ। सुत्केरीलाई ज्वानो ख्वाएपछि राम्रोसँग दूध आउँछ, यस्तो विशिष्ट उपचार कहाँ छ एलोप्याथी चिकित्सामा ?

**आममानिसले आयुर्वेदबाट एलोप्याथिक चिकित्साझैं उपचार पाउन सम्भव छ ?**

छ, केही वर्षभित्र देशका विभिन्न सहरमा हामी चारवटा सुविधासम्पन्न आयुर्वेदिक अस्पताल खोल्दैछौं, त्यसपछि अन्य एलोप्याथिक चिकित्साझैं सर्वसाधारणले आयुर्वेदिक उपचार पाउनेछन्।

**सरकारले त यसलाई वैकल्पिक चिकित्सा मानेको छ नि ?**

मेरो सोच यसलाई वैकल्पिक होइन, मूलधारको चिकित्सा बनाउने हो। हामीसँग अथाह जडिबुटीको भण्डार छ, गाउँ-गाउँमा परम्परादेखि यस्तो उपचार गर्ने वैद्य छन्। सयौं वर्षदेखि हाम्रो गाउँ-घरमा यिनै जडिबुटीले रोगको उपचार हुँदै आएको छ। घाउ हुनेबित्तिकै, ज्वरो आउनेबित्तिकै, रुघा-खोकी लाग्नेबित्तिकै हामी विभिन्न पात, बुट्यानका जरा प्रयोग गर्छौं कि गर्दैनौं ? हिजो भित्रिएको एलोप्याथी कसरी मूलधारको चिकित्सा भयो ? मूल चिकित्सा त आयुर्वेद हो। नेपालका कति प्रतिशत जनताले मूल धारको भनिएको चिकित्सा सुविधा पाएका छन् ? एकपल्ट गम्भीर भएर सबैले मनन गर्नुपर्छ।

**यो त जंगली युगतिर फर्कने कुरा भएन र ?**

जंगलमै छ सबै कुरा, जंगल नफर्केर कता फर्कने ? विदेशबाट आएको जुन औषधी जनताले खाइरहेका छन्, त्यो हाम्रै जडिबुटीलाई त प्रशोधन गरिएको हो। यति हो, हामीसँग प्रयोगशालामा वर्षौं अनुसन्धान गर्न साधन र प्रयोगशालाको अभाव छ। हामीकहाँ खर्चको अभाव छ। सरकारमा बसेकाहरू, स्वास्थ्यक्षेत्रमा काम गर्नेहरू विदेशीको ज्ञानलाई अनुसरण गर्ने भएकाले उनीहरूको औषधी,

**बाँकी पृष्ठ १२ मा**

# मेडिकल प्राविधिकमा रोजगारी

थोरै समयमै अध्ययन पूरा गरेर सजिलै रोजगारी पाउन तथा स्वतन्त्र रूपले व्यवसाय सञ्चालन गर्न सकिने भएकाले व्यावसायिक शिक्षामा चाप बढेको हो। मेडिकल क्षेत्रमा पनि थुप्रै विषयमा प्राविधिक शिक्षा उपलब्ध छन्, जसको अध्ययनपश्चात् रोजगारी निश्चित छ। प्रविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) सानोठिमी, भक्तपुरले सञ्चालन गरिरहेको चिकित्साक्षेत्रको प्रवीणता प्रमाणपत्र तहका विभिन्न कार्यक्रमलाई सरकारले शैक्षिक आधार प्रदान गरेपछि यी विषय अध्ययन गर्न चाहने विद्यार्थीको संख्या अझ बढ्ने निश्चित छ।

व्यावसायिक शिक्षाअन्तर्गत शैक्षिक योग्यता कायम नहुने सीटीईभीटीको पाठ्यक्रमलाई त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तह बराबरको मान्यता दिइएको छ। शिक्षाविद्हरूका अनुसार पाठ्यक्रम एउटै भएकाले सीटीईभीटीको शिक्षाले बराबरीको मान्यता पाएको हो। त्यसैले अब मेडिकल प्राविधिक बन्न चाहने विद्यार्थीले चिकित्सा शास्त्र अध्ययन संस्थानले सञ्चालन गरेका सीमित कलेजको मात्र मुख ताक्नुपर्ने अवस्था रहेन। सीटीईभीटीअन्तर्गत ३० वटा कलेजमा नर्सिङको अध्ययन हुन्छ। त्यस्तै २१ वटा कलेजमा डिप्लोमा इन फार्मेसी, १५ वटा कलेजमा स्वास्थ्य सहायक (एच.ए.), २ वटा कलेजमा डेन्टल सहायक तथा एक कलेजमा ल्याब टेक्सिनिसियनको अध्यापन गराइन्छ। सीटीईभीटीबाहेक पनि चिकित्सा अध्ययन संस्थानअन्तर्गत केही सिटमा यी विषय अध्यापन गराइन्छ।

### डिप्लोमा इन फार्मेसी

नेपाल सरकार औषधी व्यवस्था विभागले औषधी बिक्री-वितरण गर्नका लागि न्यूनतम योग्यता डिप्लोमा इन फार्मेसी गर्नुपर्ने प्रावधान राखेका कारण हाल डिप्लोमा इन फार्मेसीको अध्ययनमा धेरैको रुचि छ। नोबल एकेडेमी हेल्थ साइन्सअन्तर्गत फार्मेसी इन डिप्लोमाका कोअर्डिनेटर अर्जुन सुवेदी भन्छन्- 'तीन वर्षको फार्मेसी अध्ययनले विद्यार्थीलाई स्वतन्त्र रूपले व्यवसाय संचालन गर्न मद्दत गर्छ। रोजगारीको अवसर पनि त्यत्तिकै उपलब्ध हुने हुँदा यो पाठ्यक्रम प्रभावकारी देखिएको छ।' डिप्लोमा इन फार्मेसी अध्ययन गरेका विद्यार्थीले स्नातक तहमा पनि सोही



विषयमा अध्ययन गर्ने अवसर पाउँछन्। औषधी बिक्री-वितरणमा १६ देखि ३० प्रतिशत सम्मको मुनाफा हुने भएकाले पनि प्रायः विद्यार्थीले यो विषयको अध्ययनपश्चात आफैं व्यापार गर्न सक्ने फार्मेसी कक्षा सञ्चालन गरिरहेको पिनाकल टेक्निकल कलेजका प्रिन्सिपल ऋषि तिवारी बताउँछन्। तिवारीका अनुसार व्यावसायिक शिक्षामध्ये पनि फार्मेसीमा पर्याप्त अवसर छ। नोबल कलेजमा डिप्लोमा इन फार्मेसी अध्ययनरत लक्ष्मण पाण्डे भन्छन्– 'औषधी वितरणका लागि मात्र यो विषय अध्ययन गर्ने भन्ने होइन।' पाण्डेका अनुसार फार्मेसी अध्ययन गरेर त्यसैमा विशिष्ट शिक्षा हासिल गर्ने अवसर त्यतिकै छ।

सीटीईभीटीअन्तर्गतका ३५ वटा शिक्षालयले ४० सिटका दरले बर्सेनि १ हजार ४ सय १२ विद्यार्थीलाई डिप्लोमा इन फार्मेसीको सर्टिफिकेट दिन्छन्। काठमाडौं उपत्यकाभित्र २१ कलेजमध्ये १० वटा कलेजमा डिप्लोमा इन फार्मेसी अध्यापन हुन्छ। नेपाल स्कुल अफ हेल्थ साइन्स लैनचौर, कान्तिपुर कलेज अफ मेडिकल साइन्स सीतापाइला, पिनाकल टेक्निकल कलेज लगनखेल, अलनेपाल इन्टिस्च्युट अफ मेडिकल साइन्स जोरपाटी, नेपाल इन्टिस्च्युट फर हेल्थ साइन्स, बौद्ध, नेसनल एकेडेमी फर हेल्थ साइन्स बल्खु, नेसनल भिजन कलेज बानेश्वर, श्रद्धा नर्सिङ क्याम्पस ठिमी, नेसनल इन्टिस्च्युट अफ मेडिकल साइन्स एन्ड टेक्नोलोजी थपाथली तथा नोबल एकेडेमी सिनामंगल काठमाडौं उपत्यकाभित्रका डिप्लोमा इन फार्मेसी अध्यापन गराइने कलेज हुन्। उपत्यकाबाहिर महेन्द्रनगर (कञ्चनपुर) विराटनगर बुटवल, पोखरा, चितवन, राजविराज, धरानमा यसको अध्यापन गराइन्छ।

### स्वास्थ्य सहायक (एच.ए)

स्वास्थ्य सहायक अर्थात एच.ए. निकै पुरानो पाठ्यक्रम हो। यसको अध्यापन त्रिभुवन विश्वविद्यालयबाट सुरु भए पनि हाल यो पाठ्यक्रम सीटीईभीटीअन्तर्गतका कलेजमा सीमित छ। चिकित्सकको संख्या कम हुनु र भएका चिकित्सकहरू पनि सहरी क्षेत्रमै सीमित हुनाले यसमा रोजगारीको सम्भावना राम्रो रहेको मानिन्छ। खासगरी ग्रामीण क्षेत्रका 'डाक्टर' का रूपमा चिनिने एच.ए.हरू सामान्य बिरामीको राम्रो उपचार, सामान्य चिरफार तथा प्रसूति सेवा दिन सक्ने हुन्छन्। प्राथमिक स्वास्थ्य केन्द्र, परिवार नियोजन, खोप कार्यक्रममा एच.ए. उत्तीर्णले रोजगारी पाउँछन्। यसबाहेक एमबीबीएसको अध्ययन गर्ने अवसर पनि पाइने भएकाले एच.ए.को अध्ययन राम्रो मानिन्छ। एच.ए. गरेकाहरूले पब्लिक हेल्थमा स्नातक उत्तीर्ण गरे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा रोजगारी पाउँछन्।

एच.ए. अध्ययनका लागि दर्ता भएका १५ वटा क्याम्पसमध्ये चारवटा क्याम्पस नेसनल एकेडेमी फर हेल्थ साइन्स बल्खु, नेपाल इन्स्टिच्युट अफ हेल्थ साइन्स बौद्ध, होली भिजन क्याम्पस बानेश्वर तथा नेपाल इन्स्टिच्युट अफ मेडिकल साइन्स एन्ड टेक्नोलोजी थापाथली, काठमाडौंमा छन्। हेल्थ असिस्टेन्ट अध्ययनका लागि स्कुल अफ हेल्थ साइन्स भरतपुर, चितवनमा ६२ वटा सिट छन् भने बाँकी अन्य सबै कलेजमा ४०-४० वटा सिट छुट्याइएको छ। एच.ए. अध्ययनका लागि काठमाडौंबाहेक विराटनगर, धनगढी (कैलाली), महेन्द्रनगर (कञ्चनपुर) राजविराज, वीरगन्ज, बुटवल, पोखरा, नेपालगन्ज, जनकपुर, उर्लाबारी (मोरङ) मा कलेज छन्।

### डेन्टल साइन्स

काठमाडौं र काठमाडौंबाहिर गरेर पाँचवटा शिक्षालयले डेन्टल साइन्स अध्यापन गराउँछन्। राजधानीमा काठमाडौं मोडल अस्पताल, कान्तिपुर डेन्टल कलेज तथा समाज स्कुल अफ डेन्टिस्ट्रीमा प्रवीणता प्रमाणपत्र तहको डिप्लोमा इन डेन्टल साइन्स अध्यापन गराइन्छ। एकातर्फ दाँतका बिरामीको संख्या बढ्दो छ भने अर्कातर्फ कस्मेटिक उद्देश्यले दाँतको सौन्दर्य बढाउने फेसन चलेकाले डेन्टल साइन्सको अध्ययन लाभदायक देखिन्छ। हाम्रो मुलुकको सन्दर्भमा दाँतको उपचारका लागि मध्यम स्तरको जनशक्तिको कमी भएकाले रोजगारका दृष्टिले यो विषयको अध्ययन उत्तम देखिन्छ। समयसमयमा दाँतको उपचार गर्नुपर्छ भन्ने जनचेतना ग्रामीण स्तरसम्म फैलँदै गएको पाइन्छ। सरकारी निकायमा दरबन्दी नभएकाले संस्थागत क्षेत्रमा मात्र रोजगारी सीमित रहेको भन्दै सरकारी दरबन्दीको माग गरेर यो विषयका उत्पादनहरू आन्दोलनरत छन्। वार्षिक २ सय जनशक्ति उत्पादन हुने यो विषयका विद्यार्थीले ब्याचलर अफ डेन्टल साइन्स अध्ययन गर्न पाउनुपर्छ भन्ने माग राख्दै आएका छन्।

### ल्याब टेक्निसियन

प्रयोगशाला अर्थात् ल्याबविना स्वास्थ विज्ञान नै अपूरो हुन्छ। त्यसैले प्रमाणपत्र तहको 'ल्याब टेक्निसयन'को महत्त्व बढ्दो छ। अस्पतालको संख्या बढ्दै गएकाले ल्याब टेक्निसियनहरूले अध्ययनपश्चात् तुरुन्तै रोजगारी पाउन सक्छन्। सीटीईभीटीअन्तर्गत ३८ स्थानमा अध्यापन हुने यो विषयबाट बर्सेनि १ हजार १ सय ४० जनशक्ति उत्पादन हुने गरेका छन्।

सीटीईभीटीअन्तर्गतका सबै शैक्षिक कार्यक्रममा भर्ना पाउने आधार एउटै छ। नर्सिङ (स्टाफ नर्स), डिप्लोमा इन फार्मेसी, एच.ए, डेन्टल सहायक तथा ल्याब टेक्निसियन कुनै पनि कार्यक्रममा भर्ना हुन विद्यार्थीले एसएलसीमा कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्छ। इच्छुक उम्मेदवारले सम्बन्धित क्याम्पसबाट आवेदन दर्ता गराइसकेपछि तोकिएको मितिमा प्रवेश परीक्षामा दिनुपर्छ। प्रवेश परीक्षामा अंग्रेजी, अनिवार्य गणित र विज्ञान गरी तीन विषयमा ५०-५० अंक गरी १ सय ५० अंकको वस्तुगत प्रश्न सोधिएको हुन्छ। ४० प्रतिशत अंक ल्याए परीक्षार्थी उत्तीर्ण भए पनि भर्ना पाउनका लागि उत्कृष्टताको सूची हेरिने भएकाले जति बढी अंक ल्यायो भर्ना पाइने सम्भावना उति नै बढी हुन्छ। एउटा कार्यक्रमका लागि आवेदन दिएका उम्मेदवारले अर्को कार्यक्रमको खाली सिटमा भर्ना पाउन सक्छन्।

## रेडियोग्राफीको अध्ययन

रेडियोग्राफी पनि चिकित्साशास्त्रको अभिन्न अङ्ग हो। एक्सरे, भिडियो एकसरे, सिटीस्क्यान र एमआरआई, रेडियोग्राफीका मुख्य उपलब्धि हुन्। नेपालमा डिप्लोमा इन रेडियोग्राफीको अध्ययन चिकित्सा अध्ययन संस्थान महाराजगन्जमा मात्र सीमित छ। यो विषय अध्ययनका लागि पनि विज्ञान विषय लिएर प्रवीणता प्रमाणपत्र तहमा कम्तीमा ५० प्रतिशत अंक ल्याएर उत्तीर्ण गरेको हुनुपर्छ। प्रवेश परीक्षामा सहभागी भएर उत्कृष्ट १८ जनामा पर्न सक्ने विद्यार्थीले मात्र यो विषय अध्ययन गर्न पाउँछन्। बीएस्सी (रेडियोग्राफी) को अध्ययनका लागि चिकित्सा अध्ययन संस्थान महाराजगन्जमा चार र बीपी केआई एचएस धरानमा छ गरी जम्मा नेपालमा १० वटा कोटा छ। बीएस्सी (रेडियोग्राफी) चारवर्षे कोर्स हो भने डिप्लोमा इन रेडियोग्राफी प्रमाणपत्र तहको १८ महिने कोर्स हो। दुवै तहको आवेदनका लागि चाहिने न्यूनतम योग्यता एउटै भएकाले विद्यार्थीले पहिलो प्राथमिकता बीएस्सी (रेडियोग्राफी) लाई दिएको पाइन्छ।

समान्य एक्सरे, विशेष किसिमका एक्सरेहरू सिटी स्क्यान तथा एमआरआई गर्न रेडियोग्राफर नभै हुँदैन। यो विषयको अध्ययन रोजगारीका दृष्टिकोणले लाभप्रद मानिन्छ। नेपालका रेडियोग्राफरले भिडियो एक्सरे अर्थात् अल्ट्रासोनोग्राफी गर्न पाउँदैनन्, तर भिडियो एक्सरेको विशेष तालिम प्राप्त गरेका रेडियोग्राफरले भारत तथा अन्य मुलुकमा सो काम गर्न पाउँछन्। नेपालमा रेडियोलोजिस्ट चिकित्सकले यो काम गर्दै आएका छन्।

त्यस्तै प्रवीणता प्रमाणपत्र तह बराबरको मान्यता दिइने डिप्लोमा इन रेडियोग्राफीको अध्ययनका लागि एसएलसी उत्तीर्ण गरेका विद्यार्थीलाई अवसर दिनुपर्ने विज्ञहरूको तर्क छ।


सब ओभरसियर

CTEVT अन्तर्गत सिभिल
इलेक्ट्रिकल सब ओभरसियर
पदका लागि आवेदन
खुल्ला गरिएको छ।

रोजगारीको पूर्ण अवसर

नेपाल पोलिटेक्निकल इन्स्टिच्युट

फोन

कुकिङ्ग तालिम

श्रावण १९ गतेबाट नयाँ तालिम शुरु

| | |
|---|---|
| बेकरी | बिहान ६:०० बजे |
| आइसक्रिम | बिहान ७:०० बजे |
| कन्टिनेन्टल कुकिङ्ग | बिहान ८:०० बजे |
| इटालियन कुकिङ्ग | बिहान ९:०० बजे |
| इण्डियन कुकिङ्ग | बिहान ११:०० बजे |
| बेकरी | दिउँसो १२:०० बजे |
| चाइनिज कुकिङ्ग | दिउँसो १:०० बजे |
| अचारहरू | दिउँसो २:०० बजे |
| इण्डियन कुकिङ्ग | साँझ ४:०० बजे |
| चाइनिज कुकिङ्ग | साँझ ५:०० बजे |
| कन्टिनेन्टल कुकिङ्ग | साँझ ६:०० बजे |

५५३६०५७, ५५२३०८२
९८४१ २०८७४९

सुर्वण अवसर। सुर्वण अवसर॥ सुर्वण अवसर॥।

AU -PAIR
IN
जर्मनी
काम + शिक्षा

Requirements:
• S.L.C. वा सो भन्दा माथी • उमेर १८-२४ वर्ष सम्म • महिलालाई विशेष प्राथमिकता
• Processing Time ३ महिना • जर्मन बसेर आएको Au-pair विशेषज्ञबाट परामंश
हामी तपाईहरुसंग नेपाल देखि जर्मनसम्म साथ रहने छौं।

NIE 5520310

# मनोवैज्ञानिक परामर्श
# किन आवश्यक छ ?

• विदुर खतिवडा

एसएलसीपछि शैक्षिक परामर्श लिने क्रममा विवेक शाह नेसनल इन्स्टिच्युट अफ साइकोलोजी पुगे। प्रथम श्रेणीमा उत्तीर्ण भएका शाह उच्च शिक्षा हासिल गर्ने क्रममा द्विविधामा थिए। त्यसैले मनोवैज्ञानिक परामर्श लिन उनले लिखित टेस्ट दिए। टेस्ट परिणामका आधारमा मनोवैज्ञानिक परामर्शदाता गंगा पाठकले उनलाई व्यवस्थापन संकाय लिएर भविष्यमा चार्टर एकाउन्टेन्ट बन्ने सल्लाह दिइन्। यस्तो परामर्श दिएको भोलिपल्टै विवेकका काका त्यहाँ पुगेर परामर्शदाता पाठकलाई भतिजोलाई भड्काएको भनेर गाली गर्दै इन्जिनियरिङ पढाउने बताएर हिंडे। पाठकले त्यसबेला आपत्ति जनाइनन्। परामर्श लिन आउने विवेकले व्यवस्थापन संकायमा अध्ययन गर्ने रुचि भैरहेको बताए पनि परिवारको दबाबमा साइन्समा भर्ना हुनुपऱ्यो। त्यसको परिणाम उनले ५ वर्षसम्म प्लस टु उत्तीर्ण गर्न सकेनन्, यसपटकको परीक्षामा बल्ल उनी उत्तीर्ण भएका छन्। पटक-पटक गरेर बल्ल उत्तीर्ण भएका विवेक यतिखेर आफ्नो भविष्य अन्धकार देख्छन्।

एसएलसीको बोर्ड परीक्षामा मुलुकभरका परीक्षार्थीमध्ये तेस्रो हुन सफल एक छात्राले कलेज अध्ययनमा अभ्यस्त हुन नसक्दा बोर्ड परीक्षामा ४५ प्रतिशत मात्र ल्याइन्। त्यसपछि म अब सफल हुन सक्दिनँ भन्ने भावना बढ्दै जाँदा उनी निरन्तर असफल भैरहिन्। दुर्भाग्य असफल हुनुको पीडाकै कारण उनले आत्महत्याको बाटो रोजिन्।

छोरीले डाक्टर बन्नुपर्छ भनेर परिवारले अनावश्यक दबाब दिइरहँदा छोरी मानसिक रूपमै डिप्रेसनको सिकार बनेको घटना पनि छ। काठमाडौंकी रिमा कार्की राम्रो विद्यार्थीमा गनिन्थिन्, त्यसकारण परिवारले पनि उनीबाट ठूलो अपेक्षा राखेको थियो। अमेरिकामा दुःख गरेर कमाइरहेका पिता र काठमाडौंमा बस्ने आमाले रिमालाई हामीले दुःख गरेको तँलाई डाक्टर बनाउन हो भनेर लगातार सुनाइरहन्थे, तर छोरीलाई भने डाक्टर बन्ने फिटिक्कै रुचि थिएन्। यसबीचमा आमाले केटाहरूसँग लागेकी छ, त्यही भएर बिग्रिएर यो केटी डाक्टर नबन्ने भै भन्थिन्। कोसँग प्रेम छ ? तँ पागल भइछस् ...जस्ता विभिन्न वचन उनलाई आफू साँच्चै पागल भैसकेको फिल गर्न थालिन्। पैसा कमाइदिएको डाक्टर बन्नलाई भन्ने भनाइले उनलाई निरन्तर पोलिरहन्थ्यो, त्यसपछि उनी एकान्तमा रमाउन थालिन्। छोरीको अवस्था बिग्रँदै गएपछि परिवारले उनलाई नेसनल इन्स्टिच्युट अफ साइकोलोजीमा पुऱ्यायो। अन्ततः त्यहाँ रिमा र उनको परिवारले उचित परामर्श पाएपछि यतिखेर उनी साइकोलोजीमा स्नातक अध्ययनरत छिन्।

माथिका यी तीन उदाहरणले उच्च शिक्षाका क्रममा सही व्यवस्थापन तथा परामर्श नहुँदा विद्यार्थीको अवस्था कस्तो हुन्छ भन्ने देखाउँछ। प्रतिनिधिमूलक यी उदाहरणका अतिरिक्त हजारौं विद्यार्थी उचित परामर्शकै अभावमा अन्यौलपूर्ण भविष्यको जिन्दगी बाँच्न अभिशप्त छन्। पहिलो उदाहरणका विवेकले मनोवैज्ञानिक परामर्शदाताबाट पाएको सल्लाहका कारण पनि उनले प्लस टु साइन्समा सोचेजस्तो सफलता हासिल गर्न सकेनन्। परामर्शदाता गंगा पाठक भन्छिन्- 'विवेक सल्लाह माग्न आए तर त्यो सल्लाहले उनमा थप तनाव सृजना गऱ्यो। पढ्नुपर्ने व्यवस्थापन तर पढें विज्ञान भन्ने तनावले पनि उनी सोचेजस्तो सफल नभएको हुनसक्छ।'

यस वर्षको प्रवेशिका परीक्षाबाट २ लाख ५६ हजार ८ सय विद्यार्थी उच्चशिक्षाको पहिलो खुड्किलो चढ्दैछन्। ती खुड्किला चढ्नु पक्कै पनि विद्यार्थी तथा उनीहरूको अभिभावकका लागि सहज हुनेछैन। त्यसैले जीवनलाई सरल ढंगबाट गन्तव्यसम्म पुऱ्याउन सही बाटो रोज्ने समय अहिले नै हो।

'एसएलसीको परिणामपछि अभिभावकहरू धेरै बाठा हुन्छन्,' नेसनल इन्स्टिच्युट अफ साइकोलोजीकी प्रमुख मनोवैज्ञानिक डा. गंगा पाठक भन्छिन्- 'माथिका उदाहरणका हकमा अभिभावक हावी हुनुले विद्यार्थी जीवन अन्धकार बनेको स्पष्ट देखाउँछ।' पाठकका अनुसार अध्ययन प्रतिवेदनले बढी प्रतिशत ल्याउनेबित्तिकै विद्यार्थीले विज्ञान संकाय रोज्नुपर्छ भन्ने अधिकांश अभिभावकको धारणा पाइन्छ।

प्रवेशिका परीक्षामा उत्कृष्ट अंक हासिल गरिसकेपछि कुन विषय बढ्ने अथवा पढाउने ? भन्ने प्रश्न गर्ने हो भने आफ्नो इच्छाअनुसार पढ्छु भन्ने विद्यार्थीको संख्या थोरै मात्र पाइन्छ भने अधिकांश अभिभावक अब मेरो छोरा वा छोरीले यो विषय पढ्छ भनेर पहिल्यै भविष्यवाणी गर्न थालिहाल्छन्। विद्यार्थीहरूले कुन विषयमा उच्चशिक्षा हासिल गर्ने भनेर तुरुन्त निर्णय लिन सक्दैनन्। यस्तो अवस्थामा अधिकांश विद्यार्थीले प्रवेशिकामा हासिल गरेको श्रेणी तथा अंकका आधारमा विषय रोज्नुपर्छ भन्ने अभिभावकको तर्कसँग सहमत हुन पुग्छन्, जुन सहमति उनीहरूको करियरनिम्ति खतरनाक बन्न सक्छ।

मनोवैज्ञानिक परामर्शदाता गंगा पाठकका अनुसार एलएलसीपछिको विषय छनौट नै करियर काउन्सिलिङको प्रमुख जग हो। यसबेला विद्यार्थीको रुचि क्षमता र योग्यताको वैज्ञानिक परीक्षण हुनुपर्छ। विधार्थीको स्वभाव र व्यक्तित्वलाई वैज्ञानिक परिक्षणबाट प्राप्त तथ्यहरूसँग विश्लेषण गरेर मात्र काउन्सिलिङ्ग दिनुपर्छ। सत्यतथ्य सूचना दिन दक्ष काउन्सिलरको सहयोग लिनुपर्छ। पाठक भन्छिन्- 'शिक्षण संस्थाहरूले त आ□नो प्रचार-प्रसारको बलियो ढालका रूपमा मनोवैज्ञानिक परामर्शलाई अपनाउने गरेको पाइन्छ। विद्यार्थी भर्नाको समयमा काठमाडौंका अधिकतम शैक्षिक संस्थाहरूमा 'मनोवैज्ञानिक परामर्श उपलब्ध छ' भन्ने विज्ञापनहरू देखिन्छन्। यसले के पुष्टि गर्छ भने शिक्षण संस्थामा मनोवैज्ञानिक परामर्शको खाँचो छ र यो सेवाको प्रयोग अनिवार्य छ।

पाठकका अनुसार नेपालका स्कुल कलेजमा त्यस्तो व्यक्तिले काउन्सिलरको पदधारण गरेको पाइन्छ जो उत्कृष्ट वक्ता हुन्छ। आ□नो कुराले अरूलाई आकर्षण गर्न र तर्क दिन सक्ने व्यक्तिलाई काउन्सिलर भन्नुले मनोवैज्ञानिक परामर्शकै खिल्ली उडाएको छ। यस्ता काउन्सिलरहरू विद्यार्थीका गलत बानी र आचरण सुधार्न सुझाव एवं अर्ती उपदेश दिन्छन्। आ□ना अर्ती उपदेशले काम नगर्दा तर्साउने, धम्काउने र दण्ड दिने अथवा कलेजबाटै निष्कासन गरिदिने पद्धति अपनाउँछन्। उनीहरूलाई गलत व्यवहार सिर्जना गराउने कारणको खोजी, विश्लेषण र व्यवहार परिवर्तन गर्ने मनोवैज्ञानिक उपायहरूको प्रयोग गर्ने ज्ञान र सीपका सम्बन्धमा उनीहरूलाई जानकारी हुँदैन, किनभने ती काउन्सिलरले मनोविज्ञान र काउन्सिलिङ सीपसम्बन्धी कुनै डिग्री लिएका हुँदैनन् र यथेष्ट अध्ययन पनि गरेका हुँदैनन्। यस्तो कार्यलाई हौसला दिने एवं मनोबल बढाउने काम अभिभावकबाटै भैरहेको छ, किनभने आ□ना केटाकेटीलाई कस्तो प्रकारको मनोवैज्ञानिक परामर्श, कुन विशेषज्ञबाट दिइँदैछ भन्ने विषयमा अभिभावकले चासो राख्ने गरेको पाइँदैन।

अभिभावकको करकापमा उच्चशिक्षा पूरा गरिसकेपछि कतिपय विद्यार्थीले त आफूले अध्ययन गरेको विषयभन्दा अन्य विषय पढेको भए मैले अझ राम्रो गर्न सक्थें भनेर असन्तुष्टि व्यक्त गरेको पाइन्छ। यसबाट हाम्रो शैक्षिक परिवेशमा आफ्नो रुचि तथा बौद्धिक क्षमताअनुसार विषय छनौट गर्नुपर्छ भन्ने मानसिकताको विकास भैनसकेको देखिन्छ। त्यसैले विद्यार्थी तथा अभिभावकलाई भविष्यमा सफल हुन सक्ने विषय छनौट गर्न मद्दत पुऱ्याउने मनोवैज्ञानिक शैक्षिक परामर्श आवश्यक भैसकको छ। विकसित पश्चिमी मुलुकमा स्कुले अध्ययनदेखि नै यस्ता विज्ञहरू सम्पर्कमा रहन्छन्, तर नेपालमा भने उच्च शिक्षाका क्रममा पनि यस्ता विज्ञको आवश्यकता महसुस गरिएको छैन। मनोविज्ञानमा उच्च शिक्षा हासिल गरेका थुप्रै बेरोजगार रहनुले यसलाई पुष्टि गर्छ। उच्चशिक्षा अध्ययनरत विद्यार्थीहरू आफ्नो अध्ययनप्रति कत्तिको सन्तुष्ट छन् भन्ने विषयमा नेसनल इन्स्टिच्युट अफ साइकोलोजीले एउटा अध्ययन गरेको थियो। विभिन्न शैक्षिक प्रतिष्ठानमा गरिएको अध्ययनअनुसार प्रवेशिका परीक्षामा प्रथम श्रेणी हासिल गरेका ८० प्रतिशतभन्दा बढी विद्यार्थी आफ्नो विषयप्रति सन्तुष्ट नरहेको देखियो। त्यसैले प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि जुनसुकै विषय पढे पनि हुन्छ भन्ने अव्यावहारिक मान्यता विद्यार्थी तथा अभिभावकले हटाउनु आवश्यक छ।

परामर्शदाता डा. पाठकका अनुसार विद्यार्थीले आफ्नो रुचि तथा क्षमताअनुरूपको विषय छनौट गर्न नसक्दा उसमा आफ्नो अध्ययनप्रति अन्यौल सिर्जना हुन्छ। यही कारणले विद्यार्थीको मानसिक क्षमतामा विचलन आउन सक्छ। यद्यपि यो तथ्यप्रति स्वयं विद्यार्थी तथा अभिभावकहरू सचेत भएको देखिँदैन। उच्च अंक हासिल गरी प्रवेशिका परीक्षा उत्तीर्ण विद्यार्थीहरूले धेरै महत्त्वकांक्षी बनाउने उद्देश्यअनुरूप अभिभावकको लहडमा लागेर विषय छनौट गर्ने तथा दबाबमा आएर मेरो यो विषयमा दख्खल छ अथवा म यो विषय जसरी पनि पढ्न सक्छु भन्ने गरेको पाइन्छ। यस्तो बेला विद्यार्थीहरू आफ्नो साथीको भनाइको पछि लाग्नाले बिग्रने गरेका छन्। विद्यार्थीले सुरुमा जुन विषयप्रति रुचि देखाएको छ त्यो वास्तविक रुचि हो कि होइन बुझ्नु आवश्यक छ।

नेपाली शैक्षिक परिवेशमा सामान्य प्रचलन के छ भने प्रारम्भिक ज्ञानका आधारमा विद्यार्थीलाई विषय छनौट गर्न लगाइन्छ तर यस किसिमको मूल्यांकनलाई पूर्णतः वैज्ञानिक मान्न सकिँदैन। मनोवैज्ञानिक परामर्शका लागि आईक्यू परीक्षणका अत्तिरिक्त सूची परीक्षण विधि पनि अपनाउनुपर्ने हुन्छ। परामर्शदाताहरूका अनुसार १६ देखि १९ वर्षका विद्यार्थीका लागि यो परीक्षणले व्यक्तिको विषयवस्तुप्रतिको रुचि एवं उसको क्षमताको हद पत्ता लगाउन सहयोग गर्छ।





होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

Learn to Speak
English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS
Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

कुक, केयर गिभर र होटल तालिम
कुक, केयर गिभर, हिब्रु भषा, बेकरी, वेटर, रुममेड, सेल्स ब्वाई/गर्ल्स
अमेरिका, जापान, अष्ट्रेलिया जानेहरुको लागि विशेष तालिमको व्यवस्था
५ तारे होटलमा ट्रेनिङको व्यवस्था
SLC दिएका विद्यार्थीहरुलाई विशेष छुट
KIHM
कपण्डोल, थापाथली पुलनजिक, ललितपुर
Tel: 5523648, 2111340, 2111404

# शिक्षा र रोजगारीका लागि विदेशतर्फ

शिव शर्मा

पोखरा- एउटा एजुकेसनल कन्सल्टेन्सीमा वैदेशिक अध्ययनको परामर्श लिने क्रममा २१ वर्षीय दीपेन्द्र सुनार भेटिए। उनी निकै हर्षित मुद्रामा देखिन्थे। किन यस्तो ? दीपेन्द्रले भने– 'भिसा आयो, अध्ययनका लागि अस्ट्रेलिया जाने ढोका उघारियो।' वर्तमान नेपालको दूरवस्था तथा बेरोजगारी समस्याले कामसँगै अध्ययनलाई निरन्तरता दिन उनी विदेश जान लागेका हुन्। उनीजस्तै धेरै युवा थप अध्ययनका लागि विदेश जान लालायित हुने गरेका छन्। अध्ययनसँगै कमाइ र भविष्य पनि राम्रो हुने भएकाले वैदेशिक शिक्षातर्फ युवायुवतीहरू तानिएका हुन्। प्लस टु सकेपछि टिनएजरहरूको नजर विदेश पढ्न जानतर्फ मोडिन्छ।

युवापुस्ताको यही चाहना बुझेर नै पोखरामा बग्रेल्ती एजुकेसनल कन्सलटेन्सी खुलेका छन्। यहाँका तीन दर्जनभन्दा बढी कन्सलटेन्सीले विद्यार्थीहरू विदेश पठाउँछन्। यही भएर त्यहाँ आईएल्स, टोफल अध्ययन गर्ने विद्यार्थीहरूको भीड लाग्छ। पछिल्लो क्रममा आईएल्सतर्फ आकर्षण बढेको स्थानीय कन्सल्टेन्सी सञ्चालकहरू बताउँछन्। यो कोर्स गरेर विदेश जान प्लस टु भने अनिवार्य रूपमा पूरा गर्नुपर्छ। आईएल्स पढेपछि विद्यार्थीहरूले बेलायत र अमेरिका जाने मान्यता हासिल गर्छन् भने टोफल पढ्नेहरूले अमेरिकाका लागि मात्र मान्यता पाउँछन्।

वैदेशिक अध्ययनका लागि अस्ट्रेलिया जान चाहनेहरूको संख्या बढी छ, तर पछिल्ला केही महिनायता बैंकले विभिन्न प्रक्रियाका लागि कडाइ गरेपछि धेरै विद्यार्थी सबै प्रक्रिया पूरा गरेर पनि बैंक लोनले गर्दा झमेला बेहोरेका छन्। अस्ट्रेलिया जान ३५ लाख बैंक ब्यालेन्स देखाउनुपर्ने नियम बनाइएपछि यसले मध्यमवर्गीयहरूलाई समस्या परेको छ। त्यस्तै नक्कली विवाह गरेर अस्ट्रेलिया जानेहरू बढेपछि राजदूतावासले कडाइ गरेको छ। अस्ट्रेलिया जान भनेर वैदेशिक परामर्श केन्द्रमा अध्ययन गरिरहेकी शारदा खड्का अहिले नजाने मुडमा पुगेकी छिन्। उनी भन्दै थिइन्- 'बैंकको यो झमेलाले म त नजाने निर्णयमा पुगें।'

नक्कली दस्तावेज र भिसासम्बन्धी पोलिसीले अस्ट्रेलिया अध्ययन गर्न जानेहरू अन्योलमा परेका हुन्, प्याक एसिया स्टडी अब्रोडका सञ्चालक सुमेश शेरचनले भने- 'तर वैदेशिक अध्ययनका लागि विदेसिने क्रेज भने बढिरहेको छ।' आर्थिक रूपले सबलहरूका लागि भने अस्ट्रेलियाको बाटो सधैं खुला छ।

उनकै संस्थाबाट पाँच वर्षको अवधिमा २ सय जना अस्ट्रेलिया र डेढ सयभन्दा बढी जापान पुगिसकेका छन्। डिपेन्डेन भिसामा अस्ट्रेलिया जान पाइने भएकाले पनि नेपाली विद्यार्थीहरूको क्रेज बढेको उनको ठम्याइ छ। त्यस्तै त्यहाँको डिग्री हासिल गरेपछि पीआर अर्थात् अस्ट्रेलियामा स्थायी बसोबास गर्न पाइन्छ। अस्ट्रेलियाले पनि नेपाली विद्यार्थीहरू बढीभन्दा बढी तानेर शिक्षालाई आम्दानीको स्रोत बनाएको छ। अस्ट्रेलियापछि विद्यार्थीहरूको गन्तव्य अमेरिका बेलायत र जापान हुने गरेको छ। त्यसो त अहिले आएर अस्ट्रेलिया सरकारले पनि कडाइ गरेको छ। पढ्न जाने नेपाली विद्यार्थीहरूले अस्ट्रेलियामा काम नपाएर उल्टै घरबाट खर्च पठाउनुपर्ने स्थिति सिर्जना भएको त्यहाँबाट फर्केनेहरू बताउँछन्।

भिसासम्बन्धी पोलिसीले अस्ट्रेलिया जानेहरूमा कमी आएपछि आफ्नो करियर विकास गर्ने माध्यम धेरैले अमेरिका, जापान तथा बेलायतलाई बनाउन थालेका छन्। सात वर्षदेखि महेन्द्रपुलमा सञ्चालित किङ इन्स्टिच्युटका महेश भण्डारीले भने- 'हामीकहाँ अध्ययन गर्नेहरू पछिल्लो क्रममा अमेरिका र बेलायत एप्लाई गर्नेहरू बढी छन्।' उनले अहिलेसम्म २ सय ५० भन्दा बढीलाई अमेरिका र बेलायत पठाइसकेका छन्। पाँच जना



विद्यार्थीले उनको संस्थाबाट पूर्ण छात्रवृत्ति पाएका छन्। जुन छात्रवृत्ति विश्वभरका कलेजबाट छानेर दिने हो। अध्ययनका लागि सबै प्रक्रिया पुर्‍याएर अमेरिका र बेलायत पुग्न ८ लाख खर्च हुन्छ।

अस्ट्रेलियामा कडाइ गर्न थालिएपछि नेपाली विद्यार्थीहरूमा जापानको आकर्षण पनि बढिरहेको छ। विशेषतः आईटी र व्यवस्थापन विषयमा थप अध्ययन गर्न जापान जानेहरू बढी देखिन्छन्। अध्ययनका लागि जापान जान अन्य देशमा जस्तो गाह्रो छैन, ११ वर्षदेखि पोखरा जापानिज ल्याङ्वेज एन्ड कल्चर सेन्टर सञ्चालन गरेका विक्रम उदासले भने- 'पहिले एक वर्षको आम्दानीको स्रोत देखाउनुपर्थ्यो, तर अहिले तीन वर्षको देखाएर सजिलै अध्ययनका लागि जापान जान सकिन्छ।' अहिलेसम्म उनले ४ सय ३७ जना विद्यार्थीलाई जापान पठाइसकेका छन्।

रानीपौवाकी २२ वर्षीया विनु जीसी सबै प्रक्रिया पूरा गरेर अध्ययनका लागि जापान जान लागिरहेकी छिन्। कन्या क्याम्पसमा बीबीएस अध्ययनरत जीसी आईटीको अध्ययन गर्न चाहन्छिन्। एक वर्ष जापानिज भाषा पढेकी जीसीले राम्रो टेक्नोलोजी देखेर जापानको बाटो रोजेकी बताइन्। उनले भनिन्- 'नेपालको शैक्षिक नीति डावाँडोल देखेर जापान जाने निर्णयमा पुगेकी हुँ।'

उता लोकेन्द्र केसी आफ्नो घर नै धितो राखेर अध्ययनका लागि जापान जान कस्सिए। 'करियर पनि बनाउछु र कमाइ पनि गर्छु भनेर जान लागेको हुँ,' उनले साप्ताहिकसँग भने। मुलुकको राजनैतिक अवस्था एवं बेरोजगारीकै कारण नेपाली विद्यार्थीहरू अध्ययनका लागि विदेश जान थालेका छन्। पछिल्लो क्रममा विद्यार्थीहरूबीच विदेश अध्ययनको मोह बढेको छ, आईएलका शिक्षक जिभिन श्रेष्ठले बताए।



## आकर्षण

# चार्टर्ड एकाउन्टेन्टको

पोखरा- पढेर डाक्टर, पाइलट तथा इन्जिनियर बन्ने मात्र होइन, धेरैले अहिले वैकल्पिक विषयहरू पनि रोज्न थालेका छन्। पछिल्लो समयमा सैद्धान्तिकसँगै व्यावहारिक शिक्षाका लागि चार्टर्ड एकाउन्टेन्ट पढ्न चाहने युवायुवतीहरू बढेका छन्।

प्लस टु सकेर सीए अर्थात् चार्टर्ड एकाउन्टेन्ट पढिरहेकी पूजा घजुलाई आफूले छानेको विषय पढ्न पाएकोमा हर्षको सीमा छैन। 'यो विषय पढेपछि खाली हात बस्नु पर्दैन,' पढाइमा अब्बल पूजाले बताइन्।'

उनको भनाइमा सही थप्दै थिए विशाल पराजुली, गंगा लाम्मादे, शिवकान्त पौडेल र मुनेश थापा। उनीहरूले एक स्वरमा थपे- 'यो विषयमा सैद्धान्तिकभन्दा व्यावहारिक शिक्षामा केन्द्रित भएकाले कसैले बेरोजगार बस्नुपर्दैन।'

सीए पढ्न काठमाडौं कि त विदेश पढ्न गैरहेका पोखराका युवायुवतीले अब त्यो झन्झट पनि बेहोर्नुपर्ने छैन। सात महिनाअघि खुलेको इनलाइटेन्ड इन्टरनेसनल एकेडेमीले सीए पढ्न चाहने सबैको इच्छा पूरा गर्न पढाइ सञ्चालन गरेको हो। पाँच वर्षको यो कोर्समा तीन वर्ष त व्यावहारिक कुरा नै सिकाइन्छ। फाउन्डेसन, चार्टर एकाउन्टेन्सी र फाइनल गरी तीन तहको पढाइ हुन्छ। सीए पढ्नका लागि कलेजमा जस्तै बिहानदेखि बेलुकासम्म समय दिइरहनु पर्दैन। चार घन्टा समय दिए पुग्छ।

अन्तिम वर्षको पढाइमा विद्यार्थीले भत्तासमेत पाउँछन्। मास्टर डिग्री सरह मान्यता दिइने यो कोर्स पढ्न १ लाख २५ हजार खर्च हुन्छ। सीए पढ्न प्लस टु पढेको हुनुपर्छ। सस्तोसँगै रोजगारीको ग्यारेन्टी र आकर्षक तलब सुविधाका कारण पनि पछिल्लो समयमा सीएतर्फ धेरैको आकर्षण बढेको हो, इनलाइटेन्ड इन्टरनेसनल एकेडेमीका प्रबन्ध निर्देशक प्रदीप पौडेलले भने- 'दुई वर्षको कोर्स उत्तीर्ण गरेकाले समेत बेरोजगार बस्नु पर्दैन।'

चार्टर्ड एकाउन्टेन्ट भएपछि सामान्यतः ४० हजार देखि १ लाखभन्दा माथि आम्दानी हुने गरेको छ।

यो कोर्स पढेपछि बैंक, वित्तिय संस्था, उद्योग, व्यापारिक संस्था, गैरसरकारी संस्था तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूमा सजिलै उच्च तहको काम पाउन सकिन्छ। सीए पढेकाहरूले आर्थिक कारोबार उच्च हुने ठाउँमा एडिटको काम पाउँछन्। एमबीएस गरेकाले समेत एडिटको काम पाउँदैनन्, यसका लागि सीए नै गर्नुपर्छ। सीए पढेर एडिट, ट्याक्स, एकाउन्ट, कस्ट, फाइनान्स आदि विषयमा दक्ष बन्न पाइन्छ। डाक्टर पढेपछि त्यसैमा सीमित हुनुपर्छ, तर सीए पढेपछि भने धेरै क्षेत्रमा जान र काम पाउन सकिन्छ।

व्यावहारिक कोर्स, उज्ज्वल भविष्य र जागिरको चिन्ता नभएकै कारण विज्ञान विषयमा प्लस टु सकेकी सुनिता कार्कीले चार्टर्ड एकाउन्टेन्ट पढ्ने निर्णय गरिन्। चार्टर्ड एकाउन्टेन्ट पढेर बैंकमा म्यानेजर बन्ने सपना देखिरहेकी कार्किले भनिन्- 'अहिले सीएको स्कोप राम्रो छ।' उता नर्स बन्ने सपना बुनेकी आयुषी थापाले पनि अध्ययनका लागि सस्तो र रोजगारीको ग्यारेन्टी देखेर सीए नै रोजिन्।

इन्जिनियरिङको पढाइ छाडेर आएका अर्जुन गौतम र डाक्टर पढ्ने तयारी गरेका दीपेन्द्र केसीलाई समेत सीएले लोभ्यायो। 'इन्जिनियर, डाक्टर त बाटैभरि भेटिन्छन् र यी विषय पढ्न रिक्स पनि लिनुपर्छ,' उनीहरूले भने- 'सीए पढ्न रिक्स छैन, सस्तो र पढेपछि जागिर पनि सजिलै पाइन्छ।' यहाँ सीए पढ्न आउनेहरूमा स्नातक गरेका र मास्टर पढिरहेकाहरू पनि छन्। कमर्समा स्नातक पूरा गरेर मास्टर्स गरिरहेकी बाडखोला स्याङ्जाकी गीता मल्ललाई सीएले पाउने आकर्षक तलब र इज्जतले तानेको हो। मल्लले भनिन्- 'पढ्न केही गाह्रो भए पनि पढाइ पूरा भएपछि खाली बस्नु पर्दैन।' १९९७ देखि चार्टर्ड एकाउन्टेन्टको पढाइ हुँदै आएको नेपालमा अहिले सीए अध्यापन गराउने ११ वटाभन्दा बढी एकेडेमी छन्।

# उत्साही मनहरू

एसएलसीको परिणाम प्रकाशित भएपछि अहिले विद्यार्थीको ध्यान कलेजतिर तानिएको छ। यो समय उनीहरूका लागि अन्यौलको समय हो। कतिपय विद्यार्थीले कुन विषय कुन कलेजमा पढ्ने भन्ने कुरा निश्चित गरिसकेका छन् भने कतिपय विद्यार्थीका लागि यो कार्य अझै बाँकी छ। स्कुल र कलेजबीचको यो अवस्थामा उनीहरूमा एक प्रकारको उत्साह पनि छ। यो समयमा उनीहरू भविष्यका बारेमा मीठो सपना देखिरहेका छन्। फलामे ढोका पार गरिसकेपछि सबैको बधाई र शुभकामना प्राप्त गर्दा पनि उनीहरूमा साँच्चिकै ठूलै काम गरिएछ भन्ने भावना जागेको छ। जीवनमा केही गर्छु भन्ने भावना छ र आफ्नो करियरलाई अझै प्रतिस्पर्धात्मक रूपमा अगाडि बढाउँछु भन्ने नयाँ उमंग पलाएको छ।

यस्ता उत्साही र उमंगी मनहरू अहिले विभिन्न कलेज परिसरमा प्रशस्तै भेटिन्छन्। उनीहरूमा एक प्रकारको उत्साह त छँदैछ, विषय र कलेज छनौटमा केही कमजोरी रहला भन्ने डर पनि छ। साप्ताहिकले यस्ता केही उत्साही विद्यार्थीलाई एकै स्थानमा जम्मा गरेर मनमा भएका केही कुरा खोतल्ने प्रयास गर्‍यो। यही समूहमा थिए रितेश घिमिरे र राजेन्द्र विक। उनीहरू दुवैले व्यवस्थापन विषय पढ्ने उद्देश्यका साथ राजधानीको पवन प्रकृति उच्च मा.वि.लाई रोजेका छन्। व्यवस्थापन नै पढ्ने उद्देश्यका साथ रूपा राई भने ब्रिटिश गोर्खा कलेजमा भर्ना भएकी छिन्। कुन विषय पढ्ने भन्ने कुरा आफूले कक्षा ९ मा पढ्दादेखि नै लगभग निश्चित गरिसकेको रितेशले बताए। अहिले पैसाको जमाना छ। पैसा कमाएर मात्र हुँदैन। यसलाई व्यवस्थापन गर्न पनि जान्नुपर्छ। यसका लागि केही सैद्धान्तिक ज्ञानको समेत आवश्यक हुन्छ। यो कुरा व्यवस्थापन विषयको पढाइबाट थाहा पाइन्छ भन्ने कुरा उनीहरू सबैले बुझेका छन्।

सिद्धार्थ तामाङको छनौटमा एसियन कलेज परेको छ भने ब्रिजेश गौतमले निम्स कलेजलाई छानेका छन्। सिद्धार्थ व्यवस्थापन र ब्रिजेश होटल म्यानेजमेन्ट पढ्न चाहन्छन्। सिद्धार्थ मन मिल्ने साथीहरूसँग लागेर एसियन कलेज छान्न पुगेका हुन्। ब्रिजेशका अनुसार पुराना र नाम चलेका विषयमा धेरै विद्यार्थी हुन्छन्। त्यसैले उनीहरूबीचमा प्रतिस्पर्धा पनि धेरै हुन्छ, तर होटल म्यानेजमेन्ट नेपालका लागि नयाँ र आकर्षक विषय हो। ब्रिजेशका अनुसार नेपालको पर्यटन क्षेत्रलाई व्यवस्थित गर्न सकिएको छैन। यसलाई राम्रोसँग व्यवस्थित गरिनुपर्छ। योसँग होटलको भविष्य पनि जोडिएको छ। त्यसैले आफूजस्ता भविष्यका कर्णधारका लागि यसको अध्ययनको आवश्यकता रहेको उनको निष्कर्ष छ।

सौरभ विष्टले क्यापिटल कलेज एन्ड रिसर्च सेन्टर (सीसीआरसी) लाई छाने। उनले चाहिँ ट्राभल एन्ड टुरिज्म म्यानेजमेन्टलाई मुख्य विषयका रूपमा रोजेका छन्। यो विषय नयाँ मात्र होइन, नेपालका लागि अपरिहार्य नै छ भन्ने उनको ठम्याइ छ। नेपालजस्तो प्राकृतिक सौन्दर्यले भरिपूर्ण देशमा केही गर्न सके सुन फलाउन सकिन्छ भन्ने उनले बुझेका छन्। यसका लागि काम गर्न सक्ने साहस र त्यसका लागि उपयुक्त वातावरण निर्माण हुनुपर्छ। आफ्नो पढाइले आफूमा लुकेर रहेको प्रतिभालाई केही तिखारेर पर्यटन र पर्यटकीय क्षेत्रलाई केही अघि बढाउन सहयोग पुग्छ भन्ने आशा सौरभले गरेका छन्।

गोमा भट्टराई, पवि थापामगर र मनीषा घिमिरेका कुरा अलि फरक छन्। उनीहरू सबैको रोजाइमा पवन प्रकृति उच्च मा.वि. परेको छ, तर सबैका विषय फरक छन्। गोमा र मनीषा समाजशास्त्र, पत्रकारिता र अंग्रेजी पढ्न चाहन्छन्। पविले व्यवस्थापन रोजेकी छिन्। समाजका बारेमा राम्रोसँग बुझ्न समाजशास्त्रको आवश्यकता रहेको गोमाले बताइन्। हाम्रो देश विभिन्न रहनसहन भएका जातजातिहरूको संगमस्थल नै हो। यो अवस्थामा समाजशास्त्रको सहायताले उनीहरूका बारेमा बुझ्न निकै सहयोग पुर्‍याउनेछ। पत्रकारिता र अंग्रेजी भाषाको ज्ञान पनि यसैसँग जोडिएको छ। गोमाले भनिन्– समाजका बारेमा बुझेर त्यसलाई नेपाली जनताका बीचमा पुर्‍याउन पत्रकारिताको आवश्यकता छ। यसलाई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउन अंग्रेजी भाषाको ज्ञान आवश्यकता छ। त्यसैले मानविकी संकायअन्तर्गत रहेका यी तिनवटै विषय एक-अर्काका परिपूरक हुन्। मनीषा भने भविष्यमा कानुन पढेर राम्रो कानुन व्यवसायी बन्न चाहन्छिन्। उनले भनिन्– प्लस टुमा कानुन विषयको व्यवस्था नहुँदा अहिले यो विषय लिएकी हुँ। यसले अंग्रेजी भाषा र नेपाली समाज बुझ्नमा सहयोग पुर्‍याउँछ। स्नातक तहमा पुगेपछि भने मेरो रोजाइमा कानुन नै पर्नेछ। मनीषाका अनुसार नेपालको कानुन व्यवस्था कमजोर छ। यसलाई सुधारेर राम्रो ट्र्याकमा ल्याउन पनि अहिलेको पुस्ताले केही सहयोग पुर्‍याउन सक्छ। पवि अहिलेका बैंकहरूको लोकप्रियता देखेर लोभिएकी छिन्। पैसाको सदुपयोग गर्न यसले सहयोग पुर्‍याउने उनको धारणा छ। त्यसैले उनी व्यवस्थापन पढ्न थालेकी हुन्।

डिना रानाका कुरा अरू सबैका भन्दा फरक छन्। उनी अहिलेसम्म कुनै पनि कलेजमा भर्ना भएकी छैनन्। बरु उनले त श्रद्धा इन्स्टिच्युटमा नर्सिङ अध्ययनका लागि तयारी कक्षा लिइरहेकी छिन्। उनमा नर्स बन्ने चाहनाले डेरा जमाएको छ। अहिलेका लागि प्राविधिक शिक्षा आवश्यक छ भन्ने उनले बुझेकी छिन्। रानाका अनुसार नेपाली जनताको स्वास्थ्य अवस्था कमजोर छ। उनले भनिन्– यसका लागि हामी केही गर्न सक्छौं कि ?

स्कुल र कलेज जीवनको बीच अवस्थामा यी सबैको मस्तिष्कमा केही अन्यौल भने देखियो। यसका लागि उनीहरूले राजधानीका धेरै कलेज घुमे। सबैले औसतमा ५ कलेज घुमे। यो अवस्थामा उनीहरूका लागि विषय छनौट पनि एउटा ठूलै खड्कोका रूपमा देखियो। सौरभ एसएलसी दिएपछि कैलालीको आफ्नो घरमा थिए। यो समयमा पनि उनले के पढ्ने भन्ने निष्कर्ष निकाल्न सकेका थिएनन्। कहिले विज्ञान त कहिले अन्य प्राविधिक शिक्षा हुँदै अहिले उनी ट्राभल एन्ड टुरिज्म म्यानेजमेन्टमा अडिए। पविले बीचमा फार्मेसीको तालिम लिइन्। तर यो तालिम भविष्यको पढाइका लागिभन्दा पनि एउटा संयोग मात्र थियो। गाउँमा स्वास्थ्यसम्बन्धी एउटा संस्थाले दिएको तालिममा उनी सहभागी भएकी हुन्। यसले आफ्नो र गाउँलेको स्वास्थ्यसम्बन्धी समस्यालाई केही हदसम्म समाधान गर्न सहयोग पुर्‍याउनेछ, तर आफ्नो रुचि फाइनान्सियल जबतिर भएकाले पढाइ पनि त्यसैअनुसार रोजेको उनले बताइन्।

पढाइका साथमा आफूमा लुकेर रहेका अन्य प्रतिभालाई पनि तिखार्नुपर्ने आवश्यकता हुन्छ। सौरभ क्रिकेटका खेलाडी पनि हुन्। सीसीआरसीमा क्रिकेट खेल्न सक्ने व्यवस्था छ। त्यसैले पनि उनको रोजाइमा यो कलेज परेको हो। सौरभ भन्छन्– हामी स्कुलमा छँदा पनि क्रिकेट खेल्थ्यौं। डिना नाच्न र गाउन मन पराउँछिन्। स्कुलमा छँदा विभिन्न कार्यक्रम हुन्थे। यो अवस्थामा आफूमा भएको प्रतिभा निखार्न सहयोग पुग्थ्यो। अब त्यो अवस्था नरहला भन्ने डर छ।

यस्तै डर छ राजेन्द्रलाई। उनी फुटबलका पारखी हुन्। इन्डोर खेल खेल्नका लागि सानो स्थान भए पुग्ने हुँदा यो समस्या नरहन सक्छ, तर आउटडोर खेलका लागि ठूलो स्थानको आवश्यकता पर्छ। पढाइतिर बढी ध्यान दिनुपर्ने समय भएकाले समय मिलाएर उपयुक्त स्थानमा गएर आफ्नो फुटबल क्रेज पूरा गर्ने उनले बताए। गोमाले कलेजमा स्कुलको तुलनामा कलेजको पढाइ अलि खुकुलो हुन्छ भन्ने सुनेकी छिन् अनि अनुशासन स्कुलमा जस्तै हुन्छ रे, तर कतिपय कलेजका विद्यार्थी चलचित्र हलमा ड्रेससहित पुगेको र क्यान्टिनतिर चुरोट उडाउँदै हिंडेको देख्दा अनुशासन पनि खुकुलै हो कि भन्ने उनलाई लागेको छ।

सबैमा नयाँ उत्साह छ। नयाँ परिवेशमा नयाँ कक्षा र नयाँ विषय अध्ययनका लागि उनीहरूमा जोस-जाँगर देखिन्छ। यो जोसलाई व्यावहारिकतामा रूपान्तरण गर्नका लागि उनीहरूका साथै सम्बन्धित कलेज र अभिभावकको पनि महत्त्वपूर्ण भूमिका रहने कुरामा द्विविधा छैन। यसो भए विद्यार्थी र अभिभावकका साथै राष्ट्रले समेत फाइदा पाउन सक्नेछ।

**प्रस्तुति : एकराज सुवेदी**

**होटल तालिम विशेष छुटमा** २०५३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई
Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम


Student Visa मा जानेलाई Special Discount

र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131

साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629

र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629




**सि.एम.ए./ल्याव असिष्टेण्ट**
**कोर्षमा भर्ना खुल्यो**
CTEVT वाट सम्बन्धन प्राप्त यस शिक्षालयमा सि.एम.ए. (CMA), ल्याव असिष्टेण्ट (Lab Asst.) प्राविधिक कोर्षमा भर्ना हुन ईच्छुक SLC उत्तिर्ण विद्यार्थीहरुले २०६६/४/१९ गते भित्र सम्पर्क राख्नुहोला।
शनिबार पनि ३ बजेसम्म कार्यालय खुल्ला रहनेछ
नोट
प्रवेश परीक्षा मिति २०६६ श्रावण २४ गते दिउँसो ३ बजे। | प्रवेश परीक्षाको लागि तयारी कक्षा निशुल्क संचालन भईरहेछ। | गोंगबु चोकबाट करिव १५० मिटर उत्तर आई दायाँ लाग्ने।
**विनायक प्राविधिक शिक्षालय**
गोंगबु, काठमाडौं, फोन : ४३८३२४० / ०१६२२१०६५



# रङ्ग फेरियो दार्जीलिङको

**विदुर खतिवडा/पर्वत पोर्तेल**

दार्जीलिङ– ५० को दशकदेखि ८० को दशकसम्म दार्जीलिङको सौन्दर्यको चर्चा विश्वकै लागि अनुपम मानिन्थ्यो। 'पहाडकी रानी' को उपमा पाएको दार्जीलिङ पुग्ने जो-कोही यसको सुन्दरताको बयान गरेर थाक्दैनथे। प्राकृतिक रूपमा अत्यन्तै सुन्दर यो पहाडे बस्तीका विशाल चियाकमानहरूले पनि यसको सौन्दर्यमा निखार ल्याएका थिए। दार्जीलिङको चियाले आजपर्यन्त विश्वव्यापी रूपमा ख्याति पाउनु यसलाई पुष्टि गर्ने थप आधार हो, तर समयक्रमसँगै पहाडकी रानीको चर्चा कम हुँदै गयो। बेलाबखत चर्कने गोर्खाल्यान्ड आन्दोलनबाहेक दार्जीलिङको विकास अभियान अंग्रेजहरूको बहिगर्मनसँगै सुस्ताउँदै गयो।

लामो समयपछि दार्जीलिङ फेरि चर्चामा आयो, जसका नायक थिए– प्रशान्त तामाङ।

प्रशान्तले केही वर्षअघि सोनी टेलिभिजनद्वारा प्रसारित प्रतियोगितात्मक इन्डियन आइडलको शीर्ष उपाधि हासिल गरे र दार्जीलिङलाई फेरि चर्चामा ल्याएका थिए। त्यसो त दार्जीलिङले यसअघि पनि थुप्रै नेपाली प्रतिभा जन्माएको छ, जसलाई आजको नेपाली पुस्ताले आदरणीय भनेर पगरी गुथाउँछ।

आ□नो जातियता र नेपालीपनप्रति दार्जीलिङे नेपालीहरू अत्यन्त सचेत छन्। नेपाली सांस्कृतिक पर्व एवं जातिय उत्सवहरू मनाउने कुरामा त दार्जीलिङ नेपालभन्दा एक कदम अगाडि नै छ। दार्जीलिङको मुख्य चोक चौरस्तामा ठडिएको आदिकवि भानुभक्त आचार्यको शालिकले पनि यसलाई पुष्टि गर्छ। त्यतिमात्र होइन, शोभा यात्रा होस् वा लोपोन्मुख नेपाली संस्कृति, बाजागाजा र पहिरन सबैमा दार्जीलिङेहरू नेपालीपन खोज्छन्। 'शोभायात्रामा सबै जातजाति, धर्म र वर्गको बराबर सहभागिता हुन्छ', साहित्यकार मुक्ति उपाध्याय भन्छन्।

दार्जीलिङलाई प्रशान्त तामाङसँग मात्र जोड्नु दार्जीलिङप्रति अन्याय हुन्छ। मुख्य कुरा दार्जीलिङले जुन प्राकृतिक सुन्दरता बोकेको छ, त्यसको आ□नो अलग पहिचान छ। भारतीय गोर्खामा कार्यरत रहेर परमवीर चक्रसमेत पाएका गोर्खालीहरू पनि यहाँका गौरव हुन्। भारतलाई उपनिवेश बनाइसकेपछि अंग्रेजहरूले दार्जीलिङको सुन्दरतामा रमाउन नै यसलाई पर्यटकीय जगका रूपमा विकास गरेका थिए। सन् १८३५ मा अंग्रेजहरूले 'समर होलिडे' का लागि उपयुक्त स्थानको खोजीका क्रममा दार्जीलिङलाई उपयुक्त स्थल मानेका थिए। त्यसै बेला तयार भएको दार्जीलिङको विकासको लहर एउटा तहमा पुगेर स्थगित हुनपुग्यो। नेपालीहरूको बाक्लो बस्ती रहेको यो क्षेत्र पश्चिम बंगाल राज्यभित्र परेपछि विकासको गति सुस्त भएको आलोचकहरू बताउँछन्। चियाबगानका अतिरिक्त पुरानो रेल्वे र यहाँका मृदुभाषी जनताले दार्जीलिङको साखलाई बचाइरहेको उनीहरूको निष्कर्ष छ।

यतिबेला दार्जीलिङवासी दार्जीलिङको विकासमा चासो दिन थालेका छन्। 'अब पनि स्थानीय सरकारले दार्जीलिङको विकासका निम्ति ठोस योजना ल्याउन सकेन भने हामी त्यसको डटेर विरोध गर्छौं,' स्थानिय मणिपाल विश्वविद्यालयमा स्नातकोत्तर अध्ययनरत मोनालिसा शेर्पा भन्छिन्- 'दार्जीलिङमा दक्ष जनशक्तिको कमी छैन, त्यसैले विकासका निम्ति नयाँ पुस्ता सक्रिय हुन तयार छ भन्ने कुरा यहाँको राजनैतिक नेतृत्वले बुझ्नु जरुरी भैसकेको छ।'

नगरक्षेत्रभित्र मात्र एक लाखभन्दा बढी मानिस बसोबास गर्ने दार्जीलिङले विश्वभर अन्यत्र नपाइने वनस्पतिलाई संरक्षण गरेको छ। विभिन्न जातका लालीगुँरास र जडिबुटी कालिझार यहाँ पाइने वनस्पति हुन्। दार्जीलिङवासीको अर्को विशेषता भनेको सबै भाषी तथा धर्मावलम्बीहरूसँग सहिष्णु व्यवहार प्रदर्शन गर्न सक्नु हो।

**फेसन**

दार्जीलिङेहरूको खानपिन र लवाइखवाइ देखेर भारतकी तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले समेत 'दार्जीलिङमा गरिब छैनन्' भनेर टिप्पणी गरेकी थिइन् तर त्यहाँ प्रशस्तै गरिब छन्। गरिब भएर पनि जीवनशैली गरिबको जस्तो नहुनु दार्जीलिङको विशेषता हो।

फेसनको क्षेत्रमा त्यत्तिकै सचेत दार्जीलिङले हरेक दिन नयाँ फेसन ट्रेन्ड सिर्जना गरिरहेको हुन्छ। कानमा टप र कुन्डल झुन्ड्याउनेहरू मात्र होइन जिब्रो, ओठ र आँखीभौं छेडेर मुन्द्रा भिर्नेहरू पनि प्रशस्त देखिन्छन्, दार्जीलिङमा। विभिन्न समस्या झेले पनि फेसनमा सचेत दार्जीलिङेहरू नयाँ भाषा विकासका निम्ति पनि त्यत्तिकै माहिर मानिन्छन्। स्थानीय लवजमा 'सेटेट' भनिने यो शैलीअन्तर्गत युवा-युवतीले आ□नै कोड भाषा प्रयोग गर्छन्। ब्रो, माम्स, सिस, डोजु जस्ता शब्द अक्सर युवा-युवतीको मुखमा झुन्डिने शब्द हुन्। 'फेसनमा दार्जीलिङ निकै अगाडि छ', पत्रकार विमल राई भन्छन्- 'यहाँबाट प्रारम्भ हुने फेसन ट्रेन्डले उत्तर-पूर्वी भारत र पूर्वी नेपाललाई समेत प्रभाव पार्ने गरेको छ।

**जीवनशैली**

बाह्रै महिना चिसो रहने दार्जीलिङमा बस्नेहरूले त्यसैअनुरूपको जीवनशैलीलाई अपनाएका छन्। न्यानो कपडा लगाएर बस्ने दार्जीलिङेहरू शरीर तताउन मदिराको सेवनलाई अन्यथा मान्दैनन्। रमाइलो प्रकृतिमा सबैसँग मीठो बोलीचालीको प्रयोग गर्ने उनीहरू दार्जीलिङका पाहुनासँग पनि त्यत्तिकै आत्मीय व्यवहार गर्न रुचाउँछन्।

**दार्जीलिङका मणि**

'दार्जीलिङे सर्जकहरूलाई कि त कालले लान्छ कि त काठमाडौंले तान्छ' भन्ने उक्ति मणिकमल छेत्रीमा कहिल्यै पनि लागू भएन। 'बारम्बार काठमाडौंले तान्ने बल गर्‍यो तर सकेन', दार्जीलिङको होटलमा केही क्षण गफिएका मणिकमल सम्झन्छन्- 'राजा महेन्द्रको पालामा काठमाडौं छिरेको थिएँ, तर मनले त्यहाँ बस्न मानेन। बीचको आठ वर्ष भुटानमा बरालिएका मणि यतिखेर दार्जीलिङको सूचना तथा शान्ति विभागका कार्यवाहक निर्देशकका रूपमा कार्यरत छन्। मणि भन्छन्- अन्ततः मलाई दार्जीलिङ छोडेर कतै जान मन लागेन। सन् १९८० देखि सेबारत मणिले अवकाश पाइसकेका छन्। 'संगीतमा पहिले जति गरियो अहिले आएर त्यति गर्न सकिएन', संगीत-सिर्जनामा सुस्त भएको बताउने मणि भन्छन्। मणिका अनुसार कलाकार धेरै जन्माए पनि प्लेटफर्म बलियो नभएकाले अम्बर गुरुङ, अरूणा लामा र गोपाल योञ्जनहरूले मेची तर्ने निर्णय गरेका थिए। मणि भन्छन्- 'अहिलेको पुस्ता भने दार्जीलिङलाई भरसक छोड्न चाहँदैन।'

मणिले पहिलो पटक सन् १९६५ मा कलकत्ताको हिन्दुस्तान रेकर्डिङ स्टुडियोमा अरूणा लामासँग युगल गीत गाएका थिए। शरण प्रधानको शब्द र संगीत रहेको 'यो जोबनलाई घरको माया' गीत त्यसताका निकै लोकप्रिय पनि थियो। मणिकमल भन्छन्- 'मैले त्यतिखेरै गायकको पहिचान पनि बनाएँ।' नेपालको राष्ट्रिय धुनमा दार्जीलिङे स्रष्टा अमर गुरुङले संगीत भर्न पाएकोमा पनि दार्जीलिङ खुसी भएको मणिकमलको भनाइ थियो। 'अमर दाइले संगीत भर्न पाउनु हाम्रा लागि गर्वको कुरा हो', उनले भने- 'भारतको राष्ट्रिय धुनमा पनि नेपाली मूलका रामसिंह ठकुरीले संगीत सिर्जना गर्नुभएको छ, यी दुवै सर्जक हामी नेपालीहरूका गौरव हुन्।'

## बढ्दो बेरोजगारी

भनिन्छ, दार्जीलिङको कुनै डाँडाबाट ढुङ्गा हान्यो भने त्यो ढुङ्गा स्नातक उत्तीर्ण व्यक्तिको टाउकोमा लाग्छ, तर शिक्षितहरूको बसोबास क्षेत्र मानिने दार्जीलिङका अधिकांश प्रतिभा अहिले जागिर नपाएर हैरान छन्।

स्नातकोत्तर उत्तीर्ण २३ वर्षीय युसुफ प्रधान हरेक दिन रोजगारीका निम्ति भौतारिने युवा हुन्। प्रधान भन्छन्- 'मजस्ता थुप्रै बेरोजगार युवायुवती चित्त बुझाउने आधार बनेका छन्। अन्य सहरमा जाँदा काम पाउन सकिन्छ, तर मेरो पारिवारिक कारणले पनि अन्यत्र जान सक्ने स्थिति छैन।' काम पाउनेहरू पनि टेलिफोन बुथ, होटल आदिमा न्यून वेतनमा काम गर्न बाध्य छन्। दार्जीलिङको राजनैतिक खिचातानीका कारण धेरै दार्जीलिङे भारतका ठूला-ठूला सहर वा नेपालतिर पलायन भएको पाइन्छ।



## दोलखाली दर्द

'ओ डोजु (दाजु) यो माल (सामान) चौरस्ता पुर्‍याएको कति ?' एक जना रैथानेले दार्जीलिङे लवजमा सोध्यो। प्रत्युत्तरमा दोलखाका गणेशबहादुर छेत्रीको जवाफ आयो- '२० रुपैयाँ।' ट्याक्सी स्टेसनमा भेटिने भरियाहरूको संवाद यसरी नै प्रारम्भ हुन्छ। दार्जीलिङको घुमदेखि नै भेटिन थाल्छन् उनीहरू। ढाका टोपी तथा दौरा-सुरुवाल लगाएका, हातमा नाम्लो बोकेका उनीहरू कहिले रेल्वे स्टेसन, कहिले चौरस्ता त कहिले एलिसा भिल्लामा ओहोरदोहोर गरिरहेका भेटिन्छन्। 'बिहानदेखि बोहोनीसम्म भएको छैन', दिउँसो अढाई बजेतिर विगबजारछेउ भेटिएका दोलखाका चन्द्रबहादुर पाण्डेले सुनाए- 'यस्तो भएपछि कति कमाउने, कति खाने र कति घर खर्च पठाउने ?' चिसो जाडोमा फुस्स-फुस्स चुरोट उडाउने उनीहरू कम खर्च गरेर पैसा जोहो गर्ने इच्छा राख्छन्। अचम्म त के भने दार्जीलिङका प्रायः सबै भरिया पूर्वी नेपालको दोलखा जिल्लावासी हुन्। त्यसमा पनि पाण्डे, छेत्री र थामी जातका भरिया बढी भेटिन्छन्। दैनिक सयदेखि डेढ सय रुपैयाँसम्म कमाउने उनीहरू कमाइभन्दा बढी खाना र डेराभाडामा खर्च हुने बताउँछन्। मानबहादुर भन्छन्- 'दिनमा ५० खाना र मासिक १ हजार डेरा भाडा तिर्नुपर्छ।' यतिविघ्न भरिया र त्यसमा पनि सबै दोलखाली हुनुले दार्जीलिङको स्टेसन नै 'मिनी दोलखा' बनेको छ।

## उथलपुथल राजनीति

काठमाडौं- छुट्टै राज्य 'गोर्खाल्यान्ड' को मागले पर्यटकीय नगरी दार्जीलिङको राजनीतिमा फेरि उथलपुथल छाएको छ। दुई वर्षदेखि आन्दोलनरत गोर्खा जनमुक्ति मोर्चाले गोर्खाल्यान्डको माग चर्काउँदै जान थालेपछि पश्चिम बंगालको पहाडी सहर तथा बस्तीहरूमा राजनीतिक बहस र चर्काचर्की बढ्दो छ। गोर्खाल्यान्डको आवाज बुलन्द गर्ने क्रममा पछिल्लो पटक मोर्चाले दुई सातासम्म जारी राखेको आमहड्ताल सोमबारदेखि फिर्ता लिए पनि दार्जीलिङको राजनैतिक समस्या पूरै समाधान भैसकेको छैन। बंगालबाट छुट्याएर अलग्गै राज्य दिइनुपर्ने माग पूरा नभएसम्म मोर्चाले आन्दोलन जारी राख्ने जनाएको छ भने मार्क्सवादी कम्युनिस्ट पार्टीले यसको विरोध गर्दै आएको छ।

मोर्चा अध्यक्ष विमल गुरुङले सहिद दिवसका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै आगामी ११ अगस्टमा दिल्लीमा त्रिपक्षीय वार्ता हुने भएपछि वार्ताको वातावरण बनाउन हड्ताल स्थगित गरिएको मोर्चा अध्यक्ष गुरुङले बताएका थिए। त्यो वार्ता मोर्चा नेतृत्व, केन्द्रीय सरकारका गृहसचिव तथा पश्चिम बंगालका गृहसचिवबीच हुनेछ। मोर्चाले वार्ता निष्कर्षविहीन भए १७ अगस्टदेखि पुनः आन्दोलनका कार्यक्रम ल्याउने जनाएको छ।

सुवास घिसिङ नेतृत्वको गोर्खा राष्ट्रिय मुक्तिमोर्चाको अगुवाइमा सन् १९८६ मा गोर्खाल्यान्ड आन्दोलन सुरु भएपछि २७ जुलाईका दिन कालिम्पोङमा १४ जनासहित २८ महिनासम्म चलेको गोर्खाल्यान्ड आन्दोलनमा १ हजार २ सय जना सहिद भएका थिए। त्यतिबेलाको आन्दोलन दार्जीलिङ गोर्खा पार्वत्य परिषद् (दागोपाप) गठन भएपछि समाप्त भएको थियो।

सन् २००७ अक्टोबरमा घिसिङकै पार्टीका एक होनहार नेता विमल गुरुङको नेतृत्वमा नयाँ पार्टी गोर्खा जनमुक्ति मोर्चा गठन भएको हो, जसले स्थापनाकालदेखि नै गोर्खाल्यान्डको मागलाई तीव्र रूपमा उठाइरहेको छ। नारी, युवा, विद्यार्थी, श्रमिक, व्यापारी आदिका पेसागत र तहगत मोर्चा बनाउँदै आन्दोलन जारी रहे पनि पश्चिम बंगाल र केन्द्र सरकारबीच तीन चरणमा त्रिपक्षीय वार्ता भए पनि निर्णायक हुन सकेको छैन।

गोर्खाल्यान्डको विरोध नगरे पनि आन्दोलनमा साथ नदिएका सुवास घिसिङसहित विपक्षी पार्टीका दुई दर्जनभन्दा बढी नेता तथा कार्यकर्ता दार्जीलिङबाट विस्थापित छन्। चिया किसानदेखि व्यापारी एवं बुद्धिजीवीले समेत साथ दिएको आन्दोलनलाई निष्कर्षमा पुर्‍याउन नेतृत्वतहले थप बौद्धिक परामर्श गर्दै आफ्नो पक्षमा अझ व्यापक जनसमर्थन जुटाउनुपर्ने देखिन्छ।

**– बेनुप भट्टराई**



## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म एक गैरसरकारी संस्थामा काम गर्छु। मेरो मन एकदमै कमलो छ। कुनै युवतीले चार-पाँच पटक हेरिन् भने म उनको आकर्षणमा परिहाल्छु र उनीप्रति गम्भीर हुन थाल्छु। त्यसपछि उनीसमक्ष आफ्नो मनका कुरा राख्ने अवसर खोज्छु। सुरुमै मसँग समय छैन, नाइँ जस्ता जवाफ मात्र पाउँछु, किन होला ? एउटी युवतीसँग मेरो कमलो मन नजिकिएको छ। उनीप्रति मेरो मन पग्लन थालेको छ। पूरै मन पग्लिनुअघि मैले समस्याको समाधान गर्ने निधो गरें र उनलाई भनें- 'तिमी आज मलाई यति बजे यहाँ भेट है ?' उनले 'खै ?' भनेजस्तो गरिन्। निश्चित स्थानमा तोकिएको समयमै गएर पर्खिएँ तर मेरो आकस्मिक काम आइपर्‍यो, धेरै बेर पर्खन सकिनँ र म त्यहाँबाट फर्किएँ। भोलिपल्ट उनलाई भेटेर सोधें- 'हिजो तिमी आयौ त ?' उनले सोझै जवाफ दिइन्- 'आइन'। उनले एकैछिन समय दिएकी भए के हुन्थ्यो र ? उनलाई मैले केही नराम्रो वचन प्रयोग गरेको पनि थिइनँ। मलाई एउटै समस्या छ कि युवतीहरूले मेरा बारेमा किन आफ्नो अवधारणा सकारात्मक बनाउँदैनन् ?**

**-जे.**

खराबी अथवा कमजोरी सबैमा हुन्छ। त्यसलाई सुधार्नेभन्दा पनि आत्मविश्वासले जित्न सकिन्छ। युवतीहरूप्रति तपाईं आकर्षित हुनुहुँदो रहेछ अनि तपाईंलाई लाग्दो रहेछ कि उनी पनि तपाईंप्रति आकर्षित छिन्, जब कि त्यसो हुन्न। कुनै युवतीले तपाईंलाई हेर्छिन्, दुई-चार वचन मीठो बोल्छिन् भने त्यसलाई उनको तपाईंप्रतिको आकर्षण मान्नु नै तपाईंको समस्या हो। जागिर खाइरहनुभएको छ। यसर्थ तपाईंको उमेर विवाहयोग्य भैसकेको छ भन्ने अनुमान गर्न सकिन्छ। अविवाहित तर विवाहयोग्य तपाईं यो बेलामा कुनै पनि युवतीप्रति सजिलै आकर्षित हुन सक्नुहुन्छ। यो समस्या तपाईंजस्ता धेरैलाई परेको हुन्छ। कुनै युवतीसँग प्रेममा परेपछि अथवा विवाहपछि यस्ता समस्या क्रमशः कम हुँदै गएको पाइन्छ। जून देखे जून, फूल देखे फूल राम्रो लाग्ने यो बेलामा सबैमा आफ्नो जीवनसाथी देख्नु नराम्रो त होइन, तर पनि त्यसले कुनै बेला तपाईंको चरित्रमा दाग लगाइदिन सक्छ। यदि कुनै युवतीले सबैका सामुन्ने तपाईंलाई नराम्रो भनिन् भने बेइज्जत हुनसक्छ। त्यसैले मेरो सल्लाह मान्नुहुन्छ भने जतातनै प्रेमिका खोज्न छाडेर घरसल्लाह गरी मागी विवाह गर्नुहोस्। तपाईंको जीवन सुखमय हुनेछ।

## ● फिल्मी खबर ●

### एकैपटक दुई

निर्देशक सुचित्रा श्रेष्ठको निर्देशनमा एकैपटक दुईवटा चलचित्र निर्माण हुने भएको छ। शैलदेवी सिने आर्ट्सको ब्यानरमा डा. वीरेन्द्र जयसवालले निर्माण गर्ने दुई चलचित्र 'तिमी पनि तडपिन्छौ' र 'एट शुभविवाह'को शुभसाइत सम्पन्न भैसकेको छ। रमित ढुंगाना, विक्रान्त बस्नेत, गरिमा पन्त, रुबी भट्टराई, रोशनी केसी, ध्रुवदत्त, हेमन्त बुढाथोकी आदि कलाकारले 'तिमी पनि तड्पिन्छौ'मा अभिनय गर्नेछन्। यो चलचित्रमा प्रेम र मिलनमा आइपर्ने राम्रा तथा नराम्रा क्षणहरूलाई समेटिनेछ। त्यसैगरी 'एट शुभविवाह'मा साइबर विवाहको अत्याधुनिक शैलीलाई समेटिने निर्देशक श्रेष्ठले बताइन्। रमित ढुंगाना तथा रोशनी केसीको मुख्य भूमिका रहने यो चलचित्रमा इमेल तथा इन्टरनेटको माध्यमबाट हुने विवाहलाई व्यङ्ग्यात्मक ढंगबाट प्रस्तुत गरिनेछ। सुवास काफ्ले दुःखीको व्यवस्थापनमा निर्माण हुने यी चलचित्रमा सुरेश अधिकारीको संगीत, गोविन्द प्रभात र कृष्णकुमार आसामीको नृत्य, रोशन श्रेष्ठको द्वन्द्व तथा दीपक वान्तवाको छायांकन रहनेछ।

### क्वेस्टसँग साथी

निर्माता प्रभुशमशेर राणाले निर्माण गरेको चलचित्र 'मेरो एउटा साथी छ'को वितरण तथा प्रदर्शन क्वेस्ट इन्टरटेनमेन्टले गर्ने भएको छ। आगामी डेढ महिनाभित्र प्रदर्शन गर्ने तयारीमा रहेको यो चलचित्र रोमान्टिक प्रेमकथामा आधारित छ। आर्यन सिग्देल तथा नम्रता श्रेष्ठको जोडीको प्रेम कथा हेर्न पाइने चलचित्र 'मेरो एउटा साथी छ'का एक संगीतकार पपगायक सुगम पोखरेल हुन्। चलचित्रको निर्देशन सुदर्शन थापाले गरेका छन्।



नेपाल टेलिभिजनबाट प्रत्येक शनिबार राति नौ बजे प्रसारण हुने हास्य टेलिश्रृंखला 'मेरी बास्सै' मा माग्नेबूढाको भूमिका निर्वाह गर्ने केदार घिमिरे आफ्नो भूमिकाका कारण चर्चामा छन्। टेलिभिजनमा फाटेको पहिरनमा देखिने घिमिरेको भूमिकाले दर्शकको मन जितेपछि मुलुकका विभिन्न भागमा हुने सांस्कृतिक कार्यक्रममा उनको उपस्थिति अनिवार्यजस्तै हुन थालेको छ। सन्तोष पन्तको हिजोआजका कुराबाट अभिनययात्रा प्रारम्भ गरेका घिमिरेले जीरे खुर्सानी र तीतोसत्यमा पनि अभिनय गरिसकेका छन्। मेरी बास्सैको कथालाई केही परिमार्जन गर्ने क्रममा रहेका घिमिरेसँग साप्ताहिकको तीन प्रश्न :



**तपाईंलाई केदार घिमिरेको नामले त चिन्न छाडियो भन्ने हल्ला छ नि ?**

हो, मलाई माग्नेबूढाका रूपमा चिन्नेहरू नै धेरै छन्। केदार घिमिरेका रूपमा दर्शकमाझ गएँ भने कमैले मात्र चिन्छन्।

**माग्नेबूढाको चरित्रको कल्पना कसरी गर्नुभएको थियो ?**

दर्शकलाई नयाँ शैलीबाट मनोरञ्जन दिनुपर्छ भन्ने मान्यताले माग्नेबूढाको जन्म भएको हो। प्रायः मागेरै गुजारा चलाउने भएकाले माग्नेबूढाको पहिरन, गेटअप सबै माग्नेकै जस्ता छन्। यद्यपि त्यो पात्रको चरित्रमा सामाजिक व्यंग्य पनि छ।

**टेलिभिजनको पर्दामा भन्दा सांस्कृतिक कार्यक्रममा बढी छाउनुभएको छ नि ?**

माग्नेबूढासँगै धुर्मुस र सुन्तलीलाई दर्शकले प्रत्यक्ष हेन चाहेका कारण हामी नियमित रूपमा सांस्कृतिक कार्यक्रममा सहभागी भएका हौं। कार्यक्रममा देखिने दर्शकहरूको उल्लेखनीय सहभागिताले हामी उत्साहित छौं।

• मेरो अनुभव •

# श्रीमती



**यम बराल (गायक)**

एक्लो जीवनमा साथ दिने भएर नै होला, श्रीमतीलाई जीवनसाथी भनिएको। श्रीमती, स्वास्नी, पत्नी, धर्मपत्नी अनेकौं शब्द छन्, यो परिचयमा। उनी दाम्पत्य जीवनको रथका दुई पाङ्ग्रामध्ये एउटा हुन्। व्यक्तिगत कुराकानी शेयर गर्ने साथीका रूपमा पनि श्रीमतीलाई परिभाषित गर्न सकिन्छ। हामी पुरुष अलिक लापर्वाह हुन्छौं। उनी हामीलाई सही सल्लाह दिन्छिन्, गल्ती औंल्याइदिन्छिन्, जीवनमा अघि बढ्न साथ दिन्छिन्। त्यसको साटो उनी मात्र हाम्रो माया र हेरचाहको चाहना गर्छिन्। मेरी श्रीमती त्यस्तै छिन्।

समाजमा मैले कतिपय मानिसको घर श्रीमतीका कारणले बिग्रिएको पनि देखेको छु। ती अपवाद हुन्। मात्र माया र हेरचाहका लागि उनी आफ्नो जन्मघर छाडेर कुनै अपरिचितसँग जीवन बिताउन तयार हुन्छिन्। के यति त्याग पर्याप्त छैन र ? उनीबाट थप के कुराको चाहना राख्ने ? एक त नारी स्वाभावैले सहनशील हुन्छिन्। सहन सक्छिन् भन्दैमा उनका इच्छा-आकांक्षाहरूमाथि खेलबाड गर्न मिल्दैन।

मेरो विवाह भएको छ वर्ष पुग्यो। यसबीच मैले मेरी श्रीमती आकृतिबाट सदा साथ पाएको छु। उनका सबै स्वभाव राम्रा छन्, किनकि उनी सकारात्मक सोच राख्छिन्। मलाई थप हौसला र प्रेरणा दिन्छिन्। मेरो क्यारियरका बारेमा पनि उनका सुझाव राम्रा हुन्छन्। मात्र उनको रिसाउने बानी छ, जुन मलाई मन पर्दैन। उनको रिस मर्न टाइम लाग्छ। अर्को कुरा उनी सुन्दर छिन्। उनको हाँसो मलाई निकै मन पर्छ। त्यसैले पनि उनी रिसाएको मन नपरेको होला। म श्रीमतीले घरमा भात पकाएर ख्वाउने र शिशु पाइदिने काम मात्र गर्नुपर्छ भन्ने पुरातन सोचाइको विरोधी हुँ। उनीहरूका पनि योजना हुन्छन्। अझ अहिलेका नारीहरूलाई त अघि बढ्न थप मद्दत गर्नुपर्छ। त्यसमा सबैभन्दा ठूलो सहयोग श्रीमान्‌को हुन्छ। हालै आकृतिले कुपन्डोलमा गोल्ड प्लेटेड ज्वेलरीको शोरुम खोलेकी छिन्। त्यो उनको इच्छा थियो। उनी खुसी भइन् भने हामी पनि सधैं खुसी रहन सक्छौं।

# पाँच वर्षभित्र २५ लाखलाई रोजगारी दिन सकिन्छ

पृष्ठ ५ बाट जारी

प्रविधिलाई अनुमोदन गर्न बाध्य छन्। यदि हामीले आफैंलाई विश्वास गर्ने हो भने प्रकृतिले हामीलाई सबै कुरा दिएको छ। हामी आफैं औषधी उत्पादन गरेर विदेश निर्यात गर्न सक्छौं। आयुर्वेदिक अस्पतालबाट सबैजसो रोगको उपचार गर्न सकिन्छ।

**नेपाली जडिबुटी नासिँदै गएको अवस्थामा यी कुरा बढी महत्त्वाकांक्षी भएनन् ?**

सन् १९८९ मा गरिएको अनुसन्धानमा नेपालमा ६ सय किसिमका दुर्लभ जडिबुटी विदेश निर्यात गर्न सकिने देखाएको थियो। जडिबुटीमा राम्रोसँग काम गर्न सकियो भने पाँच वर्षमा २५ लाखलाई रोजगारी दिन सकिन्छ। तपाईंले भनेझैं विभिन्न कारणले नेपाली जडिबुटी मासिँदै गएका छन्। यद्यपि अझै पनि हामी धेरै जडिबुटी बचाउन सक्छौं। नेपाल धेरै जडिबुटीको सम्भावना भएको देश हो। जडिबुटी बेचेरै हामी धनी हुन सक्छौं। अहिले हाइड्रोपावर र पर्यटनलाई सरकारले जति महत्त्व दिएको छ, त्यति मात्र ध्यान दिने हो भने पनि यो आय आर्जनको पहिलो क्षेत्र हुन्छ।

**तपाईंले आफ्नो सर्टिफिकेट आयुर्वेदिक काउन्सिलमा बुझाउनुभएको रहेनछ, कारण के होला ?**

म नेपालको कार्यशैलीप्रति असन्तुष्ट छु। पढेकालाई मात्र मान्यता दिने, वर्षौंदेखि गाउँ-घरमा उपचार गर्ने वैद्यलाई मान्यता नदिने, आयुर्वेदलाई वैकल्पिक चिकित्सा मानेर नेपालमा भएको जडिबुटी चोरी-पैठारी गर्न खुला गर्ने नीतिका कारण मैले आयुर्वेदिक काउन्सिललाई मान्यता नदिएको हुँ। मेरो अभियान गाउँ-घरका वैद्यलाई पनि थप तालिम दिएर सर्टिफिकेट दिने हो। उनीहरूलाई मूल धारमा ल्याएर आयुर्वेदलाई सक्षम चिकित्सापद्धति बनाउनुपर्छ। म यसैका लागि लडाइँ गरिरहेको छु।

**एक्लो पर्छु भन्ने लाग्दैन ?**

लाग्दैन, मैले गलत कुरा गरेको छैन, देशलाई समुन्नत बनाउने कुरामा एक्लो परिँदैन। मलाई ठूलो समूहले साथ दिइरहेको छ। एक्लो भएको भए चारवटा सहरमा आयुर्वेदिक अस्पताल बनाउने योजना कार्यान्वयन गर्न मजस्तो साधारण मानिसका लागि सम्भव थिएन।

**पहिलोपल्ट कहिले उपचार गर्नुभयो ?**

सात वर्षको हुँदा। एक जना साथी र म गाई चराउन गएका थियौं। रूख चढ्दा साथी चोकेमा पऱ्यो र उसको खुट्टा काटियो। धेरै रगत बग्यो। गोडा चलाउन पनि भएन। यस्तो बेलामा मैले जंगलमा झार पात पिस्दै उसको खुट्टामा लगाइन दिन थालें। धेरै थरीका झारपात लगाएपछि बल्ल एउटाले काम गऱ्यो। एक घण्टापछि ऊ हिँडेरै घर पुग्यो। आमा-बुबाको गालीबाट बच्न पहिलोपल्ट अन्जानमा उपचार गरेको थिएँ।

**आयुर्वेदतिर किन लाग्नुभयो ?**

मेरो बुवा गाउँमा वैद्य हुनुहुन्थ्यो। विभिन्न जडिबुटी तथा दन्तमञ्जन बनाउनुहुन्थ्यो। म पनि उहाँको सिको गरेर मञ्जन बनाएर स्कुलका सरलाई दिन्थें। उहाँहरूले मलाई हौसला दिनुहुन्थ्यो। यद्यपि म धेरै वर्ष मास्टरी गरेर बसेको थिएँ। सामुदायिक वन जोगाउने अभियानमा पनि लागें। धेरै पछि मात्र आयुर्वेदिक चिकित्सालाई अँगालेको हुँ।

**यसैमा जीवन बिताउँछु भन्ने कहिले लाग्यो ?**


विराटनगरमा आईएस्सी अध्ययन गर्दा एकपल्ट मलाई झाडापखाला लाग्यो। त्यसको उपचार गराउने क्रममा २७ बोतल पानी चढाउनुपऱ्यो। यति गर्दा पनि मलाई ठीक भएन। त्यसपछि मैले एलोप्याथिक समस्याको समाधान होइन भनेर आयुर्वेदलाई अँगालेको हुँ।

**अहिले एउटा उचाइ बनाउनुभएको छ, कस्तो लाग्छ ?**

धेरै गर्न बाँकी छ। आयुर्वेदिक चिकित्सालाई मूल धारको चिकित्सा बनाएपछि मात्र मेरो उद्देश्य पूरा हुन्छ। अहिले त काम गर्ने बेला हो।

**–अश्विनी कोइराला**

# सांस्कृतिक साँझलाई तताइन् अञ्जुले



बुटवल- बर्खे झरीले बाहिर मौसम चिसो थियो तर बुटवल चलचित्र मन्दिरको हल भने सोमबार साँझ निकै तातेको थियो। सांस्कृतिक अध्ययन मञ्च रुपन्देहीले आयोजना गरेको विविध सांस्कृतिक साँझलाई पछिल्लो समय चर्चामा रहेकी गायिका अञ्जु पन्तले तताएकी थिइन्। बुटवलमा पहिलोपटक सांगीतिक प्रस्तुतिका लागि आएकी अञ्जुले हलभरि खचाखच दर्शकमाझ आधा दर्जन गीत प्रस्तुत गरिन्। कालो रङको वान पिस गाउनमा स्टेजमा उत्रिएकी होंचो कदकी अञ्जुका सबै गीतमा दर्शकले गाएर र ताली पिटेर राम्रो साथ दिए भने 'न बिर्सें तिमीलाई...', 'तिम्रो मुटुको कुनै कुनामा' र 'चाहिँदैन तिम्रो माया' लाई वान्समोर भन्दै हुटिङ गरे।

कार्यक्रममा रुपन्देहीका गायक सौगात सायरको 'मेरी चाँदनी', वीरेन्द्र अग्रहरीको 'जिन्दगानी दर्पणछायाँ', सोनु घिमिरेको नृत्य, हास्य कलाकार महादेव त्रिपाठीको क्यारिकेचर र जादूले पनि दर्शको मन उत्तिकै जितेको थियो। 'हाम्रो संस्कृति हाम्रो पहिचान' नाराका साथ देशभित्रका मौलिक संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यसहित आयोजित कार्यक्रममा प्रस्तुत विभिन्न आदिवासी जनजातिका परम्परागत झ्याउरे, घाटु, तामाङसेलो, कौरा, टप्पा, माझी, मञ्जुश्री, मारुनी आदि नृत्यले दर्शकको वाहवाही पाएका थिए। साँझ ५ बजेदेखि ९ बजेसम्म चलेको कार्यक्रममा स्थानीय कलाकार श्रीनिवास चौधरी, पुष्पा पाण्डे र सरू थापाले गीत तथा सुन्दर गुरुङ, दुर्गा थापा आदिले नृत्य गरेका थिए। हालैमात्र माओवादी पार्टी प्रवेश गरेकी अञ्जुको प्रस्तुति हेर्न र उनलाई भेट्न माओवादीका जिल्ला स्तरका नेता तथा कार्यकर्ताको हलमा बाक्लो उपस्थिति पनि हेर्न लायक थियो। कार्यक्रम सकिएपछि अञ्जुको अटोग्राफ लिने र उनीसँग फोटो खिचाउनेको भीडले आयोजकलाई हैरानी पारेको थियो।


**– टोपराज शर्मा**

# नाम परिवर्तन गरेपछि



चलचित्र क्षेत्रमा प्रवेश गरेपछि कलाकारले नाम परिवर्तन गर्नु कुनै नौलो कुरा होइन। विगतदेखि नै कलाकारले आफ्नो वास्तविक नाम परिवर्तन गरेर नयाँ नाम राख्ने परम्परा छ। कतिपयलाई नयाँ नामले फलदायी परिणाम दिन्छ, तर कसैले भने नाम परिवर्तनकै कारण थुप्रै अवसरबाट वञ्चित हुनुपरेको छ। प्रसंग नायिका तथा मोडल प्रेरणा शर्माको हो। चितवनकी स्थायी बासिन्दा प्रेरणा शर्माको वास्तविक नाम विष्णुमाया हो। उनको नागरिकतामा पनि यही नाम उल्लेख छ, तर ग्ल्यामरक्षेत्रमा प्रवेश गरेपछि उनी विष्णुमायाबाट प्रेरणा बनिन्। दर्शकले उनलाई प्रेरणाकै रूपमा चिने। यहाँसम्म त ठीकै हो, तर नागरिकतामा अर्कै नाम उल्लेख भएकैले उनले विदेशबाट प्राप्त अवसरबाट वञ्चित हुनुपरेको छ। नृत्यमा पारंगत प्रेरणालाई विदेशका कार्यक्रममा सहभागी हुन निम्तो आइरहन्छ। प्रेरणा शर्माको नाममा आउने निम्तो पत्रका कारण उनलाई भिसा आवेदन दिन गाह्रो पर्छ, किनभने नागरिकता र पासपोर्टमा उनको नाम अर्कै छ। नामकै कारण विदेशका कार्यक्रममा सहभागी हुन नपाएपछि उनलाई अचेल दुःख पाइस मंगले आफ्नै ढंगले भन्नेहरू धेरै छन्।

# लौन, बुढेसकालमा



तस्बिरमा सोफामा बसेका मानिसलाई चिन्नुभयो ? वर्षौंअघि चलचित्र झुमामा नायिका मौसमी मल्ल 'बोल-बोल पाखाहरू' मा नाच्दा क्यामेरा बोकेर पछि-पछि लाग्ने नायक अर्जुन श्रेष्ठलाई अहिलेका पुस्ताले नचिने पनि पुरानाले त पक्कै चिन्छन्। अर्धनग्न युवतीलाई काखमा राखेर उनको कोमल हातबाट वाइनको चुस्की लिन लागेका यी अभिनेताको यो शैली, त्यो पनि बुढेसकालमा ? कतिलाई मन पर्‍यो वा कतिलाई मन परेन भनेर बहस गर्नुभन्दा निर्देशक आकाश अधिकारीसँग सोधे हुन्छ। उनलाई त अर्जुनको त्यो काम निकै मन परेको छ। किनकि उनको 'ड्रिम प्रोजेक्ट' अर्थात् चलचित्र ...द काठमाडौंमा अर्जुनको भूमिका नै यस्तै छ। जे-जस्तो भए पनि बुढेसकालमा सोह्रवर्षे युवतीलाई काखमा राखेर उनको हातबाट वाइनको चुस्की लिन पाउने भाग्य जो-कसैले कहाँ पाउँछन् र ?

# सोभिताको पारिश्रमिक कुरा


पहिले मोडलिङ, त्यसपछि म्युजिक भिडियोमा अभिनय। तेस्रो चरणमा टेलिभिजन कार्यक्रम प्रस्तोता अनि अहिले चलचित्र नायिका। सोभिता सिम्खडाले करिब पाँच वर्षको अवधिमा विभिन्न परिचय बनाइसकेकी छिन्। पछिल्लो चरणमा चाहिं उनी चलचित्र नायिकाका रूपमा जम्ने तयारी गर्दैछिन्। नेपाल टेलिभिजनमा चलचित्रसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा-गर्दै अभिनयप्रतिको लगाव बढेर आफू नायिका बनेको उनको तर्क छ। उनले अभिनय गरेको पहिलो चलचित्र हो सन्देश, तर चलचित्रमा अभिनय गर्न थालेदेखि नै उनले ओभर एक्टिङ गरेको आरोप पनि लाग्दै आएको छ। सोभिताचाहिं यो कुरा मान्न तयार छैनन्। उनी भन्छिन्– 'यो दर्शकको हेराइमा भर पर्ने कुरा हो।' सोभितालाई नायिकाको पारिश्रमिक नायकको तुलनामा कम भएकोमा चित्त दुखेको छ। 'काम उत्ति नै गर्नुपर्ने भएपछि नायक-नायिकाबीच किन भेदभाव ?' उनको जिज्ञासा छ। सित्तैंमा काम गरिदिने वा कम पारिश्रमिकमै चित्त बुझाउने नायिकाहरूका कारण यस्तो भएको उनको ठहर छ।





● चलचित्र ●

# गुरुबा इन अस्ट्रेलिया



युवापुस्ताका लागि स्वप्नभूमि बन्दै गएको अस्ट्रेलियामा रहेका नेपालीहरूको यथार्थ चित्रण गरिएको चलचित्र 'गुरुबा इन अस्ट्रेलिया' को राजधानीमा विशेष प्रदर्शन गरिएको छ। अस्ट्रेलियामै बस्दै आएका युवा निर्देशक नितेशराज पन्तको कथा, पटकथा, संवाद एवं निर्देशनमा बनेको यो चलचित्रमा लोकप्रिय हास्यअभिनेता सन्तोष पन्तले मुख्य भूमिका निर्वाह गरेका छन्। अर्बिट इन्टरनेसनल एजुकेसनको संयोजनमा राजधानीको विश्वज्योति सिनेमा भवनमा गरिएको विशेष प्रदर्शनीमा चलचित्रका मुख्य अभिनता सन्तोष पन्त तथा निर्देशक नितेशराज पन्तलाई अर्बिटका तर्फबाट महजोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले सम्मान गरेका थिए। उक्त चलचित्रको अधिकांश दृश्य अस्ट्रेलियामै छायांकन गरिएको छ भने पशुपतिनाथ, स्वयम्भू, बौद्धजस्ता पर्यटकीय क्षेत्रलाई पनि चलचित्रमा उतारिएको छ।



# फन्नी पिपुल

आगामी साता नेपालमा गाईजात्रा मनाइँदैछ। गाईजात्राका क्रममा राजधानीमा थुप्रै हास्यव्यंग्यात्मक कार्यक्रम हुँदैछन्। संयोगकै कुरा हो- आज शुक्रबार सार्वजनिक हुने हलिउडको चलचित्र 'फन्नी पिपुल' पनि हास्यव्यंग्यात्मक चलचित्र हो। 'कमेडी' श्रेणीमा वर्गीकरण गरिएको यो चलचित्रमा प्रारम्भदेखि सुरुसम्म नै हाँस्न पाइन्छ।

२ घन्टा २० मिनेट लामो यो चलचित्रको निर्देशन जुड एपाटोले गरेका हुन्। चलचित्रमा एडम सान्डलर, सेथ रोगन, लेज्लि मान, इरिक बाना, जोनाह हिल, जेसन स्वार्ट्जम्यान आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। युनिभर्सल पिक्चर्सले वितरण गर्न लागेको यो चलचित्रको निर्माण ज्याक जियारापुटो तथा सेथ रोगनले संयुक्त रूपमा गरेका हुन्। चलचित्रमा एक जना प्रख्यात हास्यकलाकारको संघर्षको कथा समेटिएको छ। ती हास्य कलाकारले मृत्युको नजिकसम्म पुग्नुपरेको अनुभवलाई चलचित्रको मुख्य विषय बनाइएको छ। हास्यकलाकारको जीवनमा आइपर्ने सुखद तथा दुःखद घटनाक्रमलाई चलचित्रमा आकर्षण ढंगले चित्रण गरिएको छ। लस एन्जलस तथा क्यालिफोर्नियामा छायांकन गरिएको यो चलचित्र सबै उमेरका दर्शकले हेर्न सक्छन्।

# लव आज कल

सैफअली खान बलिउडका सफल अभिनेता हुन्। आज शुक्रबार प्रदर्शन हुने चलचित्र 'लव आज-कल' मार्फत उनी निर्माताका रूपमा दर्शकमाझ पुग्दैछन्। त्यसो त यो चलचित्रको मुख्य भूमिका पनि उनैले निर्वाह गरेका छन्। चलचित्रमा सैफअलिका अतिरिक्त दीपिका पादुकोण, नीतू सिंह, ऋषि कपुर, राहुल खन्ना, वीर दास आदि कलाकारले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। 'लव आज-कल' एउटा रोमान्टिक चलचित्र हो। चलचित्र प्रदर्शन हुनुअघि नै यसको संगीत श्रोताहरूको जिब्रोमा झुन्डिसकेको छ। यो चलचित्रको निर्देशन इम्तियाज अलीले गरेका हुन्। प्रीतम चक्रवर्ती चलचित्रका संगीतकार हुन्। बेलायत तथा भारतमा छायांकन गरिएको यो चलचित्रका लागि नीरज श्रीधर, मास्टर सलिम, साजि क्यू, सुनिधि चौहान, मोहित चौहान, राहत फतेह अलि खान तथा केकेले स्वर प्रदान गरेका छन्।



चलचित्र दुई पुस्ताको प्रेमलाई चित्रण गरिएको छ। लन्डनमा बसोबास गर्ने जय (सैफअलि) तथा मीरा (दीपिका) वर्तमान पुस्ताका प्रेमी हुन्। दुवै निकै खुसी छन् तर विवाहजस्तो परम्परामा उनीहरूको विश्वास छैन। जब जिन्दगीले उनीहरूलाई भिन्न दिशातर्फ डोहोर्‍याउँछ तब उनीहरू खुसी-खुसी त्यो बहावमा जान मन पराउँछन्। जयको धारणा छ- हीर-राँझा, रोमियो-जुलियटजस्तो जन्म-जन्मको साथ केवल पुस्तकमा मात्र पढ्न पाइन्छ। वास्तविक जीवनका प्रेमी-प्रेमिका व्यावहारिक हुनुपर्ने उनको मान्यता छ। चलचित्रमा सन् १९६५ को प्रेम-प्रसंगलाई पनि समावेश गरिएको छ। झन्डै ४४ वर्षअघि पहिलो पटक वीरसिंहले हरलीनलाई देख्नेबित्तिकै सबै कुरा बिर्सन्छन्। रूखको फेदमा उभिएर कसम खाँदै उनी हरलीनसँगको सम्बन्ध जन्म-जन्मसम्म कायम रहोस् भन्ने कामना गर्छन्। वर्तमान समयका प्रेमी जयले प्रेमलाई हल्का रूपमा लिएकोमा वीर आश्चर्यमा परेका छन्। जयका लागि प्रेम परिवर्तनशील छ। जयलाई वीरको प्रेम गर्ने शैली नौलो लागेको छ। वीरसिंह हरलीनको मात्र प्रेमी भएकोमा उनलाई अचम्म लागेको हो। चलचित्रको अन्त्यमा भिन्न-भिन्न कालखण्डका प्रेमी-प्रेमिकाको सम्बन्ध भिन्न-भिन्न भए पनि प्रेममा परेपछिको अनुभव भने एउटै हुन्छ भन्ने कुरा दर्साइएको छ।

● सानो पर्दा ●

## तराई टेलिभिजनमा ममता

तराई टेलिभिजनबाट नयाँ टेलिश्रृंखला 'ममता' को प्रसारण प्रारम्भ भएको छ। प्रत्येक आइतबार राति ९ बजे प्रसारण हुने यो श्रृंखलाको निर्देशन ऋषिराज आचार्यले गरेका हुन्। श्रृंखलामा नवीन श्रेष्ठ, शीतल केसी, आकाश सिंह खवास, रञ्जु लामिछाने, सुवास आचार्य, गोपाल आचार्य, विजय बीसी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। निर्देशक आचार्यले नै श्रृंखलाको कथा, पटकथा तथा संवाद लेखेका हुन्। ५२ भाग लामो यो श्रृंखलामा समाजमा विद्यमान अन्धविश्वासका कारण नारीले भोग्नुपरिरहेका पीडा तथा संघर्षलाई चित्रण गरिएको छ। निर्देशक आचार्यले यसअघि नेपाल टेलिभिजन, नेपाल वान आदि च्यानलबाट प्रसारण भैसकेका 'गंगा-जमुना', 'पुरुष तिमी पुरुष', 'कथा सुख-दुःखको' आदि टेलिश्रृंखलामा मुख्य सहायक निर्देशकका रूपमा काम गरेका थिए।

## हास्यकलाकारबाट लेखिका

दीपकराज गिरीको हास्य टेलिश्रृंखला 'तीतो-सत्य' मा दीपाश्री निरौलाको सौता तथा सभासदको भूमिका निर्वाह गरेर दर्शकलाई हँसाइसकेकी कलाकार जया ओझा अब चलचित्र लेखकका रूपमा चिनिने भएकी छिन्। अन्य केही टेलिश्रृंखलामा समेत अभिनय गरिसकेकी ओझाले निर्माणाधीन चलचित्र 'कवज' मार्फत लेखनयात्रा प्रारम्भ गरेकी हुन्। दुई नेपाली चलचित्र, एउटा भोजपुरी चलचित्र, केही म्युजिक भिडियोमा समेत अभिनय गरिसकेकी कलाकार ओझाले छायांकनकै क्रममा रहेको 'तिमीबिनाको जीवन' तथा 'पहिलो माया' को पटकथासमेत लेखिसकेकी छिन्। चलचित्र लेखनका साथै अभिनयलाई पनि निरन्तरता दिइरहने ओझाको योजना छ।

## सिम्पलको व्यस्तता

कान्तिपुर टेलिभिजनको बिहानी प्रसारण हेर्ने दर्शकका लागि सिम्पल खनाल परिचित अनुहार हो। प्रत्येक बिहान नौदेखि दस बजेसम्म



प्रसारण हुने 'भविष्य दर्पण' मा ज्योतिषीद्वय वासुदेवकृष्ण शास्त्रीसँगै प्रस्तुत हुने सिम्पल पछिल्लो समय विज्ञापन तथा म्युजिक भिडियोमा छाएकी छिन्। टेलिभिजनबाट प्रसारण भैरहेका आधा दर्जनभन्दा बढी विज्ञापनमा सिम्पलले अभिनय गरेकी छिन्। यसबाहेक अहिलेका केही चर्चित गीतका म्युजिक भिडियोमा पनि उनलाई देख्न पाइन्छ।

## डायल द १००

तराई टेलिभिजनबाट प्रसारण भैरहेको अपराध तथा अनुसन्धानमा केन्द्रित टेलिश्रृंखला 'डायल द १००' ले दर्शकको मन जितेको यसका निर्देशक बाबुराम ढकालले बताएका छन्। टेलिश्रृंखलाको कथा, पटकथा, संवाद लेखन पनि निर्देशन ढकालले नै गरेका हुन्। श्रृंखलामा सुनिलदत्त पाण्डे, नागेन्द्र रिजाल, नीता ढुंगाना, विनोद मानन्धर, विमल पौडेल, सुकृति खरेल आदि कलाकारको प्रमुख भूमिका छ। विमल पौडेल निर्माता रहेको यो श्रृंखला बढीमा पाँच भाग लामो हुन्छ। प्रत्येक पाँच श्रृंखलापछि यसको कथा तथा विषयवस्तु परिवर्तन हुनेछ। यो श्रृंखला प्रत्येक बिहीबार राति आठ बजे प्रसारण हुन्छ।


कान्तिपुर पब्लिकेसन्सको एउटा उत्कृष्ट प्रकाशन

नेपाली नारीको अभिन्न संगी

प्रत्येक महिना हरेक घरमा




# रिसाएकी प्रेयसीलाई फकाउन कुन हदसम्म जान सक्नुहुन्छ ?

## केवल एक प्रश्न

उनलाई मनपर्ने कुरा पत्ता लगाउने र उनले चाहेको काम गर्ने। प्रेयसीलाई फकाउन माया र प्रेम नै पर्याप्त हुन्छ।

**-आलोकश्री (संगीतकार)**

के गर्नुपर्छ थाहा भएन....पहिले प्रेयसी बनाउनुपर्‍यो, त्यसपछि उनी रिसाउनुपर्‍यो, अनि पो फकाउने कुरा आउँछ।

**-आर्यन सिग्देल (चलचित्र नायक)**

ओहो...केसम्म गर्न सक्छु होला त ? अँ......हातमा रातो गुलाफको फूल लिन्छु अनि घुँडा टेकेर आई एम सरीसम्म भन्न सकिन्छ होला। म त उनलाई फकाउन कविता रच्छु, गीत गाउँछु, त्यतिले पनि नभए उनकै लागि पेन्टिङ बनाउँछु होला।

**-चिराग बाङ्देल (चित्रकार)**

कति सजिलो छ फकाउन....उनलाई लिएर गएर टन्न सपिङ गराउनुपर्छ, तुरुन्तै प्रसन्न भैहाल्छिन्।

**-आशिष स्याङ्देन (रेडियो जक्की)**

जबसम्म उनी मान्दिनन्, तबसम्म फकाउने प्रयत्न गरिरहन्छु। उनले भनेका सबै कुरा मान्छु। यहाँसम्म कि म आफू लज्जित हुने काम पनि गर्न सक्छु, तर पब्लिकमा होइन।

**-सन्तोष सिलवाल गिरी (विज्ञापनकर्मी)**



## जम्का भेट



तस्बिर : साइबर संसार डटकम

कृषा चौलागाईं, चलचित्र निर्मात्री हुन्। 'इन्साफ' को निर्माणक्रममा निर्देशक सोभित बस्नेतसँग पानी बाराबारको अवस्था आएको थियो भने 'कसम हजुरको' मा निर्देशक रामराजा दाहालसँग पनि उनको सम्बन्ध बिग्रिसकेको छ। 'बोल्ड' स्वभावकी चौलागाईंले 'कसम हजुरको'का लागि अनुबन्ध भैसकेका नायक विराज भट्टलाई समय मिलाउन नसक्ने भएपछि हटाएको बताउँछिन्। छायांकन सकिएको चलचित्र 'कसम हजुरको' को पोस्ट प्रोडक्सनका लागि दाहालसँग कुरा गर्न गएकी निर्मात्री चौलागाईंलाई उनले लछार-पछार गरी कुटेको खबर पनि सार्वजनिक भयो।

**रामराजाले तपाईंलाई किन हात हाले ?**

मलाई पनि थाहा छैन। म ट्याक्सीमा जाँदै थिएँ। ज्ञानेश्वरको सिटी सेन्टरअगाडि सुटिङ गरिरहेको अवस्थामा उसलाई देखेँ। मेरो चलचित्रको सम्पादन भैरहेको छ, त्यहाँ आउनका लागि आग्रह गर्न मैले ट्याक्सी रोक्न लगाएँ। उसले मलाई देख्यो र ट्याक्सीको ढोका खोल्यो, मलाई तानेर भुइँमा लडायो। अनि फेरि उठाएर दाहिने गालामा चड्कन हान्यो। म अक्क न बक्क भएँ। ट्याक्सीमा चढेँ र लज्जित हुँदै फर्किएँ।

**उनले त्यसै त हात हाल्नेनन् होला ?**

त्यो दिन बिहान फोनमा हामीबीच चलचित्र सक्ने कुरामा सामान्य विवाद भएको थियो। सुटिङ स्पटमा उसलाई सबैका अघि हिरो बन्नु थियो होला, मलाई पिटेर दादागिरी देखाउनु थियो होला।

**तपाईंहरूबीच निर्माता र निर्देशकको सम्बन्ध मात्र नभएर प्रेमसम्बन्ध पनि थियो, हो ?**

त्यो प्रेम होइन, भूल थियो।

**त्यो घटनाका कारण प्रेमसम्बन्ध त होइन ?**

हामीबीच गहिरो प्रेमभन्दा पनि आकर्षण थियो। विवाहित, छोराछोरीका बाबुसँग साँचो प्रेम राख्न खोजेँ, तर ऊ अवसरवादी रहेछ।

**चलचित्रको काम त बाँकी नै छ, निर्देशन कसरी गराउनुहुन्छ ?**

मैले त्यो घटनापछि उसलाई चलचित्रबाट निकालिसकेँ। सम्पादन कक्षमा आफैं बसेर सम्पादन गराइरहेकी छु। प्रचार सामग्री बनाउन आफैं खटिरहेकी छु। अब यो चलचित्रको निर्माता भन्नुहोस् वा निर्देशक त्यो म मात्र हुँ।

**तपाईंको सम्बन्ध हरेक चलचित्रमा निर्देशकसँग किन बिग्रन्छ ?**

म सही कुरा गर्छु। लगानी गरेपछि चलचित्रमा मेरो अधिकार बढी हुन्छ। उहाँहरू त पारिश्रमिक लिनुहुन्छ, जानुहुन्छ। भोलि चलचित्र चलेन भने त मेरो लाखौं डुब्छ। फेरि म आजको युगकी पढे-लेखेकी युवती हुँ। मैले बे□वाँकको सल्लाह त पक्कै दिएकी हुन्नँ। मैले सल्लाह दिँदा वा काम गराउन खोज्दा उहाँहरूले फुच्ची केटी भनेर हेप्न खोजेपछि विवाद हुन्छ।

## लोकगीत प्रतियोगिताको तयारी

तीजको अवसर पारेर नेपाल महिला संघ, काठमाडौं जिल्ला कार्यसमितिले लोकगीत प्रतियोगिता गर्ने भएको छ। संविधान र महिला विषयक उक्त लोकगीत प्रतियोगिता आगामी साउन २७ गते हुनेछ।

## रामकृष्णलाई मातृशोक

गायक रामकृष्ण ढकाललाई मातृशोक परेको छ। ढकालकी आमा चन्द्रमाया ढकालको अघिल्लो मंगलबार निधन भएको हो। ७३ वर्षीया चन्द्रमायाको सिमरास्थित आफ्नै निवासमा निधन भएको हो। स्व. ढकाल दम तथा मधुमेहबाट पीडित थिइन्। एक दाजु तथा दुइ भाइ विदेशमा रहेकाले गायक ढकाल अहिले एक्लै राजधानीको हात्तीगौंडास्थित आफ्नै निवासमा किरिया बसेका छन्।

## अनुमानको विमोचन

गायक सावन सुब्बाले गाएका गीतहरूको संग्रह 'अनुमान' को विमोचन वरिष्ठ गायक प्रेमध्वज प्रधानले गरेका छन्। केही समयअघि राजधानीमा आयोजित एक समारोहमा गायक प्रधानले सुब्बाको पहिलो संग्रह विमोचन गरेका हुन्। धौलागिरि क्यासेट सेन्टरको यो उत्पादनको विमोचनका क्रममा एउटा म्युजिक भिडियो पनि सार्वजनिक गरिएको थियो। संग्रहमा पूर्णश्रीद्वारा संगीतबद्ध सातवटा गीत समावेश छ।

## डडेलधुरामा सांगीतिक कार्यक्रम

गायिका कुन्ति मोक्तानले जीवनमै पहिलो पटक सुदूर पश्चिमको डडेलधुरा पुगेर आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरिन्। स्थानीय टुँडिखेलमा आयोजित सांगीतिक कार्यक्रममा गायिका मोक्तानले 'चोली राम्रो पाल्पाली ढाकाको...' गाएपछि भनिन्– 'यतिको माया गर्ने दर्शकहरू हुनुहुँदो रहेछ, चाँडै नै छोरीहरू र श्रीमान्सहित आउनेछु।' कार्यक्रममा गायिका नलिना चित्रकारले पनि आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेर दर्शकलाई मनोरञ्जन प्रदान गरेकी थिइन्। कार्यक्रममा झाडापखालाबाट बच्न अपनाउनुपर्ने सचेतताका गीत पनि प्रस्तुत गरिएको थियो।

## युरोपमा नेपाली संगीत

नेपाली संगीतकर्मीहरूको एउटा समूह सांगीतिक कार्यक्रम प्रस्तुत गर्न युरोप प्रस्थान गरेको छ। तीन जना गायक तथा एक जना डिजे सांगीतिक कार्यक्रममा सहभागी हुन गत सोमबार त्यसतर्फ प्रस्थान गरेका हुन्। समूहका गायक मिङ्मा शेर्पा, अभिनाश घिसिङ, रोज मोक्तान तथा डिजे तेन्जिङ सहभागी छन्। समूहले बेल्जियम, हल्यान्ड, फ्रान्स, स्वीजरल्यान्ड, स्पेन, इटली, पोर्चुगल आदि देशमा नेपाली गीत-संगीत प्रस्तुत गर्ने आयोजक नमस्ते इन्टरटेन्मेन्टका पाल्देन शेर्पाले बताए।

## तीज गीत प्रतिबन्धित

नेपाल टेलिभिजनले तीज गीतमा आधारित एउटा म्युजिक भिडियोको प्रसारणमा रोक लगाएको छ। 'सुन बाबुराम नयाँ नेपाल कुन चरीको नाम हो' भाकाको गीतको भिडियोलाई नेपाल टेलिभिजनले प्रसारणमा रोक लगाएको हो। माछापुच्छ्रे म्युजिकले बजारमा ल्याएको तीज गीतमा नयाँ नेपाल कसरी बन्छ भनेर महिलाहरूले सोधेको प्रश्नलाई आधार बनाएर दोहोरी गाइएको छ। यो गीत कृष्ण देवकोटा तथा देवी घर्तीको स्वरमा रेकर्ड गरिएको छ।

## अरुण स्मृति संगीत पुरस्कार

लोकगायिका शिवा आलेलाई यस वर्षको अरुण स्मृति संगीत पुरस्कार प्रदान गरिएको छ। लोकसंगीतमा पुऱ्याएको योगदानको कदर गर्दै गायक स्व. अरुण थापाको दसौं स्मृति दिवसको अवसर पारी नेपाल मगर विद्यार्थी संघले गायिका आलेलाई सम्मान गरेको हो। यो पुरस्कार हरेक वर्ष साउन ५ गते मगर समुदायका गायक-गायिकामध्ये एक जनालाई प्रदान गरिन्छ। पुरस्कारमा ५ हजार रुपैयाँ नगद तथा सम्मानपत्र छ। सम्मानित गायिका घर्तीले हालसम्म 'फूलमै रानी', 'दासढुंगा', 'झ्याईं पाऱ्यो', 'टेलिफोनको तार', 'लरीरै', 'बरिलै', 'कति सुहायो' लोकदोहोरी तथा भजनका २६ वटा संग्रह बजारमा ल्याइसकेकी छिन्। सम्मानित भएपछि गायिका घर्तीले 'छाडेन आँसुले...' गीत गाउँदै गायक थापाको स्मरण गरेकी थिइन्।

## सम्झनाका गीत

प्रदर्शनको तयारीमा रहेको चलचित्र 'सम्झना' का गीतहरूको संग्रह सार्वजनिक भएको छ। प्रज्ञा फिल्म्सले निर्माण गरेको 'सम्झना' का गीतहरू महेश खड्काले संगीतबद्ध गरेका छन्। चलचित्रका छवटा गीतमा अञ्जु पन्त, प्रमोद खरेल, सोम निरौला, दीपक लिम्बू आदिले स्वर प्रदान गरेका छन्।

## तीज गीतका दुई संग्रह

गायिका सुनिता दुलाल तथा गायक खुमानन्द गौतमले दुई छुट्टा-छुट्टै तीज गीतसंग्रह सार्वजनिक गरेका छन्। गायिका दुलालले तीजका गीतहरूको भिडियो संग्रह 'अब त मैले नि झुम्का लगाउँछु' तथा गायक गौतमले तीज गीतको संग्रह 'शिरैमा शिरफूल' श्रोतामाझ ल्याएका हुन्।

## लगातार गाईजात्रे संग्रह

कमल गाउँले हास्यकलाकारका रूपमा चिनिन्छन्। पछिल्लो समयमा 'तीतो सत्य' मा जेठान दाइको भूमिकाबाट चर्चित गाउँले विगत नौ वर्षदेखि गाईजात्रे गीतिसंग्रह प्रकाशित गर्ने एक मात्र कलाकार हुन्। उनले पहिलो पटक २०५७ सालमा 'महापुराण' शीर्षकको गाईजात्रे संग्रह तयार गरेका थिए। त्यसपछि उनले 'विष्णुपुराण', 'गरुड पुराण', 'टीके सरकार', 'सत्यानाश भो', 'जय जनता' आदि शीर्षकका गाईजात्रे संग्रह प्रकाशित गरिसकेका छन्। यस वर्ष गाउँलेले '२२ पुतली' शीर्षकको गीतिसंग्रह श्रोतामाझ ल्याएका छन्। 'अहिले देशमा २२ वटा दल मिलेर सरकार गठन गरिएको विषयलाई व्यंग्य गर्दै गाईजात्रे संग्रह तयार पारेको छु,' गाउँले भन्छन्– 'यसअघिका संग्रहजस्तै यसले पनि श्रोताहरूको मन जित्ने कुरामा ढुक्क छु।'

## सहयोग गरे लाक्पाले

गायक लाक्पा शेर्पाले मिर्गौला रोगबाट पीडित एक बिरामीलाई आर्थिक सहयोग प्रदान गरेका छन्। गायक शेर्पाले आफ्नो नयाँ गीतिसंग्रह 'मुड्स अफ लाक्पा' को बिक्रीबाट उठेको रकम सँयं कुमालको मृगौला प्रत्यारोपणका लागि प्रदान गर्ने घोषणा गरेका थिए। गत साता अस्पताल भर्ना गरिएका कुमालको उपचारका लागि गायक शेर्पाले गत मंगलबार ४ लाख रुपैयाँ हस्तान्तरण गरेका हुन्। कुमालको गत बुधबार नै शल्यक्रियामार्फत मृगौला प्रत्यारोपण गरिएको छ। कुमाललाई उनकी श्रीमतीले मिर्गौला प्रदान गरेकी हुन्। गायक शेर्पाका अनुसार हालसम्म बिक्री भएको ४ हजार प्रतिको रकम हस्तान्तरण गरिएको हो। गायक शेर्पाका अनुसार संग्रहको १५ हजार प्रतिसम्मको रकम बिरामीलाई औषधी उपचारका लागि प्रदान गरिनेछ।

## फर्किए सुरेन्द्र मुखिया

गायक सुरेन्द्र मुखिया नयाँ गीतिसंग्रहमार्फत् सांगीतिक क्षेत्रमा फर्किएका छन्। उनले गाएका साई भजनहरूको संग्रह तथा पुस्तकको गत शनिबार संगीतकर्मी अम्बर गुरुङले एकसाथ विमोचन गरेका थिए। विमोचन समारोहमा मुखियाले आफ्ना दाजु-भाउज् भविमान तथा लक्ष्मी मुखियाको नाममा स्थापित भवि-लक्ष्मी संगीत प्रतिष्ठान स्थापना गरिएको पनि घोषणा गरे। प्रतिष्ठानमार्फत हरेक वर्ष उनीहरूकी दिवंगत आमाको नाममा स्थापित अतिमाया संगीत पुरस्कार प्रदान गरिनेछ। साई भजनहरूको संग्रहका गीतकार राजकुमार दाहाल हुन्।

## अस्ट्रेलियामा भद्र

चितवनका गायक भद्रध्वज गुरुङ यतिबेला अस्ट्रेलियामा छन्। अध्ययनका क्रममा केही महिनाअघि अस्ट्रेलिया पुगेका गायक गुरुङ त्यहाँ आयोजना हुने कुनै पनि नेपाली सांगीतिक कार्यक्रममा छुट्दैनन्। केही समयअघि गायक रामकृष्ण ढकाल सांगीतिक कार्यक्रमको क्रममा अस्ट्रेलिया पुग्दा गायक गुरुङको व्यस्तता थप बढ्यो। रामकृष्णसँगै गुरुङले आफ्ना नयाँ तथा पुराना पप गीत गाएर त्यहाँ बसोबास गरिरहेका नेपालीहरूलाई मनोरञ्जन प्रदान गरेका थिए।

## राजधानीमा बंगाली संगीत

बंगलादेशका कलाकारहरूको 'प्राच्यानात' नाट्यसमूहले गत आइतबार राजधानीमा सांगीतिक कार्यक्रम प्रस्तुत गरेको छ। राजधानीमा आयोजित बंगलादेश तथा नेपालका कलाकारहरूको चित्रकला प्रदर्शनीको उद्घाटनपछि उनीहरूले बंगाली धुन प्रस्तुत गरेका हुन्। बंगलादेशको संस्कृति प्रदर्शनका लागि काठमाडौं आएको यो समूहले ढोलक, तबला, नरसिंगा तथा भ्वाइलिनमार्फत बंगाली संगीतको स्वाद चखाएका थिए।

## लोकगीतको म्युजिक भिडियो

पूर्वेली लोकगीत 'चौतारे कान्छाको मुरी सम्झना...' को म्युजिक भिडियो निर्माण भएको छ। समीर सिंगक र लीला राईको स्वर तथा खगेन्द्र यक्सोको शब्द रहेको लोकगीतको धरान वरिपरि छायांकन गरिएको छ। धरानको मेघा मुभी प्रोडक्सन हाउसले तयार गरेको उक्त भिडियोको छायांकन नरेश चौधरीले गरेका हुन् भने निर्देशन र सम्पादन रञ्जित सिंहले गरेका छन्। गायिका जानुका जलन तथा विप्लव राईले अभिनय गरेको उक्त भिडियो यसै साता बजारमा आउने निर्देशक सिंहले बताए।

## ● अफबिट ●



गायिकाको भिडियो : **गायिका अनुमा कोइरालाको नयाँ संग्रह 'जहिलेदेखि' को शीर्ष गीतको म्युजिक भिडियोमा अभिनय गर्दै मोडलहरू। यो म्युजिक भिडियोका निर्देशक फुर्वा शेर्पा हुन्।**

## ● म्युजिक अपडेट ●

## साप्ताहिक लाइभ

### अमेरिकामा गजल नाइट

अमेरिकाको बाल्टिमोरमा भोलि शनिबार गीत गजल नाइट शीर्षकको सांगीतिक कार्यक्रम आयोजना हुँदैछ। बाल्टिमोरस्थित माउन्ट एभरेस्ट रेस्टुराँमा आयोजना हुने सांगीतिक कार्यक्रममा सपनाश्री, दिनेश भण्डारी, विमल बुढाथोकी आदिले गीत-संगीत प्रस्तुत गर्दैछन् भने नायिका सारंगा श्रेष्ठले आकर्षक नृत्य प्रस्तुत गर्नेछिन्।

### वाटर किङ्गडममा कन्सर्ट

धादिङको वाटर किङ्डम रेस्टुराँमा आगामी साउन २४ गते शनिबार एउटा सांगीतिक कार्यक्रम हुँदैछ। कार्यक्रममा नवीन के भट्टराई, कमलमान सिंह, प्रमोद निर्वाण, सुरज सिंहका साथै सांगीतिक समूह एन्जल्स ब्याक अप ब्यान्डका रूपमा सहभागी हुँदैछ।

## ● नजिकबाट ●

# अर्जुनकुमार



| | | |
|---|---|---|
| जन्ममिति | : | १३ असार |
| जन्म स्थान | : | त्रिशूली |
| रुची | : | चित्रकला तथा गायन |
| अध्ययनन | : | स्नातक |
| प्रकाशित एल्बम | : | रोजें तिमीलाई, हृदय, प्यासन, क्यालिबर |
| पहिलो गीत | : | घर त मेरो त्रिशूली |
| मनपर्ने गीत | : | यति चोखो यति मीठो |
| पहिलो बाजा | : | गिटार |
| नजिकको साथी | : | मेरी श्रीमती रमी |
| मनपर्ने गायक | : | प्रेमध्वज प्रधान |
| मनपर्ने नायक | : | सरोज खनाल |
| मनपर्ने नायिका | : | मेलिना मानन्धर |
| गायक नभएको भए | : | चित्र कोर्थे |
| रिस उठेको बेला | : | सामान तोडफोड गर्छु |
| मनपर्ने बानी | : | म आँटिलो छु |
| मन नपर्ने बानी | : | बिनाकारण रिसाउने |
| रमाइलो क्षण | : | प्यासन एल्बम हिट हुँदा |
| नरमाइलो क्षण | : | खासै छैन |
| पहिलो डेटिङ | : | सम्झना छैन |

## ● साताको स्वर ●



शबनम गुरुङ

**मन्द मन्द...कस्तो गीत हो ?**

यो सुगम संगीतमा गाइएको आधुनिक शैलीको गीत हो।

**कस्ता श्रोताका लागि यो गीत तयार पार्नुभएको हो ?**

सुगम संगीत मन पराउने सबै स्रोताका लागि।

**श्रोताले यो गीत कत्तिको मन पराए त ?**

गीतबाट सकारात्मक प्रतिक्रियाहरू पाइरहेको छु।

**कुन पक्ष स्तरीय बनेको मान्नुहुन्छ ?**

शब्द र संगीत स्तरीय छ। यसबाहेक गायकीमा पनि उत्तिकै मेहनत गरेकी छु।


**म्युजिक भिडियोबाट सन्तुष्ट हुनुहुन्छ ?**

सोचेभन्दा राम्रो बनेको छ। भिडियोकै कारण पनि श्रोताहरूले यो गीत मन पराएका छन्।




भारतबाट सञ्चालनमा आएको पहिलो अन्तर्राष्ट्रिय अश्लील वेबसाइट सविता भाभी डटकममाथि सरकारले प्रतिवन्ध लगाएको छ। सविता भाभी भन्ने काल्पनिक चरित्रलाई कमिकमार्फत सार्वजनिक गर्न यो साइट भारतमा तीव्र गतिमा लोकप्रिय हुँदै गएको थियो। गाउँबाट सहर आएकी एक युवतीका श्रीमान् अफिसको कामबाट कहिल्यै छुट्टी लिन नचाहने स्वभावका हुन्छन्। श्रीमान्को यस्तो व्यवहारबाट दिक्क सविता यौनकुण्ठामा पर्छिन्। ती महिला आफ्नो तृष्णा पूरा गर्न विभिन्न उपाय अपनाउँदै परपुरुषमार्फत सन्तुष्टि लिन थाल्छिन्। यस क्रममा उनले घरको कामदार, चिकित्सक, पाहुना, घरमा सामान बिक्री गर्न आएका सेल्समयान, घर वरिपरि क्रिकेट खेल्ने युवाहरूलाई प्रयोग गरी सन्तुष्टि लिएको देखाइएको छ। ७० प्रतिशत दर्शक भारतका रहेको यो साइट हाल अमेरिका र युरोपमा पनि लोकप्रिय हुँदै गएको र विश्वका ८० राष्ट्मा हेरिने साइट निर्माताको दाबी छ। यो साइटमा प्रत्येक महिना ६ करोड नयाँ दर्शक आउने गरेका छन्। केही महिनाअघि यो साइटले गरेको सर्वेक्षणमा यसका अधिकांश दर्शक महिला रहेको पाइएको थियो।

● पहिलो विश्व ●



## निर्वस्त्र कीर्तिमान

पश्चिमी मुलुकहरूमा निर्वस्त्र बस्न पाउने अधिकार आन्दोलनका रूपमा विकसित हुँदै गएको छ। यस्ता अधिकारवादीहरूलाई लक्षित गरेर कैयौं समुन्द्री तटदेखि होटलसमेत सञ्चालनमा आएका छन्। यो अभियानमा लागेकाहरू सडकमा समेत निर्वस्त्र भएर हिंड्न पाउनुपर्ने अधिकार मागिरहेका छन्। यसै क्रममा निर्वस्त्र बस्न पाउने अधिकारलाई विश्वव्यापी गर्न एसोसिएसन फर न्युड रिक्रिएसनले अमेरिका र क्यानाडामा एकै पटक सर्वाधिक व्यक्ति निर्वस्त्र भएर पोखरीमा पौडिएको कीर्तिमान कायम गरेको छ। गिनिज बुक अफ वर्ल्ड रेकर्ड्समा नयाँ कीर्तिमान दर्ता गराउन चालिएको उक्त अभियानमा अमेरिकाको न्यू जर्सीको पोखरीमा १ सय ३४ जनाले र भर्जिनियाको हवाइट टायल न्यूड रिसोर्टमा ३ सय १७ जनाले निर्वस्त्र पौडी खेलेका थिए। यो कीर्तिमान् भंग गर्ने कार्यमा निर्वस्त्र अभियानका सदस्यहरूका साथै केही नयाँ अनुहार पनि सहभागी भएका थिए। एसोसिएसनका अनुसार अहिले अमेरिका र क्यानाडामा निर्वस्त्र अभियानकर्ता १२ हजारको हाराहारीमा छन्। अर्को वर्ष यसपटक कायम गरिएको कीर्तिमान भंग हुने आशा पनि एसोसिएसनले राखेको छ।

## आकाशमा मज्जा

आकाशमा सहवासको मज्जा लिने रहर राख्नेहरूको संख्या धेरै भए पनि त्यसलाई यथार्थमा परिणत गर्नेहरूको संख्या भने ज्यादै कम होला। हालै अस्ट्रेलियामा सञ्चालनमा आएको 'इरोटिक एयरवेज' को ध्येय भने अकाशमा यौनआनन्द लिन चाहनेहरूलाई सेवा पुऱ्याउनु हो। ब्रिसबेनमा मुख्य कार्यालय रहेको यो एयरवेजले अहिले दुईवटा इन्जिन भएको बीच क्राफ्ट विमानलाई प्रयोगमा ल्याएको छ। यो विमानभित्र तीनवटा डबल बेड छ जसलाई बाहिरबाट कसैले व्यवधान गर्न सक्दैनन्। त्यहाँ विमानका कर्मचारीहरूको प्रवेशमा रोक लगाइएको छ। यो एयरलाइन्सले अहिले हनिमुन मनाउने, विवाहको वार्षिक उत्सव तथा जन्मदिन मनाउनेहरूलाई विशेष प्राथमिकता दिने गरेको छ। यो विमानले यात्रुहरूले तिर्ने शुल्क अनुसार उडान भर्छ। 'सेक्सपिडिसन' नामकरण गरिएको यो उडानमा यात्रुले १ घन्टाको ८ सय ७५ डलर र ४० मिनेट यात्राको ६ सय ७५ डलर तिर्नुपर्छ। साढे ५ हजार फिट माथि हुने उडानमा कोठाभित्रको गोप्यता भंग नहोस् भनेर विमान कम्पनीले विशेष ख्याल गरेको छ भने जोडीको यात्रालाई अझ मनोरञ्जक बनाउन स्याम्पेन तथा चकलेटहरू प्रदान गरिन्छ।




अन्त्यमा...

अमेरिकाको इन्डियानास्थित दुईवटा विश्वविद्यालयका विद्यार्थीहरूबीच गरिएको सर्वेक्षणमा अधिकांश छात्रछात्राले यौनसम्पर्कका बेला भाइब्रेटर प्रयोग गर्ने कुरा बताएका छन्। डा. डेब्रा हर्बेनिक तथा उनका सहयोगीहरूले १८ वर्षदेखि ६० वर्षका २ हजार ५६ विद्यार्थीमा गरेको सर्वेक्षणमा आधाभन्दा बढी ५२ दशमलव ५ प्रतिशत महिलाले भाइब्रेटर प्रयोग गर्ने गरेको बताए, जसमा प्रत्येक ४ जनामध्ये १ जनाले पछिल्लो एक महिनामा प्रयोग गरेको जानकारी गराएका थिए।

भाइब्रेटरको प्रयोग गर्ने महिलाहरूमध्ये अधिकांश यौनरोग चिकित्सककहाँ परीक्षण गर्न जाने गरेको र त्यसमा कतिपयले मासिक रूपमा आफैं परीक्षण गर्ने गरेको बताए। सर्वेक्षणमा छात्राको तुलनामा छात्रहरूले भाइब्रेटरको प्रयोग कम गरेको पाइयो। सर्वेक्षणमा सहभागी ४४ प्रतिशतले जीवनमा पहिलो पटक उक्त उपकरण प्रयोग गरेको बताएका थिए।



तु-आवश्यकता
International Project को लागि कर्मचारी आवश्यकता।
योग्यता: SLC or Above
संख्या: 5 Ladies / Gents
सुविधा: 9500+ सञ्चय कोष +दशैं भत्ता (होस्टल भएको)
URI | USI
6637290 | 9849195511
9849302980 | 9803437476
नयाँबाटो ठिमी भक्तपुर | ललितपुर नख्खु दोबाटो
Note : Office Visit गर्दा Document ल्याउनु होस्।

सस्तो सौन्दर्यका सामानहरु
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन घटाउने, बढाउने र टाइट गर्ने
- हाइट बढाउन
- डण्डीफोर, चायाँ पोतो हटाउने
- जोंड रक्सी, धुम्रपान छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने र उमार्ने तेल
- मोटोपन घटाउन।
संजिवनी आयुर्वेद
कोटेश्वर, मो. ९८४१६४८९२७

Free Free Free
Multimedia (AV Editing)
Graphic/Web Design
Tally, Fact, Tata Ex.
Hardware & Networking
Auto CAD, PHP, C & C++
Job Placement
Microsoft Edu. Institute
Ph. No. 4256303, 4229903
Bagbazar, Redcross Building

धेरै सस्तो टेनिङ्ग
Computer Language
Basic course:-399 | English:-500
Graphic :- 1499 | Japanes:-1200
Tally 999 | special Class पनि गराईन्छ
आवश्यकता | 100% job Training
No interview
English lag Teacher | Accountant
Receptionist 2 | Receptionist
अफिस हेल्पर ४ | Waiter
नोट कर्मचारी चाहिएमा वा पत्रिकामा विज्ञापन राख्नुपरेमा सम्पर्क राख्नु होला।
माईतीघर फोन 4256332/2052543

URGENTLY WANTED
Radio Anchor - 10
Radio Technician - 3
Reporter - 5
Programme Coordinator - 1
Qualification S.L.C. Pass
तालिमको पनि व्यवस्था छ।
ON Air Media
Baghbazar, Ktm.
Ph.: 01-2041114, 9841496819

उद्घोषण तालिम
RJ/ VJ/ MC
पूर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारिता तालिम
रेडियो कर्मीद्वारा संचालित उद्घोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
रुपेश श्रेष्ठ | मृदुला खनाल | मुनाल शिशिर
राज श्रेष्ठ | दिपक समिर | सन्तोष खनाल
केशबजङ्ग पाण्डे | नबिन लुंईटेल | अमित अधिकारी
BIKALPA THE OPTION फोन: ०१-२२९०१६८
बगबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्को दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी
रु.१०००/- छुट सहित

# सचित्र





नायिकासँग : महजोडी नायिका उषा पौडेलसँग एक फोटोसेसनमा । तस्बिर : नवराव वाग्ले



नायिकाको निकटता : नायिका अरुणिमा लम्साल निर्माता सुशील पोखरेलसँग कानेखुसी गर्दै ।



गायक-गायिका : गायक अविनाश थिसिङ गायिका मौसमी गुरुङसँग पोखरामा लभ्ली पोखरा डटकमका लागि फोटोसेसनमा ।



अमेरिकामा पलायन : पाताल धसिएका दुई पूर्वनायिका सारंगा श्रेष्ठ तथा जल शाह ।

विवादमा आएको जोडी : गायिका अञ्जु पन्त श्रीमान्‌सँग । तस्बिर : हितान शुक्र

# यी शीर्षक सम्झेलान् दर्शकले

पहिलो पहिलो माया, माया त माया हो, हो यही हो माया । यी शब्द पढेपछि जोसुकैलाई अचम्म लाग्न सक्छ, यसको अर्थ के होला ? यी तीनवटै छुट्टा-छुट्टै नेपाली चलचित्रका शीर्षक हुन् भन्दा पत्याउन गाह्रो पर्छ । यथार्थ त्यही हो, अहिले बनिरहेका धेरै चलचित्रको शीर्षकमा माया भन्ने शब्दले गजबको स्थान पाएको छ । अहिले बनिरहेका केही चलचित्रको शीर्षक हेर्दा लाग्छ, निर्माता-निर्देशक तिमी र मायाबाहेकका शब्द राखेर चलचित्रको शीर्षक जुराउने आँट गर्दैनन् ।

प्रेमकथामा आधारित चलचित्र बनाइरहेका कुनै निर्देशकसँग तपाईंको चलचित्रको शीर्षक के हो भनेर सोध्यो भने आफ्नै चलचित्रका विषयमा पनि एकछिन सोचेर भन्नुपर्ने स्थिति छ । एउटै खाले शीर्षकमा धेरै चलचित्र बन्दा त्यसको असर नकारात्मक पर्ने भए पनि नेपाली निर्देशकले यतातिर ध्यान दिएको पाइँदैन । निर्देशक योगेश घिमिरे भन्छन्- 'शीर्षककै आधारमा फिल्म चल्लाजस्तो लाग्दैन । विषय मजबुत भयो भने शीर्षक जस्तो भए पनि फरक पर्दैन ।' 'तिमी मात्र तिमी' शीर्षक राखेका योगेशले पनि दर्शक झुक्याउन सहयोगी भूमिका निर्वाह गरेका छन् भन्दा फरक पर्दैन, किनभने अहिले बनेका आधा दर्जनभन्दा बढी चलचित्रमा 'तिमी' शब्द प्रयोग भएको छ ।

भुवन केसीको 'म तिमीबिना मरिहाल्छु नि' व्यावसायिक रूपमा सफल भएपछि यस्तै शीर्षक राखेर चलचित्र बनाउने क्रम सुरु भएको हो । तपाईंको जस्तै शीर्षकमा धेरै फिल्म बन्यो नि ? निर्माता भुवन केसी मुस्कुराउँदै भन्छन्- 'राम्रो कुराको सिको गर्ने चलन संसारभर नै छ, म यसलाई नराम्रो भन्दिनँ ।' तर सुझावको भाषामा उनले भने– 'शीर्षक मात्रै राम्रो भएर हुँदैन, विषय पनि दर्शकलाई प्रभाव पार्नेखालको हुनुपर्छ ।'

उस्तै-उस्तै शीर्षकमा दुई चलचित्र बनाएका दीपक श्रेष्ठ पनि शीर्षककै कारण व्यापारमा असर पर्ने कुरा स्वीकार गर्दैनन् । विषय राम्रो भएपछि एउटै शीर्षक भए पनि दर्शकले मन पराउँछन् भन्ने दीपकले अरूका चलचित्रबाट प्रभावित भएर शीर्षक राखेको कुरा स्वीकार गरेनन् ।

चलचित्र संगीतमा व्यस्त सुरेश अधिकारीले बनाएको चलचित्र पनि शीर्षक हेरेर नयाँ होला भन्ने ठाउँ देखिंदैन । आफ्नै लगानीमा 'तिमी मेरो म तिम्रो' बनाएका सुरेशको चलचित्रको शीर्षकका शब्द अरू चलचित्रसँग मिल्दोजुल्दो छ । सांगीतिक पृष्ठभूमिमा चलचित्र बनाउने सुरेशले मौलिक चलचित्र बनाएको दाबी गरे । उनको दाबी सही छ कि छैन, चलचित्र नहेरी भन्न सकिंदैन ।'

यही भीडमा प्रेमकथामा आधारित चलचित्र बनाएका केशव भट्टराईले शीर्षकको हकमा आफू आंशिक सुरक्षित भएको बताए । तन्नेरी पुस्ताको प्रेमकथामा आधारित चलचित्र भए पनि उनको चलचित्रमा तिमी र माया भन्ने शब्द छैन । 'छोडी गए पाप लाग्ला' का निर्माता भट्टराई भन्छन्- 'मेरा दर्शकलाई शीर्षकमा अन्यौल हुनेछैन ।

अर्का निर्देशक नरेश पौडेल पनि शीर्षक राख्ने प्रसंगमा चुजी नै छन् । प्रेमकथामै आधारित भए पनि उनको चलचित्रको शीर्षक हो– दीपशिखा । युनिक शीर्षक राख्ने क्रममा दीपशिखा राखेको कुरा बताउने पौडेल अहिले खुसी छन्– 'चलचित्र मात्र होइन, शीर्षक पनि युनिक राखेर राम्रो गरेछु ।' चलचित्र विकास बोर्डमा स्वीकृतिका लागि आएका शीर्षकमध्ये डेढ दर्जन चलचित्रको शीर्षकमा तिमी र माया भन्ने शब्द रहेको चलचित्र विकास बोर्डका एक कर्मचारीले बताए । दर्ताका लागि आएका शीर्षक दर्ता नभएसम्म सार्वजनिक गर्न नमिल्ने कुरा बताउँदै ती कर्मचारी भन्छन्- 'कथामा पनि तात्त्विक अन्तर देखिंदैन ।'

केही निर्देशकको भनाइ मान्ने हो भने शीर्षक उस्तै भए पनि विषय गतिलो भयो भने फरक पर्दैन, तर नेपाली चलचित्र उद्योगमा शीर्षक फरक भए पनि एउटै कथामा धेरै चलचित्र बनेका उदाहरण प्रशस्तै छन्, एउटा चलचित्र सफल भएपछि त्यसको पछि लाग्ने प्रसंग सम्झन धेरै टाढा जानु पर्दैन ।


नायिकालाई ब्लड क्यान्सर भएको प्रसंग समेटेर बनाइएको दर्पणछाँया सफल भएपछि त्यही परिवेशमा अजम्बरी माया, मुस्कान, मायाको साइनो आदि करिब एक दर्जन चलचित्र बनेका थिए ।

**दर्शक झुक्किन सक्ने शीर्षक**

| चलचित्रको शीर्षक | निर्देशक |
|---|---|
| हो, यही हो माया- | दीपक श्रेष्ठ |
| पहिलो पहिलो माया- | दीपक श्रेष्ठ |
| माया त माया हो- | नवल नेपाल |
| तिमी मेरो म तिम्रो- | बाबुराजा दाहाल |
| तिमी मात्र तिमी- | योगेश घिमिरे |

**सजिलै सम्झिन सकिने शीर्षक**


| | |
|---|---|
| कसम हजुरको- | बाबुराजा दाहाल |
| कसले चोर्‍यो मेरो मन- | सविर श्रेष्ठ |
| छोडी गए पाप लाग्ला- | उज्वल घिमिरे |
| कहाँ भेटिएला - | शिव रेग्मी |
| दीपशिखा - | नरेश पौडेल |





## एक्स्ट्रा मेरिटल

# रिलेसनका परिस्थितिहरू



**एक्स्ट्रा अफेयर्स**

कैयन् व्यक्ति अलग-अलग पार्टनरसँग सम्बन्ध राख्नुलाई उपलब्धिका रूपमा लिन्छन् र यो बिस्तारै एउटा बानीसरह बन्न पुग्छ। यस्तो प्रवृत्ति विवाहपश्चात् पनि कायम रहने सम्भावना बढी रहन्छ। प्रायः यो समस्या पुरुषमा बढी देख्न पाइन्छ भने कतिपय महिला पनि यसबाट अछुतो छैनन्। त्यस्ता व्यक्तिलाई आफूले गल्ती गरिरहेको महसुस पनि हुँदैन। बरु उनीहरू यस्तो क्रियाकलापलाई उपलब्धि मान्छन्। उनीहरूका लागि यौन एक प्रकारको नशा नै बनेको हुन्छ जसबाट छुट्कारा पाउन असम्भवतुल्य देखिन्छ। यो बानी सहज रूपमा छुट्दैन र यही कारणले वैवाहिक जीवन खतरामा पर्नसक्छ।

**समाधान** : यदि आफ्नो पार्टनरको मानसिकता पनि केही हदसम्म त्यस्तै खालको छ भने सबैभन्दा पहिले उनलाई सम्झाउनु बुद्धिमानी हुन्छ। सबै कुरा थाहा भएर उनलाई सुध्रने एउटा अवसर प्रदान गरिएको हो भन्ने कुरा अवगत गराउनुपर्छ। त्यसपछि पनि स्थिति नसुध्रिए विवाह-परामर्शदाताको सहयोग लिई ठोस कदम चाल्नु उपयुक्त हुन्छ।

**सिचुएसन अफेयर्स**

सिचुएसन अफेयर्समा दुई व्यक्ति विवाहित हुँदाहुँदै पनि अनायासै एक-अर्काको अत्यन्त नजिक आउँछन्। पति-पत्नीबीच दूरी भए यस्तो स्थिति सिर्जना हुन्छ। लाइफ पार्टनर साथमा नहुँदाको स्थितिमा एक-अर्कालाई साथ दिने प्रयासमा यसप्रकारको सम्बन्ध सिर्जना हुने सम्भावना हुन्छ।

**समाधान** : सिचुएसनल अफेयर्सबाट बच्न लाइफ पार्टनरसित नियमित सम्पर्कमा रहनुपर्छ। धेरै दिनसम्म एक-अर्काबाट टाढा रहने, नभेट्ने, नदेख्ने स्थितिबाट बच्नुपर्छ।

**व्यवहारिक समस्या**

कैयन् व्यक्तिमा मातापिताको गहिरो छाप पर्छ। यस्तो स्थितिमा उनीहरू आफ्नो जीवनसाथीमा पनि आफ्नो मातापिताको छायाँ खोज्ने प्रयत्न गर्छन्। जब उनलाई लाग्छ उनले उस्तै खालको साथी भेट्टाए, तब उनीहरू उसमाथि नै निर्भर हुन पुग्छन्। यो स्थिति ठीक त्यस्तै हुन्छ जसरी उनीहरू आफ्ना हरेक साना-ठूला कुराका लागि आफ्ना मातापितामाथि निर्भर हुन्थे। परन्तु समय बित्दै गएपछि जीवनसाथीको अभिभावकजस्तो व्यवहार तिनलाई मन पर्न छोड्छ र विवाद-विमतिको स्थिति सिर्जना हुन पुग्छ। यस्तो मामिलामा एक पार्टनर प्यारेन्ट इगोको सिकार हुन पुग्छ भने अर्कोलाई यो कुरा चित्त बुझ्दैन। त्यसो त यो कुरा सुरु-सुरुमा मनपर्ने नै हुन्छ, परन्तु समय व्यतीत हुँदै गएपछि मन र सोचको स्तर वृद्धि र परिपक्वतासँगै पार्टनरबाट बराबर व्यवहारको चाहना बढ्न थाल्छ। यद्यपि आफ्नो पार्टनरमा प्यारेन्टियल व्यवहारको बानी बसिसकेको हुन्छ। उसलाई आफ्नो पार्टनरको परिवर्तित व्यवहार बुझ्न समय लाग्छ र यसै स्थितिमा स-साना कुरामा विवाद हुन्छ र परिणामस्वरुप एक्स्ट्रा मेरिटल अफेयरको सम्भावना बढ्छ।

**समाधान** : आफ्नो जीवनसाथीबाट कस्तो व्यवहारको अपेक्षा राखिन्छ, खुलेर कुरा गर्नुपर्छ। एक-अर्काको इच्छाको सम्मान गर्दै स्वयंमा परिवर्तन ल्याउने प्रयास गर्नु राम्रो हुन्छ।

**परफेक्सनको चाहना**

केही जोडी आफ्नो विवाहलाई आइडियल रूपबाट अघि बढाउने चाहना राख्छन् र सम्बन्धमा झैं-झगडा हुनुहुँदैन भन्ने उनीहरूको मान्यता हुन्छ। यही कारणले गर्दा उनीहरू आपसी विमति, विवादबाट बच्ने हरसम्भव प्रयत्न गर्छन् र कहिल्यै झगडा पनि गर्दैनन्। यद्यपि उनीहरूलाई रिस नउठ्ने वा हर्ट नहुने होइन। झगडाको स्थिति नै सिर्जना हुन नदिने प्रयास तिनीहरू दुवै तर्फबाट हुन्छ। परफेक्सनको यो चाहनामा उनीहरूबीचका कैयन् त्यस्ता कुरा समाधान नभै भूसको आगोजस्तो भित्रभित्रै सल्किरहन्छ र अन्ततः दुवैबीच टाढापन बढ्न जाने कारण बन्छ र कुरा सम्बन्धविच्छेदसम्म पनि पुग्छ। यस्तो मामिलामा दम्पतीहरू विवाहलाई एडजस्टमेन्टको पर्याय मानेर अघि बढ्छन्। एक हदपश्चात् तिनलाई महसुस हुन्छ कि कैयन् सम्झौतापछि पनि केही पनि प्राप्त भएन वा लाभ भएन। यसबाट पार्टनरको एक्स्ट्रा मेरिटल अफेयरको सम्भावना बढ्छ।

**समाधान** : परफेक्सनिस्ट बन्ने चाहनामा आफ्नो वैवाहिक जीवनलाई दाउमा लगाउनु उचित होइन। स-साना झगडा, मतभेदले पनि वैवाहिक जीवनलाई सुमधुर बनाउन भूमिका खेल्ने कुरालाई नकार्न सकिंदैन। अतः शंका र गुनासोलाई मनमा दबाएर राख्नुभन्दा संयमित र मर्यादित तरिकाले स्पष्ट रूपमा व्यक्त गरी आपसी समझदारीमा समस्या समाधान गर्नु नर्मल मेरिड लाइफका लागि आवश्यक छ।

**मोहभंग**

यस्तो स्थितिमा दम्पतीहरू स्वयं आफैंलाई ठगिएको महसुस गर्छन्। उनीहरूको मनमा एक आइडियल कपलको इमेज हुन्छ र तिनीहरू वर्षौंसम्म आफ्नो वैवाहिक जीवनलाई सफल बताउने हरसम्भव प्रयत्न गरिरहन्छन्। परन्तु जब प्रयास असफल सावित हुन्छ तब तिनलाई अचानक भावनात्मक सहाराको आवश्यकता महसुस हुन्छ। तिनको मनले सहारा खोज्न थाल्छ। यो स्थितिमा सिर्जित एक्स्ट्रा मेरिटल अफेयर लामो समयसम्म कायम रहन्छ किनकि यो भावनात्मक स्तरमा नै सिर्जित हुन्छ।

**समाधान** : आफ्नो जीवनसाथीको के-कस्तो व्यवहारबाट ठगिएको महसुस हुन्छ वा तपाईं उनीबाट कस्तो अपेक्षा राख्नुहुन्छ, खुलेर कुरा गर्नुपर्छ। वैवाहिक जीवनको रोमाञ्चकता कायम राख्न कुनै पनि अवसरलाई खेर जान दिनु हुँदैन।

**रसायनिक कारण**

कतिपय विवाह जीवनसाथीको कुनै गल्तीबिना पनि टुट्छ, जसको कारण हुन्छ, शरीरमा विद्यमान केही रसायन अर्थात् केमिकल्स। अचानक कोही एक पार्टनरको डोपामाइन लेवलमा परिवर्तन आए उसलाई आफ्नो जीवनसाथी कुनै पनि स्थितिमा मन नपर्न थाल्छ। यसले गर्दा ऊ त्यो सम्बन्धलाई अघि बढाउने कुरामा उदासीन बन्न पुग्छ।

**समाधान** : डोपामाइन एक न्युट्रो ट्रान्समिटर हो, जसले व्यक्तिको मुडलाई प्रभावित गर्छ। पारिवारिक अतीतमा कोही एकलाई सिजो फ्रेबिया भएको स्थितिमा यो समस्या देखापर्छ। यस्तो स्थितिमा पार्टनरले नै आफ्नो विवाह सम्बन्धलाई कायम राख्ने वा समाप्त गर्ने भन्नेबारे निर्क्यौल गर्नुपर्छ।

**अलग्गिने चाहना**

आफ्नो वैवाहिक सम्बन्धबाट दिक्क भैसकेकाहरू जानी-बुझी अफेयरको चक्करमा पर्छन् र चाहन्छन् कि तिनका पार्टनरले सो कुराको जानकारी पाओस् र स्वयंलाई सम्बन्ध तोडिदियोस्। यस्ता व्यक्तिलाई आफ्नो अर्थहीन लाग्छ र ऊ त्यसबाट मुक्ति पाउने चाहना राख्छ। यस स्थितिमा उसले आफ्नो चाहनाअनुरूप साथी खोज्छ।

**समाधान** : यस प्रकारको अफेयर राख्ने व्यक्ति अत्यन्त आक्रामक हुन्छन् र सोच्छन्- त्यस प्रकारको वैवाहिक सम्बन्धको परिणाम त्यस्तै हुनुपर्छ। तिनलाई लाग्छ कि तिनले नयाँ तरिकाबाट जीवन प्रारम्भ गर्नुपर्छ। यस्तो स्थितिले सम्बन्ध-विच्छेदलाई प्राथमिकता दिन्छ।

---

# जीवनसाथीलाई

# यथास्थितिमा स्वीकार्नुपर्छ



वर्षौंसम्म एकसाथ, एउटै छानामुनि रहेर पनि कैयन् दम्पती एक-अर्काको स्वभाव, व्यवहार, रुचि, अरुचि आदिसँग सम्झौता गर्न सक्दैनन् र स-साना कुरामा झगडा गर्छन्। समयसँगै यो झगडा-कलहले विकराल रूप धारण गर्छ र स्थिति सम्बन्धविच्छेदसम्म पुग्छ।

गहिरिएर सोंच्ने, बुझ्ने हो भने दाम्पत्य जीवन स्वयंमा मन्द गतिमा अघि बढ्ने एउटा लामो सिलसिला हो जसले दुई व्यक्तिलाई एक-आपसमा बलियो रूपमा जोडेको हुन्छ। जीवनको आवश्यकताअनुसार यसले एक-अर्कालाई अलग पनि गर्छ र पुनः दुवैलाई एक-आपसमा जोड्छ। वर्षौंसम्म सँगै रहँदा पनि कैय्न महिला-पुरुषलाई तिनीहरूले सम्झौता गरिरहेको अनुभव हुन्छ। सम्झौता गर्दागर्दै हार भएको महसुस हुन्छ र पनि बाध्य भएर गृहस्थी र बालबच्चाका लागि सम्झौता गरिरहेको उनीहरूको धारणा हुन्छ। यसो गरिएन भने सम्बन्ध टुट्छ भन्ने कुराबाट पनि तिनीहरू जानकार हुन्छन्। अतः सम्बन्ध सम्झौताको साइनो लगाएर अघि बढ्छ। कलह वा झगडाको स्थितिमा जुन पक्षले सम्झौता गर्छ वा झुक्छ उसको स्वाभिमानमा चोट पुग्ने कुरालाई नकार्न सकिंदैन तर विवाहलाई विवाह नमानी 'नेगोसियसन' अर्थात् विचार विनिमयको मान्ने हो भने र दम्पती एकसाथ बसेर आफ्ना रुचि-अरुचि, मतभेदका सम्बन्धमा निसंकोच सल्लाह गर्ने हो भने सम्भवतः परिस्थिति सहज र अनुकूल हुन्छ।

भिन्न परिवार, भिन्न स्वभाव, संस्कार अनि फरक रुचि भएका दुई व्यक्तिको मेल हुने भएकाले कुनै न कुनै रूपमा सामञ्जस्यता बसाउन वा कायम गर्न कतै न कतै अप्ठ्यारो हुने कुरालाई नकार्न सकिंदैन तर यिनै विषयलाई मुद्दा बनाउने हो भने दाम्पत्य जीवन सुखमय हुने सम्भावना निकै कम हुन्छ।

- कुनै पनि स्वभाव वा बानी-व्यवहारमा आमूल परिवर्तन ल्याउन सम्भव हुँदैन तर पति-पत्नीले समयसँगै एक-अर्काको आवश्यकताअनुसार आफूलाई बदल्छन्।
- बानी व्यवहार, इच्छा, रुचि परिवर्तन हुन सक्छ।
- यदि पति-पत्नी दुवैको स्वभाव र रुचि फरक-फरक छ भने कुराकानीमा विविधता रहन्छ। यस्तो स्थितिमा तिनका सन्तानको व्यक्तित्वको बहुमुखी विकास सम्भव हुन्छ।
- आफ्नो जीवनसाथीको कसैसित तुलना गर्नु बुद्धिमानी होइन, यसैमा सम्झौता गर्नु उचित हुन्छ। दुवै पक्षले धैर्यता अँगाल्न सके सबै कुरा सहज बन्छ।
- यदि दम्पतीको पेसा अलग-अलग छ भने अफिसको कुरा घरमा पुनः डिस्कस हुन पाउँदैन र दिनचर्या एकोहोरिनबाट बचिन्छ।

स्वीकार, सम्झौता, सहभागिता, सामञ्जस्य जस्ता शब्दले सफल विवाहको परिभाषालाई चरितार्थ गर्छ तर कुनै विवादबिना नै जीवनसाथीको कमीकमजोरी वा नराम्रो बानीलाई स्वीकार गर्दै जानु पनि ठीक होइन। यो आफ्नो रुचि, नीतिनियम, अनुशासन आदिलाई मात्र उसलाई आफ्नो जीवनमा समायोजित गर्न, अटुट सम्बन्ध निभाउन तथा कायम गर्नका लागि गरिएको एकप्रकारको आत्मत्याग बन्न पुग्छ। जँड्याहा वा जुवाडेकी श्रीमतीले यस्तै शोक पाल्ने हो भने गृहस्थीको अवस्था कस्तो होला ? अशिष्ट, अव्यावहारिक पुरुषकी श्रीमतीले स्वयं त्यस्तै व्यवहार गर्न थाले तिनका सन्तानमाथि कस्तो प्रभाव पर्ला ? खर्च गर्ने, घुमफिर गर्ने, शौकिन श्रीकतीका पतिदेवले पनि स्वयं आफ्नो खर्चलाई नियन्त्रण नगरे ऊ र उसको परिवार ऋणको बोझमुनि दबिएर जान सक्छ।

**केही सुझाव**

- यदि जीवनसाथीको कुनै पनि नराम्रो बानी व्यवहारप्रति आपत्ति छ भने चुपचाप सम्झौता गर्नुभन्दा खुलेर कुरा गर्नु राम्रो हुन्छ। विचार-विनियमले व्यक्तिको अहम्लाई घटाउँदै लान्छ भने उसको आत्मसम्मान पनि बढाउँछ।
- जसलाई प्रेम गर्नुहुन्छ, उसको गलत कुराको खण्डन गर्नुपर्छ। उसलाई उसको गल्तीका सम्बन्धमा बुझाएर अघि बढ्नु परिपक्व सम्बन्धको संकेत हो।
- यदि श्रीमान्को सफलतामा श्रीमती खुसी एवं प्रसन्न हुन्छिन् भने श्रीमतीको सफलतामा पनि श्रीमान्ले खुसी व्यक्त गर्नुपर्छ। उनको सफलतामा साथ दिनुपर्छ। यो राम्रो सम्बन्धको परिचायक हो।

आफ्नो भावना व्यक्त गर्नु, सम्झाउनुको साटो आफ्नो घमण्डका लागि जिद्दी भए अदृश्य खालको दूरी बढ्छ। यसप्रकारको स्थितिबाट बच्नुपर्छ। सँगै रहने, हरेक कामलाई एक-अर्काको सल्लाह र इच्छाअनुसार गर्नुको अर्थ हुन्छ दम्पतीबीच स्वाभाविक एकरूपता छैन। सफल विवाहमा दम्पती एक-अर्काको विरोधी इच्छाको पनि सम्मान गर्छन्। दम्पती एक-अर्काको नजिक छन् वा टाढा आपसी सम्बन्धमा आत्मीयता कायम रहने कुरा तब सम्भव छ जब जीवनसाथीको कमी-कमजोरीलाई नजरअन्दाज गरेर उसका गुणको सराहना गरिन्छ अर्थात् ऊ जुन रूपमा छ त्यही रूपमा स्वीकार गर्नु नै सफल, सुखद र स्वस्थ दाम्पत्य जीवनको पहिलो सर्त हो।

**-रोजिन शाक्य**

# रेनकोटको मौसम

बिहान घरबाट बाहिर निस्कने बेला आकाशतिर हेरेर दिउँसो वा साँझपख वर्षा हुन्छ कि हुँदैन भन्ने कुरा अनुमान लगाउन त्यति सजलो छैन । बिहान आकाश सफा देखेर छाता वा रेनकोट नबोकी बाहिर निस्किएकै दिन वर्षा भएर पानीमा रुझ्नु परेको अनुभव हामीमध्ये धेरैको होला । हिजोआज दिनहुँजसो कुनै न कुनै बेला वर्षा हुने गरेको छ । अतः रोग लाग्नुभन्दा पहिले नै उपाय अँगाल्नु जाति भनेझैं वर्षाको मौसममा रेनकोट वा छाता सँगै राख्नु बुद्धिमानी ठहरिन्छ ।

'सिमसिमे परेको त हो नि भनेर रेनकोट नलगाई घरबाट निस्किएको, त्रिपुरेश्वर पुग्दा नपुग्दै ठूलो पानी परेपछि रुझ्नुसम्म रुझियो । पुनः घर गएर लुगा फेरी अफिस जानुपऱ्यो ।' आज पनि त्यस्तै भयो । बिहान निस्कँदा घाम लागेकै थियो, अल्छी मानेर रेनकोट नबोकी निस्किएको, अहिले विवाह भोजमा जानुपर्ने, यो भिजेको लुगा लगाएर त के जानु र खै ? दिउँसो ४ बजेतिर एक्कासी पानी परेपछि मोटरसाइकल एकातिर साइड लगाएर जमलको फ्लाई ओभर ब्रिजमा ओत लाग्दै ताहाचल निवासी सुदन त्यसै ठाउँमा पानीबाट जोगिन बसेका राहुलसित भलाकुसारी गर्दै थिए । दिउँसो एक्कासी परेको पानीबाट बच्न सुदन र राहुल मात्र नभएर दर्जनौं बाइकवालाहरू त्यहाँ झुम्मिएका थिए । कसैकसैले भने रेनकोट बोकेका रहेछन् । एकै क्षण ओत लागेर रेनकोट लगाइसकेपछि उनीहरू आ-आफ्नो बाटोतिर हुँइकिए । रेनकोट नबोक्नेहरू भने पछुताइरहेका देखिन्थे । एक दिन बिराएर रुझेको रुझै छु, अब त नकिनी भएन सामाखुसीका रुविन रेनकोट खरिद गर्न निश्चय गर्दै थिए । 'सधैंको भन्दा अलि चाँडो निस्केर दरबारमार्गमा साथीलाई पिकअप गरी सपिङ गर्न जाने साधनाको योजनालाई एक्कासी परेको पानी र आफूसित रेनकोट नभएको स्थितिले उडायो सपना सबै हुरीले भनेझैं गराएको थियो । उल्लेखित सबै प्रसंगले वर्षाको मौसम र यसमा रेनकोटको उपयोगितालाई नै दर्साउँछ ।


वर्षात्को मौसममा पानीमा रुझनबाट जोगिन वाटरप्रुफ पहिरनका रूपमा रेनकोटको विकास भएको हो । वाटरप्रुफ पहिरनको विकासक्रम शताब्दीऔं पहिले नै प्रारम्भ भएको देखिन्छ । इतिहासमा उल्लेख भएअनुसार १३ औं शताब्दीतिर वाटरप्रुफको खोजीमा रबर प्लान्टको उपयोगिताको उल्लेख भएको पाइन्छ । अठारौं शताब्दीको प्रारम्भदेखि भने वाटरप्रुफ फ्याब्रिकको विकासक्रम अघि बढेको भए पनि यसले उल्लेखनीय सफलता भने हासिल गरेको थिएन । सन् १८२१ मा पहिलोपटक रेनकोटको उत्पादन भएको मानिन्छ । लण्डनका जी. फक्सले तयार पारेको रेनकोटलाई फक्स अक्वाटिक भनिन्थ्यो भने सुरुका समयमा फ्याब्रिकलाई वाटरप्रुफ बनाउन रबरलाई कुनै न कुनै रूपमा प्रयोग गरिएको थियो, जसका कारण लगाउन असहज हुन्थ्यो । गर्मीमा शरीरमा टाँसिने र अत्यन्त गर्मी हुने तथा जाडोमा चिसोका कारण कडा हुने भएकाले लगाउन अप्ठ्यारो हुन्थ्यो । १९ औं शताब्दीको प्रारम्भतिर भने स्कटल्यान्डका रसायन वैज्ञानिक म्याकिन्टसको खोजीसँग त्यो समस्या समाधान भयो ।

म्याकिन्टसले रबरलाई नाप्था नामक पदार्थमा मिसाएर एकप्रकारको घोल तयार पारेका थिए । जसको प्रयोग फ्याब्रिकलाई वाटरप्रुफ बनाउन गरिएको थियो । त्यसपछि सल्फरसित तताएर रबरलाई चाहेको हिसाबले आकार दिने विधि अर्थात् भल्कनाइजेसन, यसैको विकसित रूप क्यालेन्डरिड विधिको विकाससँगै वाटरप्रुफ फ्याब्रिकले परिमार्जित रूप हासिल गर्दै गयो । प्रथम विश्वयुद्धताका विकसित भएको ट्रेन्चकोटले युद्धको समाप्तिसँगै पपुलारिटी कमायो । यी ट्रेन्चकोट यसअघिका वाटरप्रुफ फ्याब्रिकभन्दा लगाउँदा आरामदायक र शीतलता अनुभव गराउने खालका थिए । सन् १९२० तिर रेनकोटमा ओयल ट्रिटमेन्ट गरेका कटन र सिल्कको प्रयोग भएको थियो । सन् १९४० तिर भने हल्का फ्याब्रिकले बनेका रेनकोटले लोकप्रियता कमाए । फ्याब्रिकका रूपमा भिनाइलको प्रयोग १९५० तिर भयो । उलन र सिन्थेटिक मिश्रणको प्रयोग पनि उत्तिकै भयो । १९६० तिर नाइलन र ७० को दशकमा डबल-नेटले प्राथमिकता पायो । विभिन्न वाटरप्रुफ फेब्रिकको विकास क्रमसँगै हिंजोआज बजारमा पाइने रेनकोटमा माइक्रो फाइबर तथा अन्य हाइटेक फ्याब्रिकको प्रचलन पाइन्छ ।

रेनकोट निर्माणमा प्रयोग हुने फ्याब्रिकको मुख्य कार्य पानी नसोस्ने र नअड्ने अर्थात् रिपेल गर्ने हो । अधिकांश रेनकोटको फ्याब्रिकमा दुई वा दुईभन्दा बढी पदार्थको मिश्रण पाइन्छ । जस्तै-कटन, पोलिस्टर, नाइलन तथा रेअना ऊल, ऊल गाबरडाइन, भिनाइल, माइक्रो फाइबर र हाइटेक फ्याब्रिकको पनि प्रयोग पाइन्छ । यी फ्याब्रिकमा केमिकल ट्रिटमेन्ट गरिन्छ । यसपश्चात् वाटरप्रुफ बन्छ । वाटरप्रुफका लागि रेक्जिन, पिरिडिनियम, मेलामाइन कम्प्लेक्स, पोल्युरेथेन, एक्रालिका फ्लुराइन र टोफोन जस्ता केमिकल प्रयोग गरिन्छ । कटन, उलन, नायलन र अरू कृत्रिम फ्याब्रिक्सलाई वाटरप्रुफ गर्न रेक्जिनको कोटिङ गरिन्छ । उलन र सस्तो खालको फ्याब्रिकलाई भने पाराफिन इमल्सन र अल्मुनियम तथा निरकोनियमको सोल्युसनमा भिजाइन्छ । उच्चस्तरीय कटनलाई भने पिरिडिनियम वा मेलामाइनको कम्प्लेक्समा डुवाइन्छ । सिन्थेटिक फाइबरलाई मिथाइल सोल्युसन वा सिलिकनको ट्रिटमेन्टबाट वाटरप्रुफ बनाइन्छ ।

अन्य पहिरन जस्तै प्रयोगकर्ताको रोजाइ र उपयोगिताअनुसार रेनकोटमा पनि विविधता देख्न पाइन्छ । साथै यसको शैलीमा पनि फेसनको प्रभाव अनुभव गर्न सकिन्छ । सिंगल पिस रेन सुटमा ट्रेन्चकोट शैली, टु पिस सेटमा ट्राउजर र रेन ज्याकेट वा रेन सुट तथा पन्चु शैलीमा सिंगल, डबल वा ट्रिपल प्रयोजनको विविधता उपलब्ध छ । ट्रेन्चकोट शैलीको प्रयोग कमै देखिए पनि ट्राउजर तथा ज्याकेट वा रेनसुटको जोडा र पन्चु शैलीको रेनकोट भने बढी प्रचलनमा देखिन्छ । स्कुटर तथा मोटरबाइक चलाउनेहरूमाझ पन्चु शैलीको रेनकोट लोकप्रिय छ । स्कुटर तथा मोटरबाइक हाँक्ने व्यक्ति र पछाडि बस्ने दुवैको सुविधाअनुसार प्रयोग गर्न सकिने अर्थात् दुई जनाका लागि उपयुक्त हुने पन्चु शैलीको रेनकोटको माग बढी रहेको सम्बन्धित बिक्रेताहरूको कथन छ ।

त्यसो त नेपाली बजारमा अन्तर्राष्ट्रिय ब्रान्डका रेनकोट नपाइने होइन तर चाइनिज र नेपालमै बनेका रेनकोटको खपत बढी हुने गरेको बिक्रेताहरू बताउँछन् । सिंगल पिस, टु पिस वा पन्चु शैलीका रेनकोटहरू पातलो र बाक्लोपनाको आधारमा तीन सय पचासदेखि सात सयको हाराहारीमा उपलब्ध छन् । कालो, खैरो, रातो, नीलो, हरियो, पहेंलो, प्याजी, कलेजी, गुलाफी, चकलेटीजस्ता रंगका रेनकोटको प्रयोग भने बढी देख्न पाइन्छ । यी रंगमा पनि डार्क सेडको प्रयोग बढी देखिन्छ । सिंगल कलरबाहेक कसैकसैले भने रंगीबिरंगी रेनकोट प्रयोग गरेको पाइन्छ । बालबालिकाहरूको रोजाइमा भने अन्य प्रयोगले थप आकर्षण सञ्चार गरेको छ । जस्तै- रेनकोटमा फ्लावर प्रिन्ट, पोल्का डटेड, कार्टुन प्रिन्ट, स्पाइडरम्यान, सुपरम्यान, ब्याटम्यानजस्ता सुपर हिरोका प्रिन्टहरूको प्रयोग पनि उत्तिकै देख्न पाइन्छ । ट्रान्सप्यारेन्ट रेनकोटको स्टाइल पनि त्यत्तिकै रुचाइएको पाइन्छ ।


तस्विर : नवराज वाग्ले

# खुल्यो पहिरन


तस्विर : सुदर्शन रञ्जित

**शिव शर्मा**

पोखरा- स्टाइलिस्ट स्कर्टसँगै सरू लालचन टिमिक्क परेको पातलो टिसर्ट अनि आँखामा कालो चस्मा । जुत्ताको त झन कुरै नगरौं । यस्तै पहिरनसँगै स्कुटरमा सरर गुडिरहेकी थिइन् । पहिरन त निकै हट छ नि ? प्रश्न भुइँमा खस्न नपाउँदै उनले जवाफ फर्काइहालिन्- 'गर्मी छ त के गर्नु ?'

हो पनि उनले भनेझैं यतिबेला गर्मीको पारो चढिरहेको छ । गर्मी चढ्दै जाँदा फेसनको पारो नचढ्ने कुरै भएन । ग्ल्यामरस र खुलेको पहिरन देखेपछि जो-कोहीलाई गर्मी बढेको अनुमान लगाउन गाह्रो पर्दैन । गर्मी बढेपछि स्कुटरमा हाफपाइन्ट लगाएर हिंड्ने युवतीहरू त्यत्तिकै बढेका छन् । अहिले गर्मीकै कारण घरबाहिर हिंडडुल गर्न पनि मुस्किल हुन्छ । यो मौसममा फेसनेबलहरू मात्र होइन, जो पनि पहिरनप्रति सजग हुन्छन् ।

सजग त हुनैपर्छ, सही पहिरन छनौट नगर्दा त्यसले हाम्रो शरीरलाई अझ प्रभावित तुल्याउन सक्छ, फेसन डिजाइनर सरस्वती गुरुङ भन्छिन्- 'गर्मीमा हल्का र पातला पहिरन लगाउनु राम्रो हुन्छ फेसन पनि हुने र स्वास्थ्यलाई पनि फाइदा पुग्ने ।'

गर्मीसँगै छोटा र टुपिस पहिरन लगाउनेहरूको झुन्ड बाक्लै हुन्छ । यस्तो पहिरन मन पराउनेहरूका लागि सधैं गर्मी मौसम रहोस् भन्ने चाहना पनि हुन्छ । फेसन गर्नेहरूमा यो बढी लागू हुन्छ ।

जाडो महिनामा समेत छर्लङ्ग शरीर देखिने पहिरन लगाएर हिंड्न तम्सिने कतिपय युवतीलाई गर्मी आएपछि त झन् के चहियो ☐ गर्मी सुरु भएपछि उनीहरूको पहिरन हट र सेक्सी हुन्छ । छाता ओढेर हट पहिरनमा हिंडिरहेका युवतीहरू देखेपछि धेरैको ध्यान त्यतै केन्द्रित हुन्छ । कतिपयले त उनीहरूलाई जिस्क्याएरै हैरान पार्छन् । आफ्नो चाहनाअनुरूपका पहिरन लगाएर हिंड्दा बाटोघाटोमा बसेर युवती जिस्क्याउने अल्लारेहरूले हैरान पार्छन्, महेन्द्रपुलमा भेटिएकी एक युवतीले भनिन्- 'फेसन नबुझ्नेहरूले त अर्कै दृष्टिले पनि हेर्छन् ।' यतिबेला फेसनेबल युवाहरू हाफ पाइन्ट, टिसर्ट तथा युवतीहरू स्कट टप्ससँगै हाफ पाइन्ट र टिसर्टमा बढी सजिएको पाइन्छ । पहिरन त भयो नै, त्यसमाथि अनुहारलाई घामबाट बचाउन क्याप र स्टाइलिस्ट गगल्स पनि अनिवार्य हुन्छ ।

सुस्ताएको फेसनको पारो गर्मीको संकेतसँगै हवात्तै बढेर गएको छ । फेसन हाउस सपिङ कम्प्लेक्सदेखि बुटिकसम्म गर्मीका पहिरन माग गर्नेहरूको भीड देख्न पाइन्छ । गर्मीका लागि नयाँ-नयाँ डिजाइनका पहिरन पनि त्यत्तिकै भित्रिएका छन् । जिन्स अफेयरका डिजाइनर अमुल दास गर्मी बढेपछि जिन्सका छोटा पहिरन तयार पार्न व्यस्त हुन्छन् । जिन्सका स्कट हाफ पाइन्टको माग अहिले अघिल्लो वर्षभन्दा बढेको छ, उनले साप्ताहिकसँग भने ।

अघिल्लो वर्ष नदेखिएका भिन्न खालका पहिरन यस पटक बढी देखिएका छन् । यसले गर्दा बिक्रेताहरू पनि मख्ख छन् । युवतीहरू बढीभन्दा बढी जीउ खुला देखिने पहिरन लगाउन होडबाजी गर्छन् । मोडल ममता पुन बाह्रै महिना ग्ल्यामरस पहिरनमा भेटिन्छन् । उनलाई अरूभन्दा पृथक् देखिन मन लाग्छ । हाफ पाइन्ट तथा कुल देखिने हाफ टिसर्ट र कालो स्टकिङमा भेटिएकी ममता निकै सेक्सी देखिएकी थिइन् । खुट्टामा कन्भर्स र साइड कन्भर्स ब्याग बोकेकी ममता गर्मीमा हाफ पाइन्ट र स्लिभलेसमा समेत भेटिन्छिन् ।

गर्मी चढेपछि रोजाइको पहिरन लगाउन पाइन्छ, हल्का मुस्कान छर्दै उनले भनिन्- 'गर्मीमा हट त देखिने पऱ्यो ।' मौसमअनुकूलको पहिरन लगाउन उनी मात्र होइन, सामान्य युवतीहरू पनि त्यत्तिकै अग्रसर हुन्छन् । युवायुवतीहरू मात्र होइन, अधबैंसेहरू पनि गर्मीमा फेसन गर्न अघि सर्छन् तर अधिकांश अधबैंसेले फेसनभन्दा स्वास्थ्यलाई हेरेर मौसमअनुरूपका पहिरन लगाउने गरेको पाइन्छ ।

प्रायः युवायुवतीहरूको सोचाइ उनीहरूको भन्दा ठ्याक्कै उल्टो छ । उनीहरू भने आफूलाई स्टाइलिस्ट र फेसनेबल बनाउने फेसनकै 'च्वाइस' गर्छन् । पाश्चात्य फेसनको सिको गर्दै गर्मीमा खुलेका पहिरन लगाउन कत्ति पनि हिचकिचाउँदैनन् । र्‍याम्पमा नदेखिने फेसन यतिबेला सडक, चोक तथा गल्लीमा बग्रेल्ती देख्न पाइन्छ । गर्मीमा देखिने फेसन ट्रेन्ड देखेर कतिपय त विरोध गर्न पनि पछि पर्दैनन् तर जति नै विरोध गरे पनि फेसनपारखीहरू आफ्नो स्वतन्त्र चाहनाको उपभोग गर्न छाड्दैनन् । समयअनुसार चल्नु नराम्रो होइन, मोडल सरू मानन्धरले भनिन्- 'त्यो फेसनको महत्व नबुझ्नेहरूको मात्र विरोध हो ।' कुनै समय डान्स पार्टी तथा फेसन सोहरूमा मात्र देखिने छोटा पहिरन हिजोआज यहाँ खुल्लम खुला सडकमै देख्न पाइन्छ ।

शिवालय चोकका अमृत भट्टराईले भने- 'गर्मीमा त फेसनले सहर नै तातिन्छ ।' यस्तो फेसनमा युवाहरूभन्दा युवतीहरू धेरै अघि छन् । त्यही भएर पनि गर्मी मौसमलाई ग्ल्यामरस मौसम भनिन्छ । आइसक्रिम खाँदै सडकमा हिंड्नेहरूको रौनक त झन् बेग्लै छ । पातला र छोटा पहिरनमा आइसक्रिम खाँदै हिंडिरहेका उनीहरूलाई देखेपछि तन्नेरी युवाहरूको मन त्यसै चंगा हुन्छ । पौडी पोखरीदेखि स्विमिङ पुलमा भेटिने युवायुवतीहरूको हूलबाट पनि गर्मी बढेको अनुमान लगाउन गाह्रो पर्दैन ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

'धन्न □ म अमेरिकामा जन्मिनछु ।' एउटाले भन्यो । 'किन र ?' अर्कोले सोध्यो ।

'किनभने मलाई त अंग्रेजीको एबीसीडी पनि आउँदैन नि ।'

ooo

पति घरमा आयो, पत्नीलाई परपुरुषसँग अंकमाल गरिरहेको अवस्थामा भेट्टायो ।

'धोकेबाज आइमाई,' लोग्नेले रिसाउँदै भन्यो- 'मैले सब जानेको छु ।'

'हो, जानेका छौ,' स्वास्नीले गुनासो गर्दै भनी- 'यदि सबै कुरा जानेका भए म अर्काको अँगालोमा हुन्थें ?'

ooo

'डाक्टर सा'ब' - बिरामीले भन्यो- 'म जब चिया पिउँछु आँखा दुख्छ ।' 'भाइ, अबदेखि चिया पिउँदा कपबाट चम्चा निकाल्नु, सबै ठीक हुन्छ ।'

ooo

पानी परिरहेको बेला १० वर्षे छोरो बाहिर गएर खेल्न चाहन्थ्यो । उसले बाउसँग सोध्यो.... बाउले भन्यो– 'मेरो तर्फबाट तँलाई अनुमति छ तर यदि तँलाई जान मन छ भने ममीकहाँ गएर ड्याडीले नजा भन्दै हुनुहुन्छ भन ।'

ooo

एउटी महिलाको आँखा सुन्निएको थियो ।

'के भयो ?' –अर्की साथी सोधी ।

'लोग्नेले कुट्यो,' –महिलाले भनिन् ।

'तर मेरो विचारमा त तिम्रो श्रीमान् पोखरा गएका छन् ।'

'मेरो पनि त्यही विचार थियो ।'

ooo

डाक्टरले गर्भावस्थामा रहेकी युवतीको चेकअप गरे अनि भने- 'मिसेस कार्की, म तपाईंलाई खुसीको खबर सुनाउँछु ।'

'मिसेस कार्की हैन.... मिस कार्की ।' युवतीले संशोधन गरी ।

'ओहो.... □' डाक्टर छक्क परी एकछिन चुप लागिन् अनि फेरि भनिन्– 'मिस कार्की, अब म तपाईंलाई एउटा दुःखको खबर सुनाउँछु ।'

ooo

'तपाईंसँग एक हजारको चेन्ज छ ?'

'छैन, तर तपाईंले यस्तो प्रश्न सोधेर मलाई सम्मानित गरिदिनुभयो । त्यसका लागि धेरै-धेरै धन्यवाद ।'

### मेरो कुरो

तालुखुइले हुनुको एउटा फाइदा त पक्कै छ– पानी पर्न थालेको खबर सबैभन्दा पहिले तपाईंलाई नै थाहा हुन्छ ।

## ● कविता ●

### निरासको जिन्दगी



बाटो रोजें मैले खोलाको बगरै बगरमा
समाउन खोजें हाँगा भाँचिएर पछारिए ढुङ्गामा
बज्रपात पऱ्यो जिन्दगीमा केले धोएर पखाल्ने
आँसु सबै सुकिसक्यो अब कसरी मूल फुटाउने
नदीको छालहरूमा डुबुल्की मार्दै बगिरहेछ जिन्दगी
कहाँ पुगी अन्त हुने हो यो अधुरो जिन्दगी
समतल मैदानमा हिंड्दै थिएँ गहिरो खाल्डोभित्र परेंछु
कसैको सहारा पाउन खोज्दा आफै बेसहारा भएँछु
मरुभूमिमा फुलेको फूल अप्ठ्यारो पहरामा फुलेछ
जिन्दगीले कोल्टे फेऱ्यो दबाब अझ बढेछ ।

**–सुनिता श्रेष्ठ**

### सिउँदो भर्न पर्खिराख

हामी सँगै बस्नुपर्छ डेरा सर्न पर्खिराख
तिमी सँगै जाउँला नि म मेला भर्न पर्खिराख
सबैलाई दुःख पर्छ यहाँ तिमी किन आत्तिएकी
हतार तिमी गर्छ्यौ किन सँगै मर्न पर्खिराख
उन्नति र प्रगतिका बाटाहरू धेरै नै छन्
तिमी हामी दुवै मिली, सुवास छर्न पर्खिराख
मलाई माया गर्छ्यौ भने मेरो विश्वास गर सानी
अवश्य नै आउनेछु म सिउँदो भर्न पर्खिराख ।

**–बद्री शिवाकोटी**

### सुन्न पाए हुन्थ्यो गजल

डोको नाम्लो बुने सरी बुन्न पाए हुन्थ्यो गजल
सुन्दर ती फूल सरी उन्न पाए हुन्थ्यो गजल
ठट्यौलीका दिन गए मधुर ती रात उम्किए
भोटे ताल्चा मनभित्र थुन्न पाए हुन्थ्यो गजल
कहिले हाँसो कहिले आँसु जोडियो यो जीवनमा
नघटाई अब पनि गुन्न पाए हुन्थ्यो गजल
सम्झँदा नि उराठ लाग्छ विरक्त लाग्दा आवाजहरू
अब सास रहेसम्म सुन्न पाए हुन्थ्यो गजल ।

**–काग**

### जीवन साटेको मान्छे



सहाराविहीन जिन्दगी, टुहुरो भै बाँचेको मान्छे म
दुःख-वेदनाले खिइएर, त्यसै-त्यसै भाँचिएको मान्छे म
हाँगासरिको वृक्ष थिएँ म, सुरिलो भएँ आज
विवशताको हुरीले, कलिलोमै लाछेको मान्छे म
जीवन अनुभूतिको, कहीं काँचो होइन म
हरपल बाध्यताको भुमरीमै पाकेको मान्छे म
वेदनाको सीमा छैन, मेरो जिन्दगीमा
मुटु छिया-छिया भै फाटेको मान्छे म
प्रतिफल छैन संघर्षका, कथामै साटिएछन् ती
संघर्षमय यो जिन्दगीको संघर्षमै थाकेको मान्छे म
जुठो नै भने हुन्छ, यो निर्दोष 'दुर्लभ' लाई
कैयौं स्वार्थीले धेरै-धेरै चाखेको मान्छे म
जिउनुको अर्थ छन्, यो हालमा मेरो
मर्नै नसकी मृत्युसँग, जीवन साटेको मान्छे म ।

**–प्रवीण खालिङ**

## ● लघुकथा ●



### मेरो मन र मित्रता

जो बिना एकपल बिताउन पनि गाह्रो हुन्थ्यो । उनलाई नै मैले दुःख दिएँ तर मलाई यसको सजाय दिने कोही छैन । घरको एकान्तलाई स्कुलमा समेत कायम राख्न खोजें मैले । मैले गलत गरें । घरमा मम्मी र ड्याडीको झगडा भै सम्बन्धविच्छेदको कुरा आयो । सरी काली, यो घटनाले मलाई कुन मोडमा ल्याइपुऱ्याएको छ तिमीलाई थाहा छैन । तिमी सधैं मेरो मनमा रहनेछौ । म तिम्रो खुसीका लागि जे पनि गर्न तयार छु । यु आर माइ बेस्ट फ्रेन्ड । तिमीले कसैको विछोडमा विष खायौ तर मैले मम्मी-ड्याडीका कारण विष खाएँ । तिमीलाई थाहा छैन मैले मर्न धेरैपटक प्रयास गरिसकें, त्यसैले त भन्छु, मेरो जिन्दगीको भर छैन । जेहोस् मैले नखाएर पनि खाएको छु भन्न जानें, रोएर हाँसें, बिसन्चो भए पनि सन्चो भन्न सिकें । मेरो घरको स्थिति र दुःखेको मनले तिमीलाई हरक्षण दुःख दियो जुन म चाहन्नँ, किनभने तिमी मेरो कमजोरी हौ ।

**अनलक्की**

# पर्यटक भरिया : कठिन जिन्दगी

**वसन्त महर्जन**

संवेदनहीन पर्यटन व्यवसायी, भरियाहरूबीचको अस्वस्थ प्रतिस्पर्धा एवं सरकारी नीतिविहीनताका कारण नेपालका ५० हजारभन्दा बढी पर्यटक भरियाको जीवन कष्टकर हुन पुगेको छ । पर्यटन प्रवर्द्धनको नारा दिनेहरू के भन्छन् भने भरियामाथि हुने अन्याय बाहिर ल्याउनु हुँदैन । यो कुरा प्रचारमा आयो भने पर्यटन व्यवसाय मन्दीले छोपिनेछ ।

सार्की तामाङ जीविकोपार्जनका निम्ति पदयात्रीहरूको कसिलो भारी बोकेर काठमाडौंबाट लामो ट्रेकिङका लागि हिंडेका थिए । भारी घट्दै गएपछि बाँकी सामान अर्को भरियालाई खप्टाएर उनलाई फर्काइयो । डरलाग्दो जङ्गलबाट एक्लै फर्कन बाध्य तामाङले काठमाडौं आइपुग्दासम्म ज्यालाको पैसा पनि सके । 'जब भरियाको सरदार र गाइडहरू पदयात्रीहरूले खाँदै गएपछि घट्दै गएको दुई जनाको भारी एउटैले बोक्न सक्छ भन्ने निष्कर्षमा पुग्छन् तब भरियाहरूप्रतिको उनीहरूको व्यवहारमै फरक आउँछ ।' तामाङको अनुभव छ, 'आज्ञा नमान्नेहरू, मन नपरेकाहरू लखेटिइन्छन् ।'

तर पनि तामाङले चाहिँ हरेस खाएनन् । बरु छाक छाड्दै भए पनि कामलाई निरन्तरता दिए । हाल उनी पर्यटक गाइड भएका छन् । उनी मजदुरहरूको भलाइका लागि खोलिएको संस्था नेपाल ट्रेकिङ, ट्राभल, ऱ्याफिटङ युनियनको कोषाध्यक्ष बनेका छन् ।

पर्वतीय क्षेत्रमा ट्रेकिङ जाँदा लेक लाग्ने सम्भावना हुन्छ । पर्यटकलाई लेक लाग्यो, घाउचोट लाग्यो भने भरियाले बोकेर कम उचाइमा झार्नुपर्छ । अझ पर्यटकको उपचारका लागि त हेलिकप्टरको समेत बन्दोबस्त हुन्छ, तर भरियाहरूलाई त्यस्तो सुविधा छैन । लेक वा घाउचोट भरियालाई पनि लाग्न सक्छ, तर पर्यटकसँगै जाने ट्रेकिङ एजेन्सीका प्रतिनिधि र भरियाका सरदारहरू कति संवेदनहीन भैदिन्छन् भने भरिया बिरामी परे बाटोमै छाडिदिन्छन्, मरे हिउँले पुरिदिन्छन् ।



कतिपय घटनामा त सम्बन्धित परिवारलाई भरिया मरेको पनि थाहा हुँदैन । गोरखाका एक भरिया लुक्लामा मरे । परिवारलाई खबर भएन । चार वर्षपछि उनको परिवार उनलाई खोज्दै नेपाल ट्रेकिङ, ट्राभल, ऱ्या□टङ मजदुर युनियनमा आइपुगे । कोषाध्यक्ष सार्की भन्छन्, 'उनीहरूले बल्लतल्ल केही क्षतिपूर्ति लिएर गए ।'

एक महिनाको ट्रेकिङमा प्रतिपर्यटक ६ जना भरिया लानुपर्ने हुन्छ । भरियाहरू ट्रेकिङमै बढी प्रयोग हुन्छन् । भरियाका लागि भनेर पर्यटकसँग जति पैसा लिइन्छ त्यो भरियालाई दिइँदैन । यसको एउटा कारण भरियाहरूबीच हुने अस्वस्थ प्रतिस्पर्धा हो । कहिलेकाहीं त दिनको डेढ सयसम्म ज्याला पाए भने पनि भरियाहरू भारी बोक्न तयार हुन्छन् ।

आफ्नै साथीलाई बीच बाटोबाट अन्यायपूर्वक फर्काउँदा अरू भरिया चुइँक्क बोल्दैनन् । थप ज्याला पाइने प्रलोभनमा उनीहरू आफ्नै सहकर्मीले बोकेको सामान थप्न राजी हुन्छन्, बरु अलि माथि पुगेपछि उनीहरू ज्यालाको बार्गेनिङ गर्न थाल्छन् । एक जना सरदार भन्छन्, 'कसले, कसलाई, कहाँ घुर्क्याउने ठाउँ र पालो हुन्छ ।'

रोल्वालिङ, मकालु, कञ्चनजङ्घा, रसुवा र लाङटाङका स्थानीय भरियाहरू आफ्नो क्षेत्रमा भारी बोक्ने काम आफूहरूले मात्र गर्न पाउनुपर्ने दाबी गर्छन् । बाहिरबाट जाने भरियाहरूलाई भड्काउने, तर्साउने र उनीहरूले बोकेर त्यहाँ पुऱ्याएको सामान आफैं बोक्ने प्रयास गर्छन् ।

पर्यटनसम्बद्ध मजदुरहरूलाई सङ्गठित गरेर नेपाल ट्रेकिङ, ट्राभल, ऱ्याफ्टिङ मजदुर युनियनले मजदुर हकहितका पक्षमा आवाजहरू उठाएको छ, तर खासै सफलता हात लागेको छैन् । उनीहरूले आफ्ना २५ बुँदे मागलाई सूत्रबद्ध गरेर आवाज उठाउन थालेको १० वर्षभन्दा बढी भैसकेको छ ।

अन्नपूर्ण र लाङटाङ क्षेत्रमा भरियाहरूका लागि बस्ने-खाने छुट्टै व्यवस्था छ । खुम्बुमा पनि नेपाल हिमालयन गाइड एसोसिएशनको अगुवाइमा ३५ जनासम्म भरिया सुत्न मिल्ने गरी 'पोर्टर हाउस' बनाइएको छ । सोलुकै खुम्जुङमा पनि ५० जनासम्म भरिया अट्ने 'पोर्टर हाउस' छ, जहाँ भरियाहरू निःशुल्क बस्न पाउँछन् ।

भरियाहरूको आवाज जीवन बिमा गराइनुपर्ने मागमा बढी केन्द्रित छ । मजदुर युनियनले समुद्री सतहबाट १७ हजार फिटसम्ममा मृत्यु भए २ लाख र सो भन्दा माथि मृत्यु भएमा ३ लाखको बिमा व्यवस्था हुनुपर्छ भनेको छ । उनीहरूले अन्नपूर्ण क्षेत्रमा ३ सय ५० रुपैयाँ दैनिक ज्याला कायम हुनुपर्ने माग राखेका छन् ।

ट्राभल र ट्रेकिङ एजेन्सी नियमावली २०३७ मा पहाडी क्षेत्रमा भरियालाई न्युनतम दैनिक ज्याला २१ रुपैयाँ र भरियाको नाइकेलाई ३० रुपैयाँ दिनुपर्ने उल्लेख छ । पारिश्रमिकसम्बन्धी यो कानुनी व्यवस्था अत्यन्तै पुरानो भएको टिप्पणी भैरहेका बेला सरकारले हालै पर्यटन नियमावली २०५९ जारी गरेको छ, जसमा भरियाका लागि ३ हजार ७ सय फिटसम्मको उचाइमा २ सय र त्योभन्दा माथि २ सय ५० न्यूनतम दैनिक ज्याला तोकिएको छ, तर भरियाहरू यसबाट सन्तुष्ट छैनन् ।

२०३७ को नियमावलीमा भरियाको जीवन बिमाको पनि व्यवस्था छ । नियमावलीमा कुनै कारणवश बिमा हुन नसकेको भरियाको मृत्यु भएमा २५ हजार क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ भने भरियाको नाइकेको मृत्यु भए १ लाख क्षतिपूर्ति दिनुपर्छ ।

नियमावलीमा हिमाली क्षेत्रमा पर्यटकको भारी बोकेर हिंड्ने भरियालाई कमसेकम एकजोर हिउँमा लगाउने जुत्ता, एउटा ज्याकेट वा ऊनीको कपडा र एक जोर पञ्जा उपलब्ध गराउनुपर्ने कुरा उल्लेख छ । त्यस्तै पहाडी क्षेत्रमा हिँड्दा एक जोर कपडाको जुत्ता र ओढ्ने उपलब्ध गराउनुपर्छ, तर भरियाहरूले नियमावलीमा उल्लेख भएअनुसार कपडा लगाउन पाएका छैनन् ।

ट्रेकिङका लागि हिँड्दा पर्यटक र भरियाबीच हमेसा एउटा दूरी कायम हुन्छ । निश्चित विश्रामस्थलमा पर्यटक पुग्नुभन्दा पहिल्यै भरिया पुगिसकेको हुनुपर्छ । अर्को यात्रा सुरु गर्दा भरिया अगाडि नै हिँडिसक्छन् । भरियाहरूको ज्याला निर्धारण गर्दा वा उनीहरूप्रति दुर्व्यवहार हुँदा पर्यटकहरू सँगै हुँदैनन् । नेपाललाई बुझ्न भनेर आउने पर्यटकहरू यहाँको जनजीवन, हिमाल, हावापानी, ऐतिहासिक सम्पदाहरूबाट आनन्दित त हुन्छन् तर उनीहरू आफ्नै भारी बोक्ने भरियाहरूको दुःख भने बुझ्न पाउँदैनन् । इन्टरनेसनल पोर्टर प्रोटेक्सन ग्रुपका नेपाल च्याप्टर प्रतिनिधि प्रकाश अधिकारी भन्छन्– भरियाहरूको दुःख पर्यटकसम्म पुग्नु हुँदैन । 'नेपालको पर्यटन उद्योग डावाँडोल स्थितिमा छ, झन् नकारात्मक प्रचार भयो भने त बित्यास परिहाल्छ नि □ बरु भरियाहरूको दुःखलाई न्यूनीकरण गर्दै लानुपर्छ ।'



● सन्देश ●

सुरज, सुष्मा, सुनिता, तगु, लक्ष्मी, गोमा, अनिता, मञ्जु, अजय, भाइ कुमार, दाइ विष्णु, मेलिना, दाजु-भाउजूका साथै मलाई चिन्ने सम्पूर्ण साथीहरूलाई धेरै-धेरै सम्झना।

**कल्याण**

एसएलसी परीक्षामा उत्तीर्ण सबैलाई उत्तरोत्तर प्रगतिको कामनाका साथै हाम्रो देशका लागि केही राम्रा काम गरेर देश विकासमा केही भए पनि सहयोग गर्नुहोस्।

**विनोद**

विनु, तिम्रो धेरै याद आइरहेको छ। किन तिमीलाई मेरो विश्वास लाग्दैन ? म तिमीलाई धेरै मन पराउँछु र पराइरहनेछु।

**कान्छा**

पदमकुमार अनि कल्पनालाई जन्मदिनको लाखौं लाख शुभकामना।

**एस.के.**

सम्पूर्ण पत्रमित्र एवं शुभचिन्तकहरूमा माया। कृपया सम्पर्कमा रहनुहोला, बिर्सने प्रयास नगर्नु।

**प्रविण पृथक**

आयुषा, बाँच्नैपर्ने बाध्यताको शिकार भएर बाँचेको छु केवल जिउँदो लास भएर। आशा गर्छु तिम्रो सहारा हुने नायकले सधैंभरि बाहुपासमा कसिरहन सकोस्– न बिर्से तिमीलाई न पाएँ तिमीलाई बिना अर्थ दिलमा सजाएँ तिमीलाई।

**पर्वत**

साथीहरू अनुशा, ममता, रोमा, इर्फान, मुना, सन्ध्या, लक्ष्मी दिदी, श्रीनिवास, इमरान, किशोर, सचिन, नीरज आदिलाई शैक्षिक सफलताको शुभकामना।

**विनोद खतिवडा**

साथीहरू नवीन, भूपेन्द्र, गणेश, सुरेशलगायत दाजु श्यामसुन्दर, विभा, बुवा जोगेन्द्र, आमा प्रमेश्वरी, भाइ पाण्डव, प्रमोद, रामबाबु, लभ, कुश, चन्द्रकला, शोभा, आरती, जयन्ती, आशा, पूजा, सुलेखा, खुम्बु, ममता अनि जनकपुरका सबै साथीलाई सम्झना एवं धेरै-धेरै शुभकामना।

**विशाल**

सयन्द्र, जुन आक्षेप लगाएर तिमी मदेखि यसरी टाढियौ, मेरो एकोहोरो कमजोरी देख्यौ, तर यति बुझिदेऊ मैले राम्रा-नराम्रा दुवै काम गरें होला। सायद सबै गल्ती मात्र पनि गरिनँ। केही राम्रा काम पनि गरें। ती कुरालाई पनि एकपटक सम्झिदेऊ, तिमी गएपछिका दिनदेखि पागलतुल्य भै भौंतारिरहेको छु। पलपल तिम्रै मात्र यादले मुटु भक्काइरहन्छ। आँखामा निद, भोक-प्यास केही छैन। तिमीविना म अब एकपल पनि बाँच्न सक्दिनँ। बितेका कुरालाई बिर्सेर मलाई माफ गरिदेऊ। म तिम्रो चाहनाको अवश्य कदर गर्नेछु।

**ज्ञानु**

पारु, जीवन अविराम गतिमा बगिरहेछ नदीझैं। नदी सुकेर गए पनि किनारा सधैं त्यही रहन्छ। जसरी नदीका दुई किनाराको मिलन असम्भव छ त्यस्तै छ हाम्रो मिलन। समयको अन्तरालसँगै जीवन जोडिएर होला, धेरै समयपछि हाम्रो अस्वाभाविक मिलन हुँदैछ। मित्रताको साँधले हाम्रो अकल्पनीय दुई किनारा जोडिँदैछ। म धेरै खुसी छु यार □ म तिमीलाई बिर्सन सक्दिनँ।

**सुमन**

● साथी ●



कृषि पेसामा संलग्न राकेश श्रेष्ठ हाल १८ वर्षका भए। ५ फिट २ इन्च अग्ला श्रेष्ठ कक्षा १२ मा अध्ययनरत छन्। अविवाहित राकेश कम बोल्ने तथा हँसिलो स्वभावका छन्। फुटबल खेल्ने अनि असल मित्र बनाउने अभिरुचि राख्ने राकेश गहुँगोरो वर्णका छन्। पोखरा-६, लेकसाइड, बैदामका बासिन्दा श्रेष्ठलाई साथी बनाउन चाहनेहरूले howardjesica@gmail.com मा इमेल गर्न सक्नुहुन्छ। राकेश मिलनसार, सादा जीवन उच्च विचार भएको, साथीको भावना बुझ्ने तथा घमन्ड नभएको साथीको खोजीमा छन्।

रोमान्टिक स्वभावका अमित परियार ५ फिट २ इन्च अग्ला छन्। कक्षा ९ मा अध्ययनरत अमित हाल १६ वर्षको भए। गोरो वर्णका अमित अरूको दुःख हेर्न नसक्ने कुरा बताउँछन्। उनी पत्रमित्रतामा अभिरुचि राख्छन्। सहयोगी, इमान्दार, उत्तरदायित्व बहन गर्न सक्ने साथीको खोजीमा रहेका



अमितलाई साथी बनाउन चाहनेहरूले दुलारी-१, मोरङमा पत्राचार गर्न सक्नुहुन्छ।



२० वर्षीय हर्क ठकुल्ला क्षेत्री ५ फिट ७ इन्च अग्ला छन्। हाल बीएड प्रथम वर्षमा अध्ययनरत हर्क श्री स. पवल चण्डिका गण, पर्वतमा कार्यरत छन्। मिलनसार स्वभावका हर्क अविवाहित छन्। हर्कको रुचि नृत्यमा छ भने उनी गहुँगोरो वर्णका छन्। मनको कुरा बुझिदिने साथीको खोजीमा रहेका हर्कलाई thakullah@yahoo.com मा इमेल गर्न सकिन्छ।

पर्वतश्री न्यौपाने 'आयुश' को उचाइ ५ फिट ५ इन्च छ। स्नातक तह प्रथम वर्षमा अध्ययनरत न्यौपाने हालसम्म अविवाहित छन्। गहुँगोरो



वर्णका पर्वत पत्रमित्रतामा रुचि राख्छन्। असल बानी-व्यवहार भएको, असल संगत, सत्कर्म तथा धार्मिक प्रवृत्तिको साथीको खोजीमा रहेका पर्वत धूम्रपान एवं मद्यपानको लत बसेकाहरूको संगत रुचाउँदैनन्। उनलाई साथी बनाउन चाहनेहरूले parbat_shrma@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ।



नेटवर्किङ बिजनेसमा कार्यरत प्रवीण ज्ञवाली 'पृथक् प्रेमी' ले प्लस टु तह उत्तिर्ण गरेका छन्। १८ वर्षका प्रवीण ५ फिट ४ इन्च अग्ला छन्। चञ्चले तथा एकान्तप्रेमी प्रवीण गहुँगोरो वर्णका छन्। गजल लेखनमा अभिरुचि राख्ने प्रवीण साहित्यप्रेमी साथीहरूको खोजीमा छन्। उनलाई तीनदोबाटे-७, करादी खोला बजार, स्याङ्जामा पत्राचार गर्न सकिन्छ।

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ..........................................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव : .............................. वैवाहिक स्थिति : ..............................

अभिरुचि : .............................. वर्ण : ..............................

इमेल : ..........................................................

ठेगाना : ..........................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................

..........................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

● जीवनको गोरेटोमा ●

## मायाको चिनो



मलाई कुनै पनि कुराको अभाव र समस्या थिएन तर पनि म व्यस्त हुन चाहन्थें। बिहान ६ देखि ११ बजेसम्मको कलेज थियो। दिउँसो अर्को काम गर्थें। त्यहाँबाट पनि आम्दानी हुन्थ्यो। म जाँड, रक्सी र केटीहरूबाट निकै टाढा थिएँ तर थाहै नदिई आँधीबेहरीसँगै आइपुगिन् उनी मेरो जीवनमा।

एक दिन मैले प्रेम प्रस्ताव राखें। न त उनले स्वीकार गरिन् न त अस्वीकार। फोनमा घन्टौं भुल्यौं हामी। खै एकाएक कालो बादलले जीवन ढाकिदिएजस्तो लाग्यो। म कसैबाट तिरस्कार भएजस्तो लाग्यो अनि रक्सीको सहारा लिन पुगें। उनले मलाई बारम्बार सम्झाउँथिन् र एकान्त रातमा गल्ली-गल्ली हिँड्दा पनि उनका नजरहरूले मलाई पछ्याइरहेका हुन्थे। यही पागलपनसँगै महिनौं बिते। कलेज छाडिदिएँ। यो खबर मेरो घरसम्म पुगेछ। त्यसपछि फेरि केटीदेखि टाढा रहेर व्यस्त जीवन बिताउन थालें, कलेज जान थालें।

एक दिन न्यूरोडबाट हिँडेर आउँदै थिएँ। ठमेलमा आइपुगेपछि मलाई मसाजको नशाले समात्यो किनकि जीवनमा कहिल्यै मसाज गराएको थिइनँ। त्यसैले पुगें ठमेलको एउटा मसाज सेन्टरमा। छवटी केटी थिए। मलाई देखासाथ एउटीले मेरो हात समाइन्। राम्री पनि अति राम्री थिइन् उनी। उनले बिस्तारै मेरा लुगाहरू खोलिदिइन् र मसाज गर्न थालिन्। म लुगा लगाएर निस्कन लाग्दा मेरो मोबाइल नम्बर मागिन्। मैले उनलाई ५ सय रुपैयाँ दिएँ तर उनले मुसुक्क हाँस्दै मेरो खल्तीमा फिर्ता राखिदिइन् र म बाहिर निस्किएँ।

रातको १० बजे मोबाइलमा गीत बज्यो, 'के वर मागी फर्कौ भन तिमीले पुजेको देउतासित'। मैले नम्बर हेरें अपरिचित थियो। फोनमा उनले भनिन्- भोलि बेलुका ७ बजे होटलमा आउनुहोस् है। मलाई अचम्म लाग्यो, त्यो अपरिचित नम्बर अपरिचित आवाजले मलाई त्यहाँ बोलाउनुको कारण के हो ? मैले सोधें- तपाईं को हो ? उनले भनिन् म तपाईंको मसाज गर्ने मान्छे। भनिदिएँ ल म ७ बजे आउँछु। उनले भनिन्- होटलमा पुगेपछि मलाई फोन गर्नु है। म बेलुका ७:३० मा त्यहाँ पुगें। म त्यहाँ पुग्नासाथ उनले गहिरिएर मेरा आँखामा हेरिरहिन्। मैले पनि सहनै सकिनँ अनि उनका ती कोमल ओठहरूमा स्पर्श गर्न थालें तर उनले अस्वीकार गरिन् र मैले पनि करकाप गरिनँ। नुहाउन भनेर उनी बाथरुमतिर लागिन्। मैले बाथरुमको ढोका ढकढकाएँ। जब उनलाई खुला रूपमा देखें प्रकृतिको याद आयो। उनले बिस्तारै मेरा हातहरू समाउँदै चुम्बनका छहरा, झरनाहरू बर्साउन थालिन्। यसरी बारम्बार हाम्रो भेट हुन थाल्यो। एक दिन मैले उनका बारेमा सोध्न खोजें।

आँखाभरि आँसु पार्दै मेरो छातीमा टाँसिएर एउटा सानो फोटो देखाइन्। जसमा कम्प्याट ड्रेसमा एउटा मान्छेको आकृति झल्किरहेको थियो। मैले सोधें- को हो ? उनले भनिन्- मेरो बुवा हो ब्रिटिस आर्मीको मेजर। त्यसैले मेरो जीवनमा पैसाको कुनै कमी छैन। उनी मौन रहिन् र केही समयपछि थपिन्- मलाई एचआईभी छ, म केही वर्षअघि धरानमा बाइक एक्सिडेन्टमा परें। त्यतिबेला रगत दिने मान्छेबाट मलाई एचआईभी सरेछ। त्यो मसाज सेन्टर मेरै हो। यति सुनेपछि मलाई आगोको बीचमा बसेजस्तो भयो। निश्चित थियो अब मलाई पनि एचआईभी हुन्छ। उनले भनिन्- अब म बाँच्न चाहन्नँ त्यसैले जीवनमा अनुभव बटुल्न चाहन्थें, कुनै पुरुषको अँगालोमा बाँधिन चाहन्थें। तिमी प्रथम पुरुष हौ जसले मेरो कुमारीपनलाई आफ्नो बनाउन पायौ। म भोलि घर जाँदैछु। मैले उनका आफन्तका बारेमा सोधें। बुवाआमा विदेशमै रहेछन्। उनले भनिन्- आज म तिमीलाई एउटा उपहार दिन्छु सम्हालेर राख है। उनले ब्यागबाट चेक र एउटा ठूलो सुनको लकेट दिँदै भनिन्- सम्हालेर राख है। मलाई अचम्म लाग्यो। त्यसैले भनिदिएँ- नाइँ म केही पनि लिन्नँ तिमीबाट। उनी फेरि मौन रहिन् र मेरो छातीमा टाँसिदै भनिन्- भोलि सँगै एयरपोर्ट जाऔँ है। मैले सोधें किन ? म भोलि बाबा र मम्मीलाई भेट्न जाँदैछु। उनी ठमेलतिर लागिन्, म पनि आफ्नो कोठामा फर्किएँ।

अर्को दिन बिहान फोन आयो। उनी तयारीका साथ आएकी थिइन्। उनी, म र उनकी आन्टी लाग्यौं एयरपोर्टतिर। उनलाई विदा दिँदै हामी फर्कियौं। एक दिन उनले भनिन्- अबदेखि मलाई फोन नगर है। मोबाइलमा त झन् गर्दै नगर्नु। अब हाम्रो भेट कहिल्यै हुनेछैन। अर्को दिन बिहान एक्कासि हातबाट मोबाइल खस्यो र फुट्यो। नजिकै साइबर छिरेर उनको नम्बरमा फोन हानें तर फोनमा एउटा अपरिचित स्वरले भन्यो- एलिजाले आत्महत्या गरी। म विह्वल भएँ। सोधें किन ? उसलाई एचआईभी थियो सायद पीरले हुनसक्छ।

**– सौगात सागर**

# काली र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ?

अरे सम्पादकज्यू, कस्तो लम्फु प्रश्न हो यो ? बाहिरी आवरणको कलरले मानिस कहाँ राम्रो हुन्छ र ? मन पो राम्रो हुनुपर्छ ।

resham_sunuwar@yahoo.com

मलाई त गोरी युवती राम्रा लाग्छन्, किनभने मेरी प्रेमिका पनि गोरी नै छिन् । मैले काली मनपर्छ भने त उनले मारिहाल्छिन् नि ।

**प्रवीण ज्ञवाली, करादी**

काली दिलवाली हुन्छन् रे त्यसैले मलाई काली नै मनपर्छन् ।

Chy_nandu@yahoo.com

प्रश्न दोधारे छ, तैपनि काली युवती राम्रा हुन्छन्, किनभने गोरी युवतीहरूमा आफ्नो सुन्दरताको घमन्ड हुन्छ ।

**विरम्ट तामाङ, सिरहा, गोलबजार**

शरीर र मुहार राम्रो मिलेको भए छालाको रङ्गले के फरक पार्छ र ? कृष्टि मैनाली र करिश्मा मानन्धर दुवै राम्रा छैनन् र ?

**युजल घिमिरे, मोरङ**

न त काली न त गोरी, गहुँगोरीचाहिँ असाध्यै राम्रा हुन्छन् ।

**शम्भुराज सोल्टी, मोरङ**

काली-गोरी जे भए पनि मनको राम्रो भए रंगले कुनै फरक पर्दैन ।

**रामलगन चौधरी, सिरहा**

हुन त गोरी युवती नै राम्रा होलान्, तर मान्छे कालो भए पनि मनचाहिँ कालो हुँदैन नि ।

**सुजित पौडेल**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पुरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
२. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
३. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
४. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
५. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
६. पढेर जानिन्छ कि परेर ?
७. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
९. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
९. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
१०. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?



हेराइमा भरपर्छ तर मलाई काली नै मनपर्छन् । किनभने मेरी प्रेमिका पनि काली नै छिन् ।

**लक्ष्मण दाहाल** (२०)

यो के प्रश्न सोधेको ? गोरी युवती नै राम्रा हुन्छन् नि □ किनभने उनीहरूको मन पनि गोरै हुन्छ ।

**वैद्यनाथ कोइराला**

राम्री त गोरी नै हुन्छन् नि तर मन मिलेपछि काली युवती पनि राम्रा लाग्छन् ।

**डीजी थापा** (२०)

आफू अलि कालो भएर होला, मलाई त काली युवती नै राम्रा लाग्छन् ।

**नारायण कुँवर**

काली युवती नि, काली हिस्सी परेकी युवतीले भुतुक्कै बनाउँछन् ।

**कमल जिसी** (२५) **दिक्तेल**

काली-काली हिस्सी परेकी युवती राम्रा हुन्छन् ।

**मल्लिका मल्ल** (१८)

के गर्नु हजुर, गोरी नै भए पनि ए काली नै भनेर बोलाउँछु, त्यसमाथि पनि गोरीकाली भन्दा पनि मन सफा कि फोहोर भन्ने हो, मनकी राम्री भैदिए पुग्छ मलाई ।

**सुजित खतिवडा**

## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : म २४ वर्षीय अविवाहित युवक हुँ । म मेरो लिंगको** circumcision **गर्न चाहन्छु । यसबाट लिंगमा गन्हाउने सेतो पदार्थ** smegona **को पनि अन्त हुनुका साथै भविष्यमा सेक्स पार्टनरलाई पनि सन्तुष्ट राख्न सकिन्छ भन्ने लागेको छ । के यो सम्भव छ ?**

**–क.**



**डा. राजेन्द्र भद्रा**

**उत्तर : अग्रचर्म के हो ?**

हामीलाई थाहै छ, पुरुषको लिङ्ग एक विशेष छालाले छोपिएको हुन्छ । सामान्यतः लिङ्गको वरिपरि मात्र नभै यसको केही भाग लिङ्गभन्दा पनि अगाडि आएको हुन्छ । लिङ्गको मुण्डलाई छोप्ने छालाको यो विशेष पत्रलाई अग्रचर्म भनिन्छ । यसलाई अंग्रेजीमा prepuce (प्रीप्यूस अथवा फोर स्किन) भनिन्छ ।

**अग्रचर्म किन काटिन्छ ?**

यस्तै ४ हजार वर्षभन्दा पहिले पनि अग्रचर्म काट्ने चलन रहेको अनेक प्रमाण भेटिएका छन् । अहिलेसम्म यसलाई निरन्तरता दिइँदै आए पनि यो शल्यक्रिया गर्ने कि नगर्ने भन्ने विषयमा अनेक विवाद छ । उपचारका लागि यो शल्यक्रिया विशेष गरेर युवावस्थामा वा वयस्क अवस्थामा गरिन्छ तर कतिपय समुदायमा धार्मिक वा परम्परागत सांस्कृतिक चलनअनुसार यसलाई निरन्तरता दिइँदै आएको छ । अग्रचर्म काट्ने चलनमा पनि संसारभरि नै अनेक भिन्नता देखिन्छ । यो काम कसैले बढी उमेर भएपछि त कसैले बाल्यावस्थामा गर्छन् भने अर्कातिर यो कर्मलाई कसैले उत्सवका रूपमा मनाउँछन् त कसैले सामान्य रूपमा सम्पन्न गर्छन् ।

पहिले (६० तथा ७० को दशक) को तुलनामा अमेरिकामा यो चलन अहिले केही घट्दो रहेको बताइन्छ । केही परिस्थितिमा व्यक्ति लिङ्गलाई राम्रो वा भनौं सुन्दर देखियोस् भनेर पनि अग्रचर्म काट्ने गरेको पाइन्छ । कतिपय व्यक्ति सरसफाइका कारणले यसो गर्नुपर्ने विश्वास गर्छन् । शिशुहरूले यो शल्यक्रियाका लागि सहमति जनाउन नसक्ने भएकाले उनीहरूका अभिभावकले यस्तो निर्णय गर्नु बालअधिकारको हनन हो र यो 'नैतिक भएन' भन्नेहरूको आवाज पनि ठूलो हुँदै गएको छ ।

हालसालैका अध्ययनहरूले यसरी अग्रचर्म काट्दा एच.आई.भी सर्ने सम्भावनालाई निकै घटाउन सकिने देखाएकाले कतिपय अफ्रिकी देशमा यसलाई एचआईभी रोकथामको उपायका रूपमा लिइँदैछ ।

**अग्रचर्म काट्ने** (Circumcision)

अग्रचर्म काट्न गरिने शल्यक्रियालाई अंग्रेजीमा Circumcision भनिन्छ । यो शल्यक्रिया अग्रचर्म साँघुरो भएको स्थितिका लागि प्रभावकारी उपचार हो । यस किसिमको शल्यक्रियाका लागि अस्पताल भर्ना हुनु पर्दैन । वास्तवमा यस्तो किसिमको शल्यक्रिया दश-पन्ध्र मिनेटमै सकिन्छ, अन्य शल्यक्रिया गर्दा जस्तो बेहोस गर्नुपर्ने आवश्यकता पनि पर्दैन, पीडा मार्ने सुईको प्रयोग नै पर्याप्त हुन्छ । शल्यक्रिया गरेको केही बेरपछि घर जान सकिन्छ । शल्य चिकित्सकको सल्लाहबमोजिम केही दिन घरमै पीडा कम गर्ने तथा अन्य औषधीको सेवन गर्नुपर्ने हुनसक्छ । त्यसबाहेक केही दिनपछि आफ्नो घाउ जँचाउन पुनः शल्यचिकित्सककहाँ आउनुपर्छ । राम्रो स्थानमा दक्ष चिकित्सकबाट अप्रेसन गराउँदा यसका नकारात्मक असरहरू एकदमै न्यून भएको देखिन्छ । अग्रचर्म काटिएको स्थानको संक्रमण तथा रक्तश्राव प्रायःजसो देखा पर्ने असर हुन् । काटेको स्थानमा रगत जम्मा हुने (haematoma) जस्तो समस्या पनि देखिन सक्छ । कुनै पनि ठूला अस्पतालको शल्यचिकित्सा विभागमा सम्पर्क राखी यो शल्यक्रिया गराउन सकिन्छ ।

**यौन क्षमतामा असर**

लिङ्गमा कुनै विकृति देखिनु अर्थात् सामान्यभन्दा फरक देखिनु वा त्यसको उपचारमा शल्यक्रिया गर्नुपर्ने जस्तो कुरा हुनुले स्वाभाविक रूपमा यौन सक्षमतामा असर पर्छ कि भन्ने विचार वा शंका-उपशंका उठ्नु स्वाभाविक हो ।

अग्रचर्मले लिङ्गको भौतिक रूपमा सुरक्षा त गर्छ नै तर यो यौन संवदेनशील पनि हुन्छ भन्ने कुरा बिर्सनु हुँदैन । यो अग्रचर्म यौन सन्देश ओसार-पसार गर्ने स्नायुले भरिपूर्ण हुन्छ । लिङ्गको उत्तेजना र यौनसम्पर्कको घर्षणका साथै तन्काइले यौन सुख प्राप्त गर्नमा सहयोगी भूमिका खेल्छ । अग्रचर्म अगाडि-पछाडि फर्कने भएकाले यौनसम्पर्कका बेला घर्षणमा सहज हुने बताइन्छ । स्वाभाविक रूपमा अग्रचर्म छुट्टिनुभन्दा पहिले नै शिशु अवस्थामा अग्रचर्म काटिँदा, सिस्नमुण्डको छाला नै फरक किसिमको देखिन्छ । वयस्क अवस्थामा गरिएको शल्यक्रियामा यस्तो प्रभाव कम भए पनि परिवर्तन त देखिन्छ नै । यो परिवर्तनले सिस्नमुण्डको छाला केही कम संवेदनशील हुन्छ । अग्रचर्म काटिएको लिङ्ग तुलनात्मक रूपमा केही सुख्खा हुन्छ ।

अग्रचर्म काट्नुका अन्य कतिपय पक्षमा पर्याप्त जानकारी भए पनि सामान्यतः यसको यौन सक्षमतामा पर्ने प्रभावका बारेमा भने पक्का जवाफ पाउन गाह्रै छ । कतिपयले अग्रचर्म काटेपछि सिस्नमुण्डको संवेदनशीलतामा कमी आउने भएकाले यौनसम्पर्कका बेला कम आनन्द हुने कुरामा विश्वास गर्छन् भने कतिपयले यौनसम्पर्क थप आनन्ददायक हुने कुरामा विश्वास गर्छन् । मास्टरर्स र जोनसनले आ□नो एक अध्ययनमा अग्रचर्म काटेका तथा नकाटेका पुरुषमा खासै भिन्नता नदेखिएको बताएका छन् ।


के तपाईंमा यौन सम्बन्धी समस्या छ ?

पुरुषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।

महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु ।

महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार

सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५

शाखा कार्यालय
पोखरा - ०६१-५३९१९४ बुटवल - ०७१-५४८८९३
भरतपुर - ०५६-५३०९६८ इटहरी - ०२५-५८४०८८
दाङ - ९८४७८७७११४, ९८०६३०९८००
हेटौडा - ०५७-५२६०४६ राप्तरी, फत्तेपुर - ०३१-५५०११३



ग्यारेन्टी उपचार
100% Gurantee
यौन: शिघ्र स्खलन, यौन सन्तुष्टि नहुने
अनुहार: कालो पोतो, चायाँ, डन्डीफोरको उपचारको लागि
शारिरिक तौल घटाउने, बढाउने ।
मधुमेहको उपचार साथै ग्याष्टिक, प्रेसर, बाथ, दम आदि समस्याहरूको समाधान
नोट: सावधान! डाक्टरद्वारा जाँच गरेर मात्र औषधि प्रयोग गर्नुहोस ।
माहारूद्र आयुर्वेद फार्मेसि
लगनखेल साझाभवन पसल नं २२
2291316, 9741137095



सौन्दर्यका सामान
Free Home Delivery / 100% Guaranteed
○ Height बढाउने (Yoko Japanese) - 1050/-
○ मोटोपन घटाउने (Sauna Belt)
○ अनुहार गोरो बनाउने (Roop Amrit)
○ स्तन बढाउने, घटाउने साथै टाइट गर्ने (Cream)
○ डण्डीफोर, चाया पोतो हटाउने (Cream)
○ धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
○ कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
○ एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134



सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर: रातोपुल पारीपट्टी, काठमाडौं



कष्मेटिक सर्जरी
- शरीरमा भएका दाग, कोठी, मुसा, ट्याटु, अप्रेसन पछिका दागहरु हटाउन
- शरीरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment
प्लाष्टिक सर्जरी क्लीनिक
सम्पर्क: मानभवन, ललितपुर
०१६९१०५३२, ९८०३८८३५७७




रोजगारमूलक CMA तालिममा भर्ना खुल्यो
CTEVT बाट मान्यता प्राप्त यस संस्थामा S.L.C. उत्तीर्ण हुनेहरुका लागि सि.एम.ए. (१५ महिना) तालिमको १३ औं समूहमा धमाधम भर्ना आवेदन फारम वितरण भईरहेको छ । गरिब, दलित र जनजातीहरुका लागि केही सिटमा छात्रबृतीको पनि ब्यवस्था छ । प्रवेश परीक्षाको लागि नि:शुल्क तयारी कक्षाको ब्यवस्था छ । प्रवेश परीक्षा मिति २०६६ साउन २४ गते शनिवार दिउसो ३ बजे ।
साथै कम्तिमा कक्षा ८ उत्तीर्ण हुनेहरुका लागि ग्रा.स्वा.का. तालिममा पनि भर्ना लिईदै छ ।
सम्पर्क कार्यालय :
एजुकेशन एण्ड कम्युनिटी हेल्थ अर्गनाइजेशन (ECHO)
लगनखेल, ललितपुर (मच्छिन्द्र बहाल पश्चिम गेट नजिकै YMBA भवनमा) फोन : ५५४२७६५



सौन्दर्यका सामानहरु
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,१९९/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,२९९/-
४. Breast बढाउने क्रिम -रु.१,२९९/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. २,४९९/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झर्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. १,४९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/-
Global TV. Product Shop
पुतलीसडक, ( शंकरदेव क्याम्पस अगाडि )
कुमारीबैंकपछाडिफोन:४२४२०६१,४२३०८१५

## बाटो पत्ता लगाउनुहोस्



## पत्याउनु हुन्छ?



होवर जातको बाँदर जमिनमा पाइने जनावरहरूमध्ये सर्वाधिक कराउने जीवमा पर्छ। यसले कराएको २ माइल टाढासम्म सुनिन्छ।



स्तनधारी प्राणीको रगत रातो हुन्छ भने कीराहरूको पहेंलो र लोवस्टरको रगत नीलो हुन्छ।



भारत कर्नाटकका २२ वर्षीय ज्योति ढाडो पहाड र भित्तामा छड्के भएर चढ्छन्। बाँस चढेर सिकेको यो कला अहिले उनी पर्यटकहरूलाई आकर्षित गर्न प्रस्तुत गर्छन्।

### भन्न सक्नुहुन्छ ?

एउटा मानिस १ दिनमा ५ किलोमिटर हिँड्छ र १ दिन बाटोमा बास बस्छ। एउटा घोडा एक दिनमा १० किलोमिटर हिँड्छ र २ दिन बास बस्छ। मानिस र घोडा एउटै गन्तव्यमा ५ दिनको फरकमा पुग्छन्। घोडा सोमबार र मानिस शनिबार पुग्छ। अब भन्नुहोस्, मानिस कुन बार गन्तव्यतिर हिँडेको होला ?

## साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | २ | | | | ३ | |
| | ४ | | | | ५ | | | | |
| | | ■ | ■ | | | ■ | ■ | | ६ |
| | | ७ | | ८ | ९ | | | | |
| १० | | ■ | ■ | | | ■ | ■ | | |
| ११ | | | | | १२ | | | | १३ |
| | १४ | | | १५ | | १६ | | १७ | |
| | | ■ | ■ | | | ■ | ■ | | |
| १८ | | १९ | | | | २० | | | |
| ■ | २१ | | | | | २२ | | | ■ |

दायाँ


१. कोसी नदीमा पाइने माछा (५)
२. रातो चन्दन (५)
३. दमयन्तीका पति (२)
४. आदिकवि (४)
७. भाइ (३)
९. प्रतिनिधि, अधिवक्ता (३)
१०. पुण्य (२)
११. सप्तरीको सदरमुकाम (५)
१२. पाटन (५)
१४. अतिथिगृह (४)
१६. पुर्खा (३)
१८. महाभारतका एक पात्र (३)
१९. कालका देवता (२)
२०.काठमाडौं रहेको एक मञ्च (४)
२१. यन्त्रहरू राख्ने ठाउँ (४)
२२. चोट लागेको, घाइते (३)


तल

१. ताल, दह (४)
२. एक दैत्य (४)
३. एक पर्यटकीय स्थाल (५)
४. भाषाको उपभेद (३)
५. महाभारतका एक पात्र (४)
६. काठमाडौंको पुरानो नाम (४)
८. रुकुममा पर्ने एक हिमाल (४)
१०. पृथ्वी (४)
११. दिनको उल्टो (२)
१२. बालबालिकालाई लाग्ने एक प्रकारको खोकी (५)
१३. नाटक देखाउने ठाउँ (४)
१४. भानुभक्तका पिता (४)
१५ लाहाको घर (४)
१७. जनताको मत (४)
१९. मेसिन (२)

चिन्ह चिन्नुहोस्को उत्तर : स्विमिङ पुल, आइरन लगाउने स्थान, सिनेमा हल, इन्टरनेट सेवा, टेनिस कोर्ट, टेलिफोन सेवा, मिटिङ हल, कपाल काट्ने स्थान, रेस्टुरेन्ट, माउन्टेन बाइक, जिम, साँचो राख्ने ठाउँ ।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?





## होटेलमा प्रयोग हुने संकेत चिन्नुहोस्



## सोनीको कम्प्याक्ट



सोनी कम्पनीले निर्माण गरेको साइबर सट्को डब्लु सिरिजका कम्प्याक्ट क्यामेराहरू नेपाली बजारमा भित्रिएका छन् । सोनीले उत्पादन गरेको यो सिरिजको कम्प्याक्ट क्यामेराको मुख्य विशेषता हाई डेफिनेसनमा भिडियो खिच्न सक्नु हो भने यसमा रहेको कार्ल जेसिका लेन्समा 'फाइभ एक्स' अप्टिकल जुमको सुविधा पनि छ । २२ मिलिमिटर वाइडसमेत भएको यो मोडलको कम्प्याक्ट क्यामेरामा सोनीले आफ्नो पछिल्लो उत्पादनमा देखिएका केही समस्या समाधान गर्ने प्रयास गरेको छ । यो सिरिजको कम्प्याक्ट क्यामेरामा तस्बिरको रंग हेर्दा आँखालाई आनन्द आउँछ भने तस्बिरको क्वालिटी पनि बढाइएको छ । १२ दशमलव १ मेगा पिक्सेलको यो क्यामेरामा जडित भिडियो मोडले ७ सय २० गुणा १ हजार २ सय ८० पिक्सेललाई ३० फ्रेम प्रतिसेकेन्ड खिच्न सक्छ । यसले खिचेको भिडियोलाई हाई डेफिनेसन टिभीमा समेत हेर्न सकिन्छ । यसको एलसीडी स्क्रिनमा रि-टच सुविधा पनि छ । यदि फोटोमा रेड आई आए वा अन्य समस्या भए मिलाउन सकिन्छ । यसमा रहेको क्यालेन्डर भ्यू सिस्टममा प्रयोगकर्ताले विभिन्न विषयलाई ग्रुप गरेर फोटो खिचे हजारौं तस्बिर एकैपटक हेर्न सकिन्छ । नेपा हिमा ट्रेड लिंकले नेपालको बजारमा उपलब्ध गराएको यो क्यामेराको बजार मूल्य ३० हजार ४ सय ९९ रुपैयाँ छ ।

## स्पाइसको स्लिम मोबाइल




भारतको स्पाइस मोबाइल कम्पनीले निर्माण गरेको 'स्पाइस एस-५३३०' मोडलको मोबाइल सेट नेपाली बजारमा आएको छ । पातलो आकारमा फ्लिप गर्न मिल्नु नै यो मोबाइल सेटको बाहिरी आकर्षण हो । सुनौलो रंगमा रहेका कारण यो सेटले उपभोक्तालाई लोभ्याउन सक्छ । यो सेटका प्रयोगकर्ताले केवल टेलिफोनको मात्र प्रयोग नगरेर संगीतको समेत आनन्द उठाउन सक्छन् । एएमआर, वेभ फर्म्याटका गीत सुन्न सकिने यो सेटमा एमपीथ्री फर्म्याटका गीतहरू पनि सुन्न सकिन्छ । यो सेटले २ जीबी मेमोरी कार्ड सर्पोट गर्छ, जसमा करिब ५ सय १२ वटा गीत राख्न सकिन्छ । प्रयोगकर्तालाई सजिलो होस् भनेर यो सेटमा एउटा की थिच्नेबित्तिकै संगीत सुन्न सकिने बनाइएको छ । त्यसबाहेक एफ रेडियो पनि एउटा की थिच्नेबित्तिकै बजाउन सकिन्छ भने यसमा रहेको ज्याकलाई स्पिकरमा जोडेर अरूलाई पनि सुनाउन सकिन्छ । यो सेटको मनिटर १ दशमलव ८ इन्चको छ जसका कारण इन्टरनेट र तस्बिर हेर्दा स्पष्ट देखिन्छ । यो सेटमा पोप्याट सिस्टम पनि छ । यसले कुनै पनि कल आउँदा उक्त व्यक्तिको नाम समेत उच्चारण गर्छ । टेलिटक प्रा.लि.ले यो सेट ४ हजार १ सय ५० रुपैयाँमा बिक्री गरिरहेको छ ।

## एस एम एस ईल्ट्रोनिक्स स्कुटर



नेपालमै निर्माण भएको एसएमएस ई-स्कुटरको दुई मोडल नेपाली बजारमा देखा परेको छ । 'बुज' र 'इको' मोडलका यी स्कुटरको मुख्य विशेषता बिजुलीबाट सञ्चालन हुनु हो । काठमाडौंको स्युचाटारमा कारखाना रहेको यो स्कुटरको ब्याट्रीलाई करिब साँढे दुई घन्टामा फुल चार्ज गर्न सकिन्छ । यसरी फुल चार्ज गरेपछि यसले ५० किलोमिटरको माइलेज दिन्छ । बुज मोडलको स्कुटरमा २ हजार ५ वाटको मोटर छ, जसलाई ४८ भोल्टको ब्याट्रीले चलाउँछ भने इको मोडलमा ३ हजार २ सय वाटको मोटर छ र यसलाई ७२ भोल्टको ब्याट्रीले सञ्चालन गर्छ । यो स्कुटरमा प्रयोग हुने ब्याट्री ड्राई सेल रहेका कारण नियमित चार्ज गर्दा लामो समयसम्म चल्छन् । प्रतिघन्टा ४० किलोमिटरको गतिमा गुड्ने यो स्कुटरको मोटर, ब्याट्री र कन्ट्रोलर बिग्रिए कम्पनीले ६ महिनासम्मको जवाफदेही लिनेछ । रातो र कालो रंगमा पाइने यो स्कुटरमध्ये बुजको मूल्य ८२ हजार ५ सय र इकोको मूल्य ८८ हजार ५ सय रहेको कुरा सोसाइटी मुभ्स अन अल्टरनेटिभ सोर्स प्रा.लि.ले जनाएको छ ।

## विदेशबाट



चुरोट खाएको सान देखाउन चाहने तर चुरोटमा हुने निकोटिन सेवन गर्न नचाहनेहरूलाई लक्षित गरेर निर्माण गरिएको 'इलेक्ट्रोनिक सिगार-००७' अन्तर्राष्ट्रिय बजारमा आएको छ । २४ किसिमका निकोटिकको स्वादमा आएको इलेक्ट्रोनिक सिगारको सेवनले स्वास्थ्यमा कुनै हानि नपुऱ्याउने दाबी कम्पनीको छ । यो सिगार स्टेनलेस स्टिलले बनेको छ भने बाहिरी भाग प्लास्टिकले ढाकिएको छ, जसले यसलाई वास्तविक सिगारको झझल्को दिन्छ । ट्रिपल ए ब्याट्रीबाट चल्ने यो सिगार निकोटिनको लत छोडाउन पनि सहयोगी छ । यसको बट्टामा विभिन्न मात्रामा निकोटिन रहेका २४ वटा सिगार हुन्छन्, जसमा २४ एमजीको ६ वटा, १८ एमजीको १२ वटा, १२ एमजीको ४ वटा र निकोटिन नै नभएको दुईवटा सिगार हुन्छ । यदि निकोटिनको पुरानो लत छ भने मात्रा घटाउँदै जाने र सौखका रूपमा खाने हो भने शून्य निकोटिन भएको सिगार खान सकिन्छ । यो एक केस सिगारको मूल्य ३० अमेरिकी डलर छ ।

# एफजेड पुग्यो सगरमाथा



**साप्ताहिक समाचार**

काठमाडौं- 'यात्राभरि निकै पानी पिएँ । हाई अल्टिच्युटमा पिसाब निकै लाग्ने रहेछ । त्यसका लागि बारम्बार गैरहनुपर्ने । एकपटक त धेरैबेर लाग्यो, रोकिँदैन त । डर पनि लाग्यो ।' - ५ हजार २ सय ८ मिटरको उचाइसम्मको मोटरसाइकल यात्राबाट सकुशल फर्किएपछि टेलिभिजनकर्मी सुरजसिंह ठकुरीले आफ्नो अनुभव सुनाए । नाकको टुप्पो र गालाको छाला हिउँले डढेर कालो भएको अनुहारमा सदाबहार मुस्कान छर्दै गायक निमा रुम्बा भन्दै थिए - 'एकातिर खानाको, अर्कातिर बाथरुम र ट्वाइलेटको समस्या । एक मनले सुविधा सम्पन्न ठाउँबाट निकै दुर्गम ठाउँमा आइएछ भन्ने लाग्यो, फेरि अर्को मनले एडभेन्चर भनेकै यही हो भन्ने सोचें ।' तेक्वान्दो खेलका राष्ट्रिय खेलाडी दीपक विष्ट खेलमा पदक जितेजत्तिकै खुसी देखिए । उनी भन्दै थिए- 'फिल्डमा स्पाइरिङ गरेर मेडल जितिथ्यो । खेलाडीको शरिर भए पनि म रातभरि सुत्नै सकिनँ । सासै फेर्न गाह्रो भयो । भोलिपल्ट बिहान सबैलाई त्यस्तै भएको थाहा पाएँ, हाई अल्टिच्युटले सतायो । अरू खासै केही भएन ।' उनले रमाइलो कुरा सुनाए- 'बाइकलाई पनि अल्टिच्युट लाग्दो रहेछ ।' रातभरि बाहिर चिसोमा रहने भएकाले बिहानीपख बाइक स्टार्ट गर्दा अप्ठेरो परेको उनीहरू सबैको अनुभव छ ।

'रोड ट्रिपको एभरेस्ट' मिसनमा निस्किएका आ-आफ्ना विधामा चर्चा बटुलेका यी तीन व्यक्ति यामाहा एफजेड १६ मोटरसाइकल चलाएर सगरमाथाको बेसक्याम्प पुगेर आइतबार फर्किए । काठमाडौंबाट आरम्भ भएको उनीहरूको यात्रा कोदारी राजमार्ग हुँदै नेल्यामबाट रोङ्बुक तिब्बती मोहडाको बेसक्याम्पसम्म पुगेर सकियो । तीब्बती भाषामा 'छोमोलोङ्मा' भनिने विश्वको सर्वोच्च शिखर सगरमाथाको नजिकबाट दर्शन गरेपछि खुसीले रमाएका तीन चर्चित अनुहारसहित दस जनाको टोली फेरि त्यही बाटो हुँदै काठमाडौं फर्किएको थियो । भक्तपुर आइसकेपछि त्यहाँबाट उनीहरूलाई नेपाल प्रहरीद्वारा एस्कोर्टिङ गर्दै पत्रकार सम्मेलन भैरहेको स्थान होटल सोल्टी क्राउन प्लाजासम्म पुऱ्याइयो । जहाँ नेपाली कांग्रेसका युवा नेता तथा सभासद् गगन थापाले उनीहरूको स्वागत गरे ।


मात्र १ सय ५० सिसीको यामाहा एफजेड मोटरसाइकल त्यहाँसम्म पुग्दैन कि भन्ने अनुमान गरेका बाइकर रवि थापा त्यसअघि त्योभन्दा निकै पावरफुल मोटरसाइकल लिएर त्यहाँ पुगेका रहेछन् । 'दैनिक आठदेखि नौ घण्टा निरन्तर त्यो पनि ९३-९४ किलोमिटर प्रतिघण्टाको गतिमा कुदाउँदा पनि बाइकले हामीलाई साथ दियो ।' -उनले त्यसोभन्दा मोरङ अटो वर्क्सका वरिष्ठ मार्केटिङ म्यानेजर अवासिस ओझा प्रसन्न देखिए । यात्रामा गोलाप्रथाबाट छनौट भएका यामाहा एफजेड मोटरसाइकलका तीन जना ग्राहक पनि सहभागी थिए ।

## मिक्स मेनियाको फेसन

**साप्ताहिक समाचार**

काठमाडौं– शनिबार राति दस बज्नै लाग्दा त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरको पाँचौं तलामा निर्माण गरिएको ऱ्याम्पमा पप सम्राट् माइकल ज्याक्सनको गीत बज्यो । केही समयअघि संसारबाट बिदा भएका ज्याक्सनको गीत बज्न थालेपछि दर्शकले आकर्षक नृत्यको अपेक्षा गरेका थिए, तर पृष्ठभूमिबाट एक दर्जन मोडल क्याटवाक गर्दै अघि बढे । स्लिभलेस टिसर्ट तथा हाफ पाइन्टमा सजिएका मोडलहरूले ऱ्याम्पको चारैतिर उभिएर पहिरन त प्रदर्शन गरे नै, साथै दर्शकको अनुमानअनुरूप गीतको धुनमा आकर्षक नृत्य पनि प्रस्तुत गरे । क्याटवाकसहितको माइकल ज्याक्सनको गीतको सिक्वेन्स सकिएपछि कोरियोग्राफर विनोद सिंहले भने- 'फेसन सोमार्फत ज्याक्सनलाई सम्झिन गरिएको प्रयासमा हामी सफल भयौं ।'





जुम इन्टरटेन्मेन्ट तथा सिमो लन्जले संयुक्त रूपमा आयोजना गरेको 'मिक्स मेनिया' मा दुई दर्जन मोडलले चार सिक्वेन्समा विभिन्न पहिरन प्रदर्शन गरे । लाइभ रिटेलका क्याजुअल वेयरहरू प्रदर्शन गर्ने क्रममा मोडलहरूले दर्शकबाट राम्रो समर्थन हासिल गरे । अधिकांश सिक्वेन्समा मोडलले गर्मीका लागि उपयुक्त हुने पहिरन प्रदर्शन गरेका थिए । उक्त अवसरमा फेसन सो मात्र प्रस्तुत गरिएन, गीत-संगीत, नृत्य, प्रहसन तथा जादुले कार्यक्रमलाई साँच्चिकै 'मिक्स' बनाएको थियो । मुम्बईमा संगीतको अध्ययन गरिरहेका नेपाली गायक अमिर शेखका साथै सुनिलसिंह ठकुरी,

सुमन श्रेष्ठ, श्रीष खड्का, अशुषेन लामा आदिले पनि कार्यक्रममा आफ्ना लोकप्रिय गीत प्रस्तुत गरे । जादुगर तथा हास्यकलाकार महादेव त्रिपाठीको जादु तथा प्रहसनले दर्शक लट्ठिएका थिए । उमेश मायालुको क्यारिकेचरले पनि दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेको थियो ।



# डेटिङ देवघाटधाम

**प्रवीण दत्त**

चितवन, गीतानगरकी सबिना महर्जन (नाम परिवर्तन) गेरुवस्त्रमा सजिएकी छिन्। कुर्ताभरि बोलबमको मन्त्र लेखिएको छ, टाउकोमा बोलबमअंकित रिबनको फित्ता छ भने बायाँ हातमा करिब १ दर्जन हरियो चुरा लगाएकी छिन्, दुवै हत्केला र औंलामा गाढा मेहन्दी छ। अर्को हातको नाडीमा सुनौलो रंगको घडी। रातो रंगले रँगिएको उनको केश खुला छ। नाँगै खुट्टा अनि हातमा फूल-प्रसादको झोला, तर उनी निकै बेचैन छिन्। देवघाटनजिकै रहेको खुला पार्कमा कसैको व्यग्र प्रतीक्षा गरिरहेकी छिन्। करिब २० मिनेटको पर्खाइपछि एक जना युवक उनीसमीप आएर बस्छन्। युवक आइपुग्नेबित्तिकै उनी झोक्किन्छन्। किन यति ढिलो ? उत्तर फर्काउँदै युवकको जवाफ आउँछ– बिहान उठ्न अलि ढिलो भयो। त्यसपछि दुवै जना पूजाआजाका लागि तनहुँको देवघाट पुग्छन्। देवघाट पुग्न झोलुंगे पुल छिचोल्दा यी जोडीलाई हेर्ने भक्तालु पनि दंग। युवकको हात युवतीको काँधमा अनि युवतीको हात युवकको कम्मरमा जमेको छ। हल्लिएको झोलुंगे पुलले डराएका यी युवती प्रेमीसँग टाँसिन बाध्य भएकी छिन्। पुलपारि रहेको कालीगण्डकी र त्रिशूलीको संगमस्थलमा भीड छिचोल्दै जोडी अगाडि पुग्छन्। संगमस्थलमा उनीहरू नुहाउँदा एक-आपसमा गरेको क्रियाकलापले धेरै भक्तालुको आँखा त्यता केन्द्रित भएको छ। दुवै एक-आपसमा पानी छ्याप्दै मजा लिइरहेका देखिन्छन्, तर नदीमा साउनको भेलले पानी धमिलिएको छ। यो जोडी नहाईधुवाईपछि नदी किनारमै पूजाआजा गर्छन्। त्यसपछि उनीहरू एकान्त खोज्दै देवघाटको उत्तर जंगलतर्फ लाग्छन्।

सौराहाबाट आएका नवराज कँडेल पनि एक्लै नभै गर्लफ्रेन्डका साथ देवघाट आएका छन्। विगतमा धेरै पटक एक्लै आएको कुरा बताउँदै उनले भने– गर्लफ्रेन्डसँग आएर यहाँ घुम्नुको मजा नै बेग्लै छ। उनीहरू दर्शनको बहाना बनाएर डेटिङमा देवघाट आएका छन्। यहाँ आउने धेरैसँग केटा वा केटी साथमा हुन्छन्। युवतीहरूको बाक्लो उपस्थितिले पनि युवकहरू यो तीर्थस्थलसँग नजिकिएका छन्। बाटोमै हिंड्ने युवतीहरूसँग जिस्किन, मस्किन पाइने हुँदा पनि कतिपय युवा देवघाट पुग्छन्।

देशकै महत्त्वपूर्ण तिर्थस्थल देवघाट साउन महिनाभरि झकिझकाउ हुन्छ। सोमबार त यहाँ भीड छिचोल्न पनि हम्मे-हम्मे पर्छ। विवाहिता महिलाहरू पतिको दीर्घायुको कामना गर्दै पूजापाठमा लीन हुन्छन् भने अविवाहिताहरू व्रत बसी राम्रो पतिको कामना गर्छन्। देवघाट धार्मिक आस्थाभन्दा रमाइलो गर्ने प्रेमजोडीको सुरक्षित स्थल बन्दै गएको गुनासो पनि कतिपयको छ। नदीमा नुहाएर पूजापाठ गर्ने थलोका रूपमा रहेको संगमस्थल उनीहरूका लागि फोटोसेसन र स्वीमिङ पुलको विकल्प बनेको छ।

विगतकै जस्तो भीडभाड भए पनि यसपटक भने फूल र प्रसादको व्यापार निकै कम भएको स्थानीय एक व्यवसायीले बताए। पूजाकै लागि आउनेले मात्र प्रसाद, फूलमाला किन्छन्। स्थानीय बासिन्दा हरिभक्त घिमिरेले साप्ताहिकसँग भने- विगतका वर्षहरूमा वृद्धवृद्धाको ताँती लाग्थ्यो, अहिले धर्मभन्दा पनि रमाइलो गर्न आउनेको संख्या दोब्बर छ। उनले दुःखेसो पोख्दै भने- देवताहरूको बास रहेको यो ठाउँमा अहिले पूजापाठ, धर्मकर्मभन्दा पनि एकान्त खोज्दै आउनेहरूको संख्या ह्वात्तै बढेको छ।

राजधानी प्रवेश गर्ने मुख्य नाका आँपटारीबाट चार किलोमिटर जंगल छिचोलेपछि उत्तर-पश्चिममा देवघाट छ। चितवनमा पार्कको अभाव खेपिरहेका कतिपय युवायुवतीले अहिले देवघाटलाई त्यसको विकल्पका रूपमा लिन थालेका छन्।

## आकर्षण मेहन्दी र चुराको

# मेहन्दीमा मन

**गोपाल दाहाल**

धरान– धरान १० सबिना राईका हात अहिले फूलबुट्टे मेहन्दीले पहेंलपुर छन्। सुन्दर हातभरि हरियो चुरा चिटिक्क सुहाएको छ। अरू बेला कहिल्यै चुरा नलगाउने सबिनाले यसपालि यसरी सजिनुको रहस्य खोलिन्– 'भविष्यको जीवनसाथीलाई राम्रो होस् भनेर।' जीवनसाथीचाहिं कता नि ? मेहन्दी लगाइरहेकी राईले हाँस्दै भनिन्– 'बाहिरतिर।'



धरानको महेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत झापा, गौरादहकी दीक्षा दाहालले पनि आफ्ना हात हरिया चुरा र मेहन्दीले सजाएकी छन्। 'मेहन्दीचाहिं राम्रो श्रीमान् पाउँ भनेर लगाएकी, चुराचाहिं अरूले लगाएको देखेर,' दीक्षाले सीधै भनिन्– 'भगवानको पालामा पनि पार्वतीले शिवजी पाउन यसै गरेकी थिइन्।'



साउन महिनाभर अधिकांश युवतीका हात हरिया चुराले अँगालोमा बेरेझैं अनि मेहन्दीले चुमेझैं लाग्छन्। साउन महिनामा मेहन्दी र हरियो चुरा युवतीहरूका लागि लोकप्रिय फेसन नै बनेको छ। धरानमा अहिले केटाकेटीदेखि उमेर ढल्केकासम्म अनि सुकुम्बासी देखि लाहुरे समुदायसम्मका महिला हात खाल-खालका बुट्टाले सजिएका छन्। धरानको लाहुरे समुदायकी सक्रिय महिला विना लिम्बूले पनि देब्रे हातमा यस्तै बुट्टा भरेकी छिन्। उनकै साथी गोरखा भूतपूर्व सैनिक महिला कमिटी, सुनसरीकी अध्यक्ष सानु सुब्बाको हात पनि उस्तै छ। विना र सानु दुवैले एउटै जवाफ दिए– 'सबैले लगाएको देखेर रहरले लगाएको।'

धेरैजसोले साउनमा प्रेमी वा पतिको सुस्वास्थ्य, दीर्घायुको कामना अनि मन परेको केटा पाऊँ भनेर हरियो चुरा र मेहन्दी लगाउने गरेको भएको भने पनि यसको महत्त्व यति मात्र नभएको पारखीहरू बताउँछन्। दीक्षा भन्छिन्– 'असार-साउनको महिनामा खेतमा धान रोप्दा हिलोले नखाओस् भनेर पनि मेहन्दी लगाउने चलन छ, तराईमा।' भारतको कोलकाताबाट धरान आएर युवतीहरूका हातमा फूलबुट्टे मेहन्दी लगाइरहेका वकिलजी मेहन्दीवालाका अनुसार मेहन्दीले हात ठण्डा पार्छ, दिमाग पनि शान्त बनाउँछ।

'धरानमा दिनमा ५० जनाभन्दा बढीलाई मेहन्दी लगाइदिने गरेका छौं। दुई जना मात्र छौं, भ्याई-नभ्याई छ अहिले,' वकिलजीले भने– '१५ देखि २० वर्षका युवतीहरू धेरै आउँछन् मेहन्दी लगाउन।' भारतमै तालिम लिएर आएको बताउने उनले धरानमा एक जनालाई मेहन्दी लगाइदिएको ३० रुपैयाँदेखि ५ सय रुपैयाँसम्म लिने गरेका छन्। वकिलका अनुसार धरानमा अरेबियन, सिल्भर, गोल्डेन, ब्राइडल, राजस्थानी, बम्बैकाट र ब्याकआउट बुट्टा भएका मेहन्दी चल्तीमा छन्। धेरै भने राजस्थानी बुट्टा मन पराउने गरेका छन्।



# रंगीन साउनमा डान्डिया डान्स

**कमल रिमाल**

विराटनगर- झरी र वर्षामा किसानहरू खेतमा व्यस्त रहेको बेला एकथरी मानिस साउनको उत्सव मनाउँछन्। मारवाडी समुदायका महिलाहरू साउनमा तीज मनाउँछन्। साउनमा पर्ने मारवाडी समुदायको तीजमा महिलाहरू भेला भएर रमाइलो गर्छन्। विराटनगरका मारवाडी समुदायका महिलाहरूले साउन उत्सवको आयोजना गरेर सांस्कृतिक कार्यक्रम गर्दै चाड मनाएका छन्। उत्सवको मुख्य आकर्षण डान्डिया डान्स थियो।

नेपाल अग्रवाल महिला मञ्चले गएको शुक्रबार र शनिबार विराटनगरमा दुईदिने 'रंगीन साउन उत्सव' को आयोजना गऱ्यो। उत्सवमा विराटनगरका मारवाडी समुदायका महिला तथा युवतीहरू डान्डिया डान्समा सहभागी भए। आयोजक महिलाहरूले स्टेजमा चढेर डान्डिया गरेपछि उत्सवमा भेला भएका अधिकांश महिला हातमा लौरो बोकेर नृत्यमा सहभागी भएका थिए। त्यहाँ मारवाडी संस्कृति मात्र होइन, हिन्दी र अंग्रेजी मिश्रित गीतमा पनि डान्डिया नाचियो। नयाँ पुस्ताका युवतीहरू हिन्दी पपमा बढी रमाएका देखिन्थे।

उत्सवमा प्रतियोगितात्मक खुला डान्डिया नृत्य पनि गरिएको थियो। सयभन्दा बढी प्रतियोगीबाट हेमा अग्रवाल र पवन कन्दोइको जोडी प्रथम भएको छ। उत्कृष्ट नृत्य प्रतिभा प्रदर्शन गर्ने स्वतन्त्र र सोनी नेवटिया, सुजाता र चन्द्रको जोडीलाई पनि पुरस्कृत गरिएको थियो। साउनमा हरियो पहिरनको महत्त्व हुने भएकाले उत्सवमा सहभागी हुनेमध्ये उत्कृष्ट र मिलेको हरियो पहिरन लगाउने किमी अग्रवाललाई पुरस्कृत गरियो। उत्सवमा राखिएको ज्वेलरीको स्टल उत्कृष्ट घोषित भयो। उत्कृट स्टलकी अञ्जु डावरलाई पनि पुरस्कृत गरियो।

'मारवाडी महिलाहरूको तीज भएकाले सबैलाई एकै ठाउँमा भेला गराउन उत्सव गरिएको हो,' आयोजक मञ्चकी अध्यक्ष नीलम नेवटियाले भनिन्- 'यो पर्वमा राम्रो लगाउने, मीठो खाने अनि शिव-पार्वतीको पूजा गरी श्रीमान्को लामो आयुको कामना गरिन्छ।' खासगरी विवाह गरेको पहिलो वर्ष मारवाडी समुदायका छोरीहरू साउन महिनामा अनिवार्य रूपमा माइती आउँछन्। नवविवाहिताले माइतीमा र अरूले घरमा पर्व मनाउँछन्। उत्सवमा भएको डान्डिया नृत्य हेर्न गएका उद्योगपति नवलकिशोर कावराले भने- 'चाडमा रमाइलो गर्न पहिलेदेखि नै घरमा डान्डिया डान्सको अभ्यास गरिरहेका हुन्छन्।' उत्सवमा पहिलो दिन मारवाडी संस्कृति झल्कने पहिरनमा मारवाडी गीत-संगीत समेटर सांस्कृतिक कार्यक्रम गरिएको थियो। त्यहाँ धुमर, चुनरीजस्ता मारवाडी नृत्य पनि प्रदर्शन गरियो।

नयाँ पुस्तालाई मारवाडी समुदायको संस्कृति थाहा नहुने भएकाले उनीहरूलाई पनि आफ्नो संस्कृतिका बारेमा जानकारी दिन उत्सवको आयोजना गरिएको कार्यक्रम संयोजक रेणु तोदी बताउँछिन्। डान्डिया नृत्यमा पोख्त संयोजक तोदीले भनिन्- 'अब हरेक वर्ष यो पर्वलाई उत्सवका रूपमा मनाउँदै लगिनेछ।' अतिथि सदनको उत्सव स्थलमा मनोरञ्जनसँगै खाद्य परिकारका स्टल राखिएको थियो। त्यसबाहेक विभिन्न खाले गिफ्ट आइटम र सारी पनि प्रदर्शनीमा राखिएको थियो। महिलाहरूले हाउजी तम्बोला खेलेर रमाइलो गरेका थिए भने उत्सवमा सहभागीहरूलाई एक मिनेटमा एक प्रश्नको जवाफ दिन लगाई उपहारहरू वितरण गरिएको थियो।

# आयो गाईजात्रा



शिव मुखिया

काठमाडौं– बन्द-हड्तालको कुरै छाडौं, आकासिएको महँगी, दिनदहाडै हुने अपहरण, हत्याजस्ता घटनाले पनि हाम्रो समाज ग्रस्त छ। पश्चिम नेपालमा झाडापखालाले सर्वसाधारणहरू मरिरहेका छन्, यता सत्तासीन नेताहरू भागबन्डामै अल्झिरहेका छन्। यस्तो नहोस् पनि किन ? आखिर हरुवाहरूले देश हाँकिरहेका छन्। मुलुकको यही वास्तविकताका कारण यसपालि हास्यकलाकारहरूले विषयवस्तु चयनका लागि खासै टाउको दुखाउनुपर्ने अवस्था छैन।

झ्याइँकुटी झ्याइँको टिम यतिखेर 'गाइजात्रा महोत्सव' को तयारीमा जुटेको छ। ग्लोबल विजले आयोजना गर्ने यो कार्यक्रममा दमन रुपाखेती, सुलेमान शंकर 'इकु', रवि डंगोल 'बेइमान', पूर्ण थापा 'सुब्बा दाजु', खेम शर्मा, सुरेन्द्र केसी 'मुला साग', मन्जु श्रेष्ठ 'बिजुली', प्रभाकर शर्मा, पल्पसा डंगोल 'चम्सुरी',शेखर खनाल, सुरबिर पण्डित, मुनाल घिमिरे, रमेश केसी, शिवशंकर रिजाल आदिले विभिन्न प्रहसन प्रस्तुत गर्नेछन्। दिनेश डिसीले उद्घोषण गर्ने यो गाइजात्रा महोत्सव २१ गतेदेखि २९ गतेसम्म राष्ट्रिय सभागृहमा हुनेछ। आयोजकहरूका अनुसार यो समूहले ३० र ३१ गते राष्ट्रिय सांस्कृतिक मञ्च, जमलमा आफ्नो प्रस्तुति दिनेछ।

'गणतन्त्र' भन्दै दिलोज्यान दिएर लागिपर्ने नेपाली जनता अहिले तिनै गणतन्त्रको भूतदेखि तर्सिरहेका छन्। नेपाली जनताका लागि गणतन्त्र 'नखाऊँ भने दिनभरको सिकार.. ' जस्तै भएको छ। झ्याइँकुटी झ्याइँका निर्देशक दमन रूपाखेती भन्छन्- 'समष्टिगत रूपमा भन्नुपर्दा गणतन्त्रमा प्वाल परिसकेको छ।' दमन यही प्वाल परेको गणतन्त्रलाई विषय बनाएरै दर्शक हँसाउने तयारीमा जुटेका छन्। त्यसबाहेक अपहरण, महँगी र संविधानसभा निर्वाचनमा हारेकाहरूले नै नेतृत्व गरेको सरकारलाई उनले कटाक्षको विषय बनाएका छन्। 'निश्चित रूपमा भन्नुपर्दा..' थेगोको प्रयोग गर्दै उनले गणतन्त्रको वास्तविकता मञ्चमा प्रस्तुत गर्नेछन्।

'इकु द जंगल म्यान' लाई राजधानीबाहिरका हलहरूमा प्रदर्शन गर्ने तयारीमा जुटेका सुलेमान शंकर 'इकु' लाई पनि गाईजात्राको हतारोले छोपेको छ। 'दुवैतिर भ्याउनुपरेकाले निकै धपेडीमा छु,' सुलेमानले भने- 'दर्शकसँग प्रत्यक्ष भेट गर्न पाउने भएकाले यो अवसरलाई उम्कन दिनेछैन।' उनी लोकप्रिय चरित्र 'इकु' बनेर मञ्चमा प्रस्तुत हुनेछन्। इकुले कुखुराको प्वाँखबाट बनेको जंगली पहिरनमा हास्यनृत्य गरेर एवं जोक्स भनेर दर्शकलाई हँसाउनेछन्।

हास्यकलाकारहरूको ठूलो पर्व गाईजात्राको तिथि नजिकिँदै जाँदा कलाकारहरूको व्यस्तता पनि बढेको छ। एकातिर नियमित काम भ्याउनुपर्ने, अर्कातिर गाईजात्राको तयारी, निकै धपेडीमा छन् हास्यकलाकारहरू।

'विषयवस्तुहरू छताछुल्ल छन्,' यसपालिको गाईजात्रामा के-कस्तो विषयहरू उठान गरिँदैछ भन्ने प्रश्नमा केदार घिमिरे 'माग्नेबूढा' को जवाफ थियो- 'गाईजात्राका लागि यति धेरै विषयवस्तु छन् कि नेपाल त यसका लागि उर्वर भूमि नै भएको छ।' घिमिरेले आउँदो गाईजात्रामा स्टेज तताउने जोडदार तयारी भैरहेको बताए।

सत्ताको भागबन्डामा अल्झिएका नेता/मन्त्रीहरूले राष्ट्रियताको प्रश्नलाई कमजोर पारिरहेको ठम्याइ छ दीपकराज गिरीको। तीतो सत्यका निर्देशक गिरी भन्छन्- 'देशको समसामयिक अवस्था एवं राष्ट्रिय मुद्दाहरू नै हाम्रा मुख्य विषय हुन्।'

गाईजात्रा साउन २२ गते परेको छ, तर देशमा ३ सय ६५ दिन नै गाईजात्रा चलिरहेको हास्यकलाकारहरूको टिप्पणी छ। खासगरी राजनैतिक क्षेत्रमा दिनहुँजसो गाईजात्रा मञ्चन हुने उनीहरू बताउँछन्। 'देशमा बाह्रैमास गाईजात्रा चलिरहेको छ,' गिरी भन्छन्- 'हामीले त्यसैको नक्कल गर्ने हो।'

'समय मिलाउन धौधौ छ,' जीरे खुर्सानीका निर्देशक जितु नेपाल भन्छन्- 'गाईजात्राको तयारी गर्नुपर्ने भएकाले यस्तो व्यस्तता बढेको हो।' उनले यसपालि राजनीतिलाई भन्दा बढी सामाजिक क्षेत्रका विकृतिलाई विषयवस्तु बनाएका छन्। समाजमा व्याप्त अराजक गतिविधिमाथि कटाक्ष गर्ने उनको तयारी छ।


यसपालिको गाईजात्रामा दुई समूहले छुट्टाछुट्टै प्रस्तुति दिने तयारी गरिरहेका छन्। यसमा नेपाल टेलिभिजनवाट प्रसारण हुने हास्यश्रृंखलाहरूकै कलाकारको बाहुल्य छ। टेलिश्रृंखला मेरी बास्सै, जीरे खुर्सानी र तीतो सत्यको समूहले प्रज्ञाभवनमा कार्यक्रम गर्दैछ। 'तीते जिरे, मेरी बास्सै' शीर्षकको यो गाईजात्रे कार्यक्रममा तीनै श्रृंखलाका लोकप्रिय कलाकारहरूको प्रस्तुति रहनेछ भने शैलेन्द्र सिंखडाको कविता, मनोज गजुरेलको 'वान मेन शो' र टीका भण्डारीको प्यारोडी गीतले पनि थप आकर्षण दिनेछ। 'त्यसमध्ये आइटम डान्स र छोटा-मीठा प्रस्तुतिहरू पनि रहनेछन्,' जितु नेपाल भन्छन्। २१ गतेदेखि भदौ ६ गतेसम्म सञ्चालन हुने 'तीते-जीरे, मेरी बास्सै' कार्यक्रमको दैनिक प्रस्तुति तीन घण्टाको रहनेछ।

वर्षभरि आ-आफ्नै स्वार्थमा कुदिरहेका हास्य कलाकारहरू एकै थलोमा जमघट हुने अवसर पनि यही हो,' माग्नेबूढाको लोकप्रियता कमाउनुअघि नै गाईजात्रे अनुभव सँगालिसकेका घिमिरे भन्छन्- 'यो त हास्यकलाकारहरूको दसैं नै हो नि।'

महजोडी, सन्तोष पन्तहरूको पालामा निकै जोडदार प्रस्तुति रहने कुरा स्मरण गर्छन् दीपकराज गिरी। 'उहाँहरूले रंगमञ्चलाई राम्रैसँग जगाउनुभएको थियो,' गिरी भन्छन्- 'त्यसपछि मृतप्राय रहेको गाईजात्रालाई हामी रंगीन बनाउँदैछौं।' देश जस्तोसुकै अवस्थामा रहे पनि यो परम्परालाई कलाकारहरूले निरन्तरता दिइरहने उनको भनाइ छ।

'हास्यकलाकारहरूका लागि यो अर्थोपार्जन गर्ने अवसर हो,' जितु नेपाल भन्छन्- 'देशको समसामयिक अवस्थाका बारेमा यथार्थ बोध गराउन पनि गाईजात्रा महत्त्वपूर्ण अवसर सावित भएको छ।' स्टेजमा दर्शकहरू हाँसेर मनोरन्जन लिन आउने गिरीको ठम्याइ छ। 'दर्शकहरूलाई हँसाउनु नै हाम्रो सफलता हो,' गिरी भन्छन्।

## दर्शकसँगै झुमे कलाकार



मोरङ– दिउँसोको चर्को घामले तातिएको वातावरणमा बल्ल-बल्ल स्टेजमा आइन् कलाकार नलिना चित्रकार। चित्रकारले 'पानी-पानी भयो मेरै मन पनि' गीतबाट प्रस्तुति सुरु गरी 'चाहिँदैन हीरा र मोती', 'काली-गोरी सानी मोरी जे भने नि हुन्छ' गीत गाएर दर्शकलाई मनोरञ्जन प्रदान गरेकी थिइन्।

अघिल्लो मंगलबार मोरङको उर्लाबारीस्थित राधिका मा.वि.को खेलमैदानमा आयोजित चेतनामूलक संगीतयात्राका प्रमुख आकर्षक कुन्ती मोक्तानले 'कति माया लाग्छ रे ढुङ्ग्री-मुद्रीको', 'चोली राम्रो पाल्पाली ढाकाको' सहित चारवटा गीत प्रस्तुत गरेकी थिइन्। लामखुट्टेको टोकाइबाट बच्न सरकारले निःशुल्क वितरण गर्दै आएको औषधीयुक्त सुपानेट झुलको प्रचार-प्रसारका क्रममा देशका चर्चित कलाकारहरू त्यहाँ पुगेका हुन्। कार्यक्रममा पहिलो नेपाली तारा दीपक लिम्बूले 'मान्छे मान्छे एउटै हो', 'यहाँ देशको छ चिन्ता' तथा कार्यक्रमका अर्का आकर्षक जगदीश समालले 'न बिर्सें तिमीलाई न पाएँ तिमीलाई' आदि गीत प्रस्तुत गरेर दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए।

-अर्जुन जम्नेली राई

## पलेँटीमा गीतकार राममान तृषित

सांगीतिक श्रृंखला 'पलेँटी' मा सुप्रसिद्ध गीतकार राममान तृषितलाई प्रस्तुत हुँदैछन्। विगत पाँच वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको पलेँटीमा आधुनिक संगीतका तीनवटै विधामा क्रियाशील सर्जक, गायक, संगीतकार र गीतकारलाई प्रस्तुत गरिन्छ। आधुनिक सङ्गीतलाई गतिशील बनाउने र यो विधाको गौरवशाली इतिहासलाई जगेर्ना गर्ने उद्देश्यले अभिप्रेरित पलेँटी श्रृंखलामा यसअघि कविवर माधव घिमिरे, रत्नशमशेर थापा तथा किरण खरेल गीतकारका रूपमा सहभागी भैसकेका छन्।

नेपाली गीतिलेखनमा वि.सं. २०१३ सालमा प्रवेश गरेका डा. तृषितका सयौं गीत रेकर्ड भएका छन्। आधुनिक नेपाली गीतको प्रारम्भिक पुस्ता नातिकाजी, शिवशंकर, नारायणगोपाल, फत्तेमान, योगेश वैद्यदेखि वर्तमानसम्मका संगीतकार, गायकका निम्ति गीत सिर्जनामा सक्रिय गीतकार राममानका पाँचवटा गीतिसंग्रह प्रकाशित छन्। तृषितका सर्वाधिक लोकप्रिय गीतमा सुप्रसिद्ध गायक



नारायण गोपालको 'मैले पुण्य मन पराएँ या पाप मन पराएँ' र 'मान्छेको माया यहाँ खोलाको पानीजस्तो' अहिले पनि उत्तिकै कर्णप्रिय मानिन्छ। त्यस्तै गायक फत्तेमानको 'मिलन पनि देखिसकेँ' र 'कस्तो माया लाइएछ' पनि श्रोताहरूद्वारा उत्तिकै रुचाइएका रचनामा पर्छन्।

आज जुलाई ३१ तारीखको साँझ ५:३० बजे नेपालयको प्रेक्षालय आरशालामा डा. राममान तृषितको उपस्थिति रहनेछ।

## धनकुटामा सांगीतिक कार्यक्रम

धनकुटा- कस्तीमा पनि पाँच वर्षपछि धनकुटाको सामुदायिक भवन संगीतमय बनेको थियो। त्यसमा पनि गीत नृत्यसँगै स्टेज नाटकको अभिनयले दर्शकहरूलाई नलठ्याउने त कुरै पनि भएन।

शनिबारको छुट्टी त्यसमा पनि लामो समयसम्म सांगीतिक मनोरञ्जन लिन नपाएका धनकुटेली युवायुवतीको हूल ११ बज्दा-नबज्दै पुगे पनि प्राविधिक कारणले तोकिएको समयमा कार्यक्रम सुरु नहुँदा दर्शकहरू भने केही निराश भएका थिए। मनोरञ्जनका लागि संगीतिक कार्यक्रमबाहेक कुनै पनि विकल्प नभएको धनकुटाका युवाहरू १२ बजे सुरु हुने भनिएको नाटकसहितको सांस्कृतिक कार्यक्रम बल्ल तीन बजे पर्दा खुलेपछि भने खुसीले हललाई नै गुञ्जायमान बनाएका थिए। प्रतिभा प्रक्षीप्तको सुमधुर उद्घोषणसँगै प्रारम्भ भएको संगीतिक कार्यक्रमको सुरुमै त्रिवेणी सांस्कृतिक समूहका कलाकारहरूले रिमिक्स गीतमा धुम मच्चाएपछि युवा-युवती पनि बेन्चबाट उठेर कम्मर मर्काउँदै नाच्न थाले।

स्थानीय कलाकारहरूले नृत्यसँगै विभिन्न स्थापित कलाकारहरूको गीत आ□नो गलामा ढालेर गाउँदा उनीहरूलाई साथ दिने



दर्शकहरूको पनि कमी थिएन। करिब आधा दर्जन नृत्य र त्यत्तिकै संख्यामा गीत प्रस्तुत गरेर कार्यक्रमले धनकुटेली युवायुवतीको संगीतिक प्यास मेट्ने प्रयास गरेको थियो।


-भिषा काफ्ले

## मनोनयनमा चौधरीको वर्चस्व

साप्ताहिक समाचार

काठमाडौं- इमेज एवार्डको एघारौं संस्करणका कुल २५ विधामध्ये उद्योगपति गीतकार वसन्त चौधरीको एल्बम 'रिफ्लेक्सन अफ लभ' गायक, गायिका, एल्बम, पपगायक, पपगायिका, गीत, संगीत, संगीत-संयोजनलगायत १३ वटा विधामा मनोनयनमा परेको छ। प्रतिपस्पर्धा हुने २२ वटा विधामध्ये नौवटालाई छाडेर बाँकीमा चौधरीको एल्बम मनोनयन भएको हो। गायक शिव परियारको एल्बम 'कादम्बिनी'को 'धेरैचोटि मरें म' गीत गायक, गीत, रचना, एल्बम, म्युजिक भिडियोसहित छ विधामा मनोनयनमा परेको छ। त्यसैगरी संगीतकार आलोकश्रीको एल्बम 'उपमा'को गीत 'लाजको लाली' पनि रचना, संगीत, संगीत-संयोजन, रेकर्डिङ, म्युजिक भिडियो गरेर छवटै विधामा मनोनयनमा परेको छ। गायिका अञ्जु पन्तको 'न बिर्से तिमीलाई' चारवटा विधामा मनोनयनमा परेको छ।

भदौमा घोषणा गरिने इमेज एवार्डको वितरण कार्यक्रम तथा मनोनयनका सम्बन्धमा जानकारी दिन गत मंगलबार राजधानीमा आयोजित एक कार्यक्रममा इमेज एफएमका प्रमुख भरत शाक्यले कुल २५ विधामा तामाङ, मैथिली र नेवारी भाषा गरेर तीन विधाका गीतबीच प्रतिस्पर्धा नहुने बताए। यसैगरी यस पटकको लाइफ टाइम एचिभमेन्ट एवार्ड गीतकार रत्नशमशेर थापा र लोकगायक कुमार बस्नेतलाई प्रदान गरिन लागिएको पनि उनले जानकारी गराए। एवार्डका लागि गायक, गायिका, एल्बम, गीत, गीत रचना, संगीत, पपगायक, पपगायिका, रक गायन, समूह गायन, लोकगीत, दोहोरी गीत, चलचित्र गीत, नवप्रतिभा, राष्ट्रिय भावको गीत, म्युजिक भिडियो, म्युजिक भिडियो निर्देशक आदि विधामा पाँच-पाँचवटा मनोनयन परेका छन्।



## अडिसनमा मिस लिटिल नेवाः

नेवार समुदायको कला, संस्कृति एवं परम्परासँग सम्बन्धित प्रश्न सोधिए। आत्मविश्वास र व्यक्तित्वको मूल्यांकन पनि गरियो। गत शनिबार नेवार समुदायका करिब ५ दर्जनभन्दा बढी बालिकाले मिस लिटिल नेवाः प्रतियोगितामा आ-आफ्नो उपस्थितिलाई सुनिश्चित गर्न अडिसन राउन्डमा उल्लेखित परिस्थितिको सामना गरेका थिए। नेप्लिज फेसन होमको आयोजनामा आगामी भदौ महिनाको सम्पन्न हुने मिस लिटिल नेवाः प्रतियोगिताको चौथो संस्करण प्रज्ञाभवनमा सम्पन्न हुने बताइएको छ। प्रतियोगितामा विवेक श्रेष्ठ र रोहिया महर्जनको कोरियोग्राफी तथा राजु नापितले नेपाल भाषाको प्रशिक्षण दिनेछन्।



# उपाधि नजिक पुगेको यात्रा

चेसमा पनि यस्तै हुन्छ, सफलताबाट निकै नजिक तर उत्तिकै टाढा पनि। प्रसङ्ग बंगलादेशको ढाकामा पछिल्लो साता सम्पन्न ११ औं स्टाचान्डर्ड चार्टर्ड स्कुल चेस च्याम्पियनसिपको हो। पछिल्लो समय नेपाली खेलकुदमा सर्वाधिक व्यस्त खेलकुद चेस नै रहयो र यसै क्रममा नेपालका चार किशोर खेलाडीले बंगलादेशको प्रतिष्ठित स्कुल चेस च्याम्पियनसिपमा खेल्ने अवसर पाए। भारत र बंगलादेशका खेलाडी पनि सहभागी प्रतियोगितामा नेपाली खेलाडीको प्रदर्शन समग्रमा उत्कृष्ट पनि रहयो। प्रतियोगिताको मध्यभागमा पुग्दासम्म धेरैले सोचेका थिए, नेपाली खेलाडीले ब्वाइज र गर्ल्स दुवै स्पर्धा जित्न सक्छन्, तर त्यो विश्वासलाई रूपेश जैसवाल र शान्ता थापाले कायम राख्न सकेनन्। उनीहरूले उपाधिको नजिकको यात्रा तय गरे, तर पूरा गर्न सकेनन्। अन्ततः सुरुमा उनीहरूको पछाडि परेका विजयराज अर्याल र अस्मिता अधिकारीले पछि राम्रो खेले र आफूलाई राम्रो स्थानमा ल्याए। नेपालका चारै खेलाडीले शीर्ष दस स्थानभित्र आफूलाई प्रवेश गराए। नेपालका लागि सर्वाधिक राम्रो प्रदर्शन विजयराज अर्यालले गरे। उनले पाँचौं स्थान कब्जा गरे। प्रतियोगितामा खराब सुरुवातका बाबजुद अन्त्यतिर उत्कृष्ट प्रदर्शन गरेको विजयले नवौं चरणमा तेस्रो बोर्डबाट खेल्दै मोहम्मद जोएर हकलाई पराजित गरे र सात अंक बटुले। सुरुका चार चरणमा दुई अंक मात्र जितेका विजयले त्यसयता राम्रो र आत्मविश्वासले भरिएको प्रदर्शन गरे। उनले पछिल्ला पाँच खेल लगातार जितेका थिए।

'प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्न सकेकोमा खुसी छु, सुरुका चार खेलमध्ये दुईमा पराजित हुँदा म दबाबमा थिएँ,' विजयको प्रतिक्रिया थियो, 'प्रतियोगिताले मलाई आत्मविश्वासी बनाएको छ,' उनले थपे, 'आउने दिन अझ राम्रो खेल्न कडा मेहनत गर्नेछु।' प्रशिक्षक नवीन तण्डुकारले पनि उनको प्रशंसा गर्दै उनी नेपाली खेलाडीमध्ये उत्कृष्ट रहेको बताए। रूपेशले अन्तिम दिन ओमर फारुकलाई हराएर सातौं स्थान हात पारे। गत वर्ष पनि उनले सातौं स्थान हात पारेका थिए। सुरुका ५ खेलमा ४ दशमलव ५ अंक बटुलेका रूपेश त्यो समय बलिया प्रत्याशी थिए, तर दबाबमा त्यसयता दुई खेल लगातार गुमाए र खराब प्रदर्शनको शिकार भए। गल्सतर्फ अस्मिता ६ दशमलव ५ अंकमा छैटौं र शान्ता थापा ६ अंकमा सातौं रहे। अस्मिताको खेल उचारचढावपूर्ण रहयो तर अन्त्यतिर उनले पनि राम्रो खेलिन्। उपाधि जित्ने संघारमा रहेर पनि शान्ता आठौं चरणको अघोषित फाइनलमा पराजित रहिन्। आठौं दिन टप बोर्डमा शान्ता शीर्ष स्थानमा रहेकी बंगलादेशी प्रतिद्वन्द्वी तान्जिना अख्तेर तानीसँग पराजित भएकी हुन्। उनको हारले तानीलाई गल्सतर्फको उपाधि दिलाएको थियो।

**-हिमेशरत्न बज्राचार्य**

# बुद्धिचालमा अबबल

काँकडभित्ता- २०५४ सालमा काठमाडौंमा भएको प्रथम अन्तरनगरपालिका बुद्धिचाल प्रतियोगितामा झापाका विश्वविजय घिमिरे च्याम्पियन बन्दा नेपाली



बुद्धिचालको इतिहासमा उपाधि राजधानीभन्दा बाहिर गएको त्यो पहिलो घटना थियो। हालै झापाकै युवा नीरज निरौलाले राष्ट्रिय स्तरको मदनस्मृति बुद्धिचाल उपाधि हत्याए।

बुद्धिचालमा झापाको स्थान उक्लिएको छ, २०६१ असारमा नेपालमै पहिलो पटक अन्तर्राष्ट्रिय स्तरको रेटिङ बुद्धिचाल प्रतियोगिता गराउने नाइट चेस क्लबका अध्यक्ष गोपाल तामाङ भन्छन्, 'यो हाम्रा लागि गौरवको कुरा हो।' भर्खरै एउटा प्रतियोगितामा काठमाडौं आएका रूसी ग्रान्ड मास्टर फेमिनी अलेक्जेन्डर केही वर्षअघि नै झापा आइसकेका थिए। यसले पनि बुद्धिचालमा झापाको स्थान कति अगाडि छ भन्ने प्रस्ट हुन्छ। नेपालभर जम्मा ५० भन्दा बढी रेटेड खेलाडी रहेको नेपाल बुद्धिचाल संघले जनाएको छ, जसमा आधा दर्जनभन्दा बढी झापाका छन्। झापाका विश्वविजय घिमिरे, बलिमान गुरुङ, भरत गुरुङ, नीरज निरौला, राजेन्द्र रिजाल र प्रकाश नेपालले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सामेल हुँदै रेटेड खेलाडीका रूपमा आफूलाई सूचीकृत गरिसकेका छन्।

२०५१ र २०५४ सालमा पहिलो पटक राष्ट्रिय खुला बुद्धिचाल प्रतियोगिता आयोजना गर्ने जिल्ला पनि झापा नै हो। बुद्धिचाल संघका झापा अध्यक्ष राष्ट्रिय खेलाडी विश्वविजय घिमिरे झापाको अहिलेसम्मको सफलतालाई आफ्नै स्रोत र साधनबाट प्राप्त उपलब्धि मान्छन्। सरकारले बुद्धिचालको विकासका लागि चासो नदेखाएको उनको आरोप छ। 'अहिलेसम्म आफ्नै बल-बुताले उपलब्धि हासिल गरेका हौं', घिमिरे भन्छन्- 'बुद्धिचालको विकासमा सरकारले सोचेजति सहयोग गरेको छैन।' बुद्धिचालका लागि जिल्ला खेलकुद विकासले एकसुको बजेट नछुट्याएको घिमिरे बताउँछन्।

अर्का राष्ट्रिय खेलाडी भरत गुरुङ बुद्धिचालका लागि झापा उर्वरभूमि रहे पनि खेलाडी र खेलप्रति सरकारले उपेक्षा गरिरहेको बताउँछन्। बुद्धिचालका लागि लगातारजसो प्रतियोगिता गराइनुपर्ने उनको धारणा छ। 'सरकारले अन्य खेलको तुलनामा बुद्धिचाललाई उपेक्षा गरेको छ', गुरुङ भन्छन्- 'यसलाई पनि अन्य खेलसरह प्राथमिकतामा राखिनुपर्छ।'

बुद्धिचालकै लागि भनेर स्थापित नाइट चेस क्लबले पनि यतिबेला निष्क्रियता देखाएको खेलाडीहरूको आरोप छ। एक खेलाडीले भने- 'बुद्धिचाल खेलको विकासका लागि स्थापित संस्थाले अरू खेलमा बढी ध्यान दिइरहेको छ।' नाइटचेस क्लबका अध्यक्ष बालाजित राई बुद्धिचाल र अन्य खेललाई बराबर प्राथमिकता दिएर लगिएको दाबी गर्छन्। निकट भविष्यमा अन्तर्राष्ट्रिय रेटिङ प्रतियोगिता गर्न चेस क्लब कम्मर कसेर लागेको राईले बताए।

**-पर्वत पोर्तेल**



# दृष्टिविहीन क्रिकेट कास्कीलाई

पोखरा- दृष्टिविहीनहरू कसरी क्रिकेट खेल्न सक्छन्, धेरैलाई आश्चर्य लाग्ला, तर आश्चर्य मान्नुपर्दैन। साहस र जाँगर भएपछि गर्न सके असम्भव भन्ने कुरा केही रहेनछ। गएको साता पोखरामा पुरुष होइन, दृष्टिविहीन महिलाहरूबीचमा राष्ट्रिय क्रिकेट प्रतियोगिता सम्पन्न भयो। पोखरा नगर प्रशिक्षण केन्द्रको मैदानमा भएको दृष्टिविहीन महिला क्रिकेट प्रतियोगिता हेर्न खेलप्रेमीहरूको उत्साहजनक उपस्थिति देखिन्थ्यो।

दृष्टिविहीनहरूबीच कत्ति पनि नदेख्ने बी वान, हल्का देख्ने बी टु र एकापट्टिबाट अर्कोपट्टि देख्ने बी थ्रि गरी श्रेणी छुट्याएर खेल खेलाइएको थियो। कत्ति पनि आँखा नदेख्ने बी वानले ब्याटिङ र फिल्डिङ गरे। उनिहरूको रनर बी टु वा बी थ्रीले लियो। अरू श्रेणीबाट खेल्नेहरूको खेल सामान्य हुन्छ। 'बलमा घण्टी हुन्छ, त्यही घण्टीको आवाजको भरमा दृष्टिविहीनहरू क्रिकेट खेल्न तम्सिए। अरू समान्यले क्रिकेटमाथिबाट बल हाने पनि दृष्टिविहीनहरूले भने गुडाएर बल हान्छन्। त्रिदिवसीय दृष्टिविहीन महिला दोस्रो राष्ट्रिय क्रिकेटको उपाधि कास्कीले हात पारेको छ।

कास्की एकीकृत टिमलाई ४ विकेटले हराउँदै ३-० ले जित हासिल गरेको हो। नेपाल नेत्रहीन क्रिकेट संघ तथा कास्की जिल्ला नेत्रहीन क्रिकेट संघको संयुक्त आयोजनामा भएको प्रतियोगितामा दोस्रो खेलको जितसँगै उपाधि जितेको कास्कीले एकीकृत टिमका सामु ९० रनको लक्ष्य थियो।

९० रनको लक्ष्य पछ्याएको एकीकृत केवल ६१ रनमा सीमित भएको थियो। एकीकृतका खेलाडीहरूले ओपनरदेखी अन्तिम ब्याट्स वुमनले दोहोरो अंकको योगफल नबनाई पवेलियन फर्किएका थिए। कास्कीले १२ ओभर पूरा गर्दा ६ विकेटको क्षतिमा ८९ रनफल तयार पारेको थियो। लालुमाया भुजेलले १६, हिता गुरुङले १५ र तिलमाया विकले १४ रनको योगदान दिएकी थिइन्। मनकेशरी चौधरीले ३ र गीता पौडेलले २ विकेट लिएका थिए। कास्कीकी कप्तान भगवती भट्टराईले सर्वाधिक ६ विकेट लिइन्। प्रतियोगितामा वुमन अफ दि म्याच र वुमन अफ दि टुर्नामेन्ट कास्कीकी भगवती भट्टराई घोषित भइन्। विजेता बनेको कास्कीले ६ हजार र उपविजेताले ४ हजार रुपयाँसहित नगद ट्रफी पाए।

## ५ प्रश्न



दमक, झापाका नीरज निरौला बुद्धिचालमा राष्ट्रिय उपाधि जित्ने मोफसलका पहिलो खेलाडी हुन्। फिडे रेटिङ २०७० का २६ वर्षीय खेलाडीले काठमाडौंमा भर्खरै युवा रेटिङ बुद्धिचाल प्रतियोगिता जिते। डेढ वर्षयता भारतमा १४ रेटिङ प्रतियोगिता खेलेका निरौला सबैभन्दा व्यस्त नेपाली बुद्धिचाल खेलाडी हुन्।

**करियरको पहिलो रेटिङ उपाधि कसरी सम्भव भयो ?**

मैले निकै राम्रो खेलें। तीनपल्टको नेपाल च्याम्पियन बद्रीलाल नेपालीलाई आठौं चरणमा पराजित गरेपछि उपाधि जित्नेमा ढुक्क भएँ। करियरकै सर्वाधिक उत्कृष्ट प्रदर्शन गरेकाले उपाधि मेरो पोल्टामा परेको हो।

**बुद्धिचालमा कति मेहनत गर्नुपर्छ ?**

शारीरिक परिश्रम आवश्यक छैन। बौद्धिक मेहनत भने आवश्यक छ। हामी सामान्य खेलाडी पनि स्तरवृद्धिका लागि दैनिक पाँच-सात घण्टा अभ्यास र अध्ययन गर्छौं। सफलता हात पार्ने हो भने कडा मेहनत गर्नुपर्छ।

**बुद्धिचालबाहेक मनपर्ने खेल ?**

क्रिकेट, बुद्धिचाल सुरु गर्नुअघि पाँच-छ वर्ष क्रिकेटमा बिताएँ। म मास्टर ब्लास्टर सचिन तेन्दुलकर र स्पिनर शेन वार्नको फ्यान हुँ।

**बुद्धिचालमा मन पर्ने खेलाडी ?**

भारतीय बुद्धिचालका हस्ती विश्वनाथ आनन्द। उनी तीनपल्टका विश्वविजेता हुन्। सेतो गोटीबाट उनको ई-फोर गेम बलियो हुन्छ। नेपालीमा सुरवीर लामा। उनी निकै सहयोगी र रमाइला छन्।

**गर्लफ्रेन्ड छैन् ? विवाह कहिले गर्ने ?**

गर्लफ्रेन्डका बारेमा अहिले केही नभन्नु नै ठीक हुन्छ। तत्कालका लागि नसोचिएको विवाह समय जुरेपछि गरौंला।

**-राजु घिसिङ**



# भारोत्तोलन

# प्रहरी र सेनाकै दबदबा

**राजेन्द्र नाथ/रूपा गहतराज**

नेपालगन्ज– नेपाल प्रहरीले राष्ट्रिय भारोत्तोलनमा पुनः 'एकछत्र राज' कायम गरेको छ। प्रहरीका महिला खेलाडीहरूले आ-आफ्नो तौलसमूहमा एकाधिकार कायम गर्नुका साथै राष्ट्रिय कीर्तिमानको नयाँ इतिहाससमेत रचेका छन्। कमल अधिकारीको नेतृत्वको सेनाका खेलाडीले पनि पुरुष स्पर्धाहरूमा आफ्नो दरिलो उपस्थिति देखाए। प्रहरीका महिला खेलाडीले भारोत्तोलनका झन्डै सबै तौलसमूहमा जित हासिल गरेर वर्चस्व प्रमाणित गरे। नेपालगन्जमा सम्पन्न स्पर्धाहरूमा प्रहरीका महिला खेलाडी चम्किएपछि झन्टकुमारी कटवालले ३ नयाँ कीर्तिमान खडा गर्दा तारा पुन र लक्ष्मी बनले पनि थप १-१ कीर्तिमान कायम गरेर प्रहरीको वर्चस्व प्रमाणित गरे।

ओलम्पिकमा समेत प्रतिनिधित्व गरिसकेका सेनाका कमल अधिकारी र झन्ट कटवाललाई भारोत्तोलन संघले 'बेस्ट लिफ्टर' का रूपमा देशकै 'बलवान' पुरुष र महिला घोषित गरेको छ। चौथो राष्ट्रिय खेलकुद सम्पन्न भएको १२ वर्षपछि पहिलो पटक नेपालगन्जमा गत साता सुरु भएको राष्ट्रिय भारोत्तोलन दुई दिनसम्म चलेको थियो। बाँके भारोत्तोलन संघले आयोजना गरेको राष्ट्रिय प्रतियोगितामा २२ जिल्लाका करिब ९० जना खेलाडीले भाग लिएका थिए।

**कमलको उपस्थिति नै ऊर्जा**

त्रिभुवन क्लबबाट खेल्ने ३१ वर्षीय कमलको उपस्थितिले मात्र पनि खेलाडीमा ऊर्जा थपिन्छ। नेपालगन्जमा सम्पन भारोत्तोलनमा उनी आर्कषणको केन्द्र बने। अन्तर्राष्ट्रिय खेलाडी कमल अधिकारीको सहभागिताले मात्र पनि ऊर्जा पाइने खेलाडी बताउँछन्, तर उनी यसपटक सोचेजस्तो खेल प्रदर्शन गर्न नसकेको दुखेसो गर्छन्।

०५४ सालमा आर्मी क्लब छिरेपछि खेलजीवन सुरु गरेका अधिकारी पनि आत्मबलकै कारण सफलता हात पारेको बताउँछन्। ०५६ सालमा क्लबबाट प्रतियोगितामा सामेल अधिकारी भारोत्तोलनका लागि समय र लगानी दुवै आवश्यक छ भन्छन्।

दसौं सागका पदकधारी कमलले बेइजिङ ओलम्पिकमा समेत राम्रो खेल प्रदर्शन गरेका थिए। पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगितामा समेत राष्ट्रिय कीर्तिमान कायम गरेका कमल नियमित अभ्यास नभएका कारण राम्रो खेल प्रदर्शन गर्न नसकेको बताउँछन्।

राज्यले अरू खेलभन्दा भारोत्तोलनमा लगानी केन्द्रित गर्नुपर्ने सुझाव उनको छ। लामो समय खेलमा बिताएका अधिकारी हरेक खेलाडीलाई तनावबाट मुक्त राख्न सके उत्कृष्ट खेलाडी जन्मनेमा शंका गरिरहनुपर्ने दाबी गर्छन्। उनले भने- 'खेलाडी खेलबाट बाँच्न सक्छ भन्ने प्रत्याभूति राज्यले दिलाउन सक्नुपर्छ। अनि मात्र खेलप्रति आर्कषण बढ्छ।'

जिल्लातहमा खेल सामग्री र प्रशिक्षक नहुँदा खेलाडी पलायन भैरहेकोमा उनी चिन्तित छन्। 'केन्द्रले त साफ खेलका लागि एक महिना मात्र क्याम्प चलाउँछ।' उनले भने- 'जिल्लाको के कुरा ?' भारोत्तोलनमा राम्रो स्कोप देखेका अधिकारीले केन्द्रले जिल्लामा दक्ष प्रशिक्षकको व्यवस्था मिलाउनुपर्ने बताए। प्रतियोगिता आयोजना गर्न सके खेलाडीको मनोबलसमेत बढ्ने बताए। ३१ वर्षीय अधिकारी दाम नभए पनि आ□नो लागि खेल 'नशा' भैसकेको बताउँछन्।

**सफलताका सूत्र**

एउटा खेलाडीको सफलताको सूत्र के हुन सक्ला ? 'कडा मेहनत र अनुशासन,' अधिकारीले फटाफट भने। सिक्ने गुणको विकास पनि अनिवार्य रहेको अधिकारी बताउँछन्।

**घरेलु मैदानमा निराशाजनक प्रदर्शन**

बाँके जिल्ला कुनै बेला भारोत्तोलनका एकसेएक 'बलवान' हरूको गढ मानिन्थ्यो। फलामका गह्रौं रड र चक्का उठाउने 'वेयट लिफ्टरहरू'को राष्ट्रिय प्रतियोगितामा सधैं वर्चस्व रहन्थ्यो। राष्ट्रिय प्रतियोगितामा बाँकेलाई सबैभन्दा बढी पदक दिलाउने खेल नै भारोत्तोलन थियो। नौ वर्षसम्म बाँकेले राष्ट्रिय च्याम्पियन बनेर एकछत्र कब्जा जमायो, तर पछिल्ला दिनमा भने बाँकेका खेलाडीको प्रर्दशन खस्कँदै गएको छ।

०३७ सालमा दोस्रो राष्ट्रिय भारोत्तोलन नेपालगन्जमा सम्पन्न भएको थियो। त्यो प्रतियोगिता हेरेर भारोत्तोलनमा आकर्षित भएका सुरेन्द्र हमालले खेलाडीको महाकुम्भ ओलम्पिकसम्मको खेलयात्रा गरे। एसियन च्याम्पियनसिपमा कांस्य, दक्षिण एसियाली खेलकुदमा दुई रजत र तीन कांस्य पदक जिते। समसुद्दिन सिद्धिकीले बंगलादेशको ढाका र पाकिस्तानमा भएका दक्षिण एसियाली खेलमा तीन-तीन रजत पदक र पहिलो, तेस्रो र पाचौं सागमा गरी सात कांस्य पदक जितेर देशको गौरव बढाए। सकिल अहमद तथा राजेन्द्र बर्माले रूसमा प्रशिक्षणको अवसरसमेत पाए।

त्यो दबदबा अहिले छैन। पछिल्ला दिन त्यति सुखद छैनन्, बाँके भारोत्तोलनका लागि। प्रतियोगिता र नियमित प्रशिक्षण नहुँदा यहाँका प्रतिभा पलायन हुँदै गएका छन्। चौथो राष्ट्रिय प्रतियोगिता सम्पन भएको १२ वर्षपछि यसपालि प्रतियोगिता भएको थियो। प्रतियोगिता नहुँदा निराश बनेका खेलाडीमा अहिले केहि आशा भने जागेको छ।

सधैं अग्रपक्तिमा देखिने खेलाडीहरू भौतिक पूर्वाधार अनि नियमित अभ्यासको कमीले स्तर खस्किएको बताउँछन्। भारोत्तोलनका लागि नियमित अभ्यास अनि दक्ष प्रशिक्षकको खाँचो पर्छ। प्रशिक्षणबिना नै प्रतियोगितामा सहभागी हुनुपर्ने बाध्यता रहेको खेलाडि नरसिंह राणाले बताए। आवश्यक खेल सामाग्री नभएकाले पनि खेलाडीको लगावमा कमी आएको उनको दाबी थियो। जुबेद सिद्धिकी पनि समयमा प्रतियोगिता नहुँदा खेलको लोकप्रियता घट्दै गएको बताउँछन्। महिला खेलाडी रञ्जु बोहरा पनि उनीहरूसँग सहमत छिन्। 'खेलको विकासका लागि प्रतियोगिता आवश्यक छ।' उनले भनिन्- 'खेलाडी खेल्न चाहन्छन् तर प्रतियोगिता हुँदैनन्।'

खेलसामग्री र प्रतियागिता नहुँदा पनि भारोत्तोलन खेलमा रुचि देखाउनेहरूमा कुनै कमी नआएको दाबी खेल प्रशिक्षक सकिल अहमदले गरे। 'नियमित प्रशिक्षक र पर्याप्त खेल सामग्री भए राम्रो खेलाडी उत्पादन हुन बेर लाग्दैन,' उनले भने। यसपटक नेपालगन्जमा सम्पन प्रतियोगितामा पुरुष तर्फका स्पर्धामा प्लस १ सय ५ किलोग्राम समूहमा बाँकेका जुबेर सिद्धिकी, ७७ किलोग्राम तौलसमूहमा अजिज कौशल र ५६ किलोग्राम तौलसमूहमा लेखराज शाहले तेस्रो स्थान स्थान हासिल गरेका थिए।

प्रतियोगिताका संयोजक समसुद्दिन सिद्धिकीले बाँकेको गुमेको सान फर्काउन नियमित रूपमा प्रतियोगिता सञ्चालन गर्ने विषयमा राष्ट्रिय खेलकुल परिषद्का पूर्व सदस्य रतन टण्डन, ओलम्पियन सुरेन्द्र हमाल आदि खेलाडी तथा खेलप्रेमीहरूसँग बसेर योजना बनाइरहेको बताए।

## झन्टकुमारीका कुरा

फलामसँग खेल्न त्यति सहज छैन, तर नियमित अभ्यास र लगनशीलता भए सफलता चुम्न सकिन्छ। त्यसकै उदाहरण हुन्– झन्टकुमारी कटुवाल। भारोत्तोलनप्रतिको लगावले प्रहरी क्लबकी झन्टकुमारीले नेपाली खेलजगत्मा बेग्लै स्थान बनाएकी छिन्। यसपटक ३-३ राष्ट्रिय कीर्तिमान बनाएर उनले त्यो उचाइ अरू बढाइन्।

हरेक प्रतियोगितालाई सधैं चुनौतीका रूपमा स्वीकार गर्ने झन्ट आफ्नो सफलताको श्रेय मेहनत र अनुशासनलाई दिन रुचाउँछिन्। खेलमा आत्मबलको खाँचो पर्ने मत उनको छ। 'जोसँग आत्मबल छ, उसैले खेल जित्छ' उनले बताइन्।

आत्मबल भए स्वतः आत्मविश्वास बढ्छ। भारोत्तोलन महिलाका लागि सहज नभए पनि महिलाहरूले खेल्नै नसक्ने भने होइन। त्यसको उदाहरण उनी स्वयं हुन्। सानै उमेरदेखि खेलमा रुचि भएकी झन्ट सुरुमा भलिबलकी राम्री खेलाडीमा गनिन्थिन्। भारोत्तोलनको नामै नसुनेकी झन्ट साथीहरूको लहलहैमा यता आकर्षित भएको बताउँछिन्। उनी आममानिसको हेराइमा भने साधारण युवती देखिन्छिन्, तर उनले उचालेका फलामका रिङले उनलाई नेपालकै 'बलवान महिला' को उपाधि दिएको छ।

नेपाल प्रहरीमा जागिरे भएपछि झन्टले नियमित अभ्यास गर्न पाएकी हुन्। 'नियमित अभ्यासले प्रदर्शनमा धेरै फरक पार्छ,' उनले भनिन्- सबै खेलाडीले नियमित अभ्यास गर्न पाए सफलता टाढा हुँदैन।' खेलाडीका लागि नियमित अभ्यास र आवश्यक डाइट अनिवार्य भएको उनले बताइन्। 'सबैले व्यक्तिगत रूपमा खेलमा लगानी गर्न नसक्ने भएकाले राज्यले आवश्यक लगानी गरिदिनुपर्छ,' -उनको सल्लाह छ। राज्यले खेलाडीको महत्त्व नबुझेकोमा उनले दुखेसो पोखिन्। 'खेल्दासम्म सबैले सम्झन्छन्। खेलाडीको उमेर बढ्दै गए सबैले बिर्सन्छन्, उनले भनिन्- पुराना खेलाडीलाई राज्यले भत्ता र सम्मानको व्यवस्था गर्नुपर्छ।'



थाइल्यान्डमा भएको वर्ल्ड च्याम्पियनसिप र कोरियामा सम्पन्न इन्टरक्लब च्याम्यिनसिपमा सहभागी झन्टले अर्न्तराष्ट्रिय प्रतियोगितामा पनि बेस्ट लिफ्टर तथा शक्तिशाली महिलाको उपाधिसमेत हात पारेकी छिन्। २८ वर्षीय बलवान सुन्दरीले खेलमा नाम जतिको दाम भने देखेकी छैनन्। उनी भविष्यका सम्बन्धमा चिन्तित पनि छिन्। 'खेलमा उमेरको हदबन्दी पार भए के गर्ने ?' उनको प्रश्न छ।


साप्ताहिक Classified Advertisement

**रोजगार**

साधारण महिला/ पुरुषहरुको आवश्यकता ९०००, ९८०३४२१५२६, ६६३५४०१

राम्रो कमाई गर्न ९८०३६०४७३७, ९८४१०३५०११

NGO संस्थालाई साधारण SLC, +2+Computer जानेका ११ कर्मचारी तलब ग्यारेन्टी 9500, 2072545, 9841493036, 9803075981 चावहिल

जर्मनीको लागि Aupair girls 9741056886, 9803386712

अर्जेन्ट महिला/पूरुष/विद्यार्थी कर्मचारीहरू आवश्यकता पार्टटाईम जबभित्रै Test/SLC+2 साधारण लेखपढ अशिक्षितले गर्नमिल्ने 10,000-15,000 बसुन्धरा 2290223, 9803459608, 9841035419

महिला कर्मचारीहरू चाहियो घरमैबसी कामगर्न सकिने 7000 गौशाला 2072766

Part Time Job Contact 9803604737

**उपचार**

स्तन घटाउन बढाउन गुप्ताङ्ग टाइट गर्न, यौन सन्तुष्टिको विकास तथा तालिम प्राप्त अनुभवी चिकित्सकद्वारा सुरक्षित गर्भ पतन साथै, आकस्मिक गर्भ निरोधक साधन, 9841981976, 9849051161

स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाईट गर्न स्वेतप्रदरबाट मुक्त तथा यौन सन्तुष्टीको बिकास गर्न ४२७६०६८, ९८४९०५११६१

निसन्तान, मधुमेह, स्वेतप्रदर गुप्ताङ्गको सफल उपचार अन्तर्राष्ट्रिय अनुभवी डाक्टर Direct appointment: 9721417717

थाहै नदिई जाँडरक्सी, चुरोटको कुलत छुटाउन ९८०३५०२२५९

सिघ्रस्खलन उत्तेजना नहुने लिङ्गको लम्बाई मोटाई बढाउन साथै यौन क्षमतामा अभिबृद्धि गर्न ४२७६०६८, ९८४१९८१९७६

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४

# विवाहपछि इकु

**साप्ताहिक समाचार**

काठमाडौं– 'दुई वर्षअघि एउटा हास्य कार्यक्रमका क्रममा पोखरा नपुगेको भए म अहिलेसम्म पनि कुमार नै हुन्थें होला,' इकुका रूपमा ख्याति आर्जन गरेका हास्यकलाकार सुलेमान शंकरले साप्ताहिकसँगको एक भेटमा भने- 'त्यही कार्यक्रममा जयासँग भेट भयो। माया बस्यो, दुई वर्षपछि विवाह नै भयो।'

अल्लारे स्वभावकी जया उक्त कार्यक्रममा नृत्यांगनाका रूपमा सहभागी थिइन्। 'काठमाडौंबाट आएका कलाकारहरूसँग मैले एउटा नृत्य प्रस्तुत गर्ने अवसर पाएकी थिएँ, जया सम्झिन्छिन्- 'त्यो कार्यक्रममा उहाँ (सुलेमान) पनि आउनुभएको रहेछ। त्यसबेला उहाँसँग सामान्य परिचय मात्र भयो। उहाँले चाहिँ मलाई मन पराउनुभएको रहेछ।'

चिनजान भएको केही समयपछि नै सुलेमान र जयाबीच टेलिफोन संवाद प्रारम्भ भयो। कार्यक्रमका क्रममा पोखरा



तस्बिर : नवराज बाठे

गैरहनुपर्ने भएपछि उनीहरूको भेट बाक्लियो। भेटघाटकै क्रममा एक दिन सुलेमानले जयासँग ठट्टा गर्दै भने, 'विवाह गर्ने बेला भयो, पोखरातिरकै एउटी राम्री केटी खोज्नुपर्‍यो।' सुलेमानको इसारा जयाप्रति नै थियो। 'तपाईंले कस्ती केटी खोज्नुभएको हो ?' जयाले जिज्ञासा राख्न नपाउँदै सुलेमानले जवाफ फर्काए, 'तिमीजस्तै ☐' जया लाजले रातोपीरो भइन्। सुरुमा त जयालाई सुलेमानले ठट्टा नै गरेजस्तो लागेको थियो, तर गम्भीर रूपमा गरिएको प्रस्तावपछि उनले नाइँ भन्न सकिनन्। अन्ततः करिब साढे एक वर्ष लामो प्रेमपछि गत असार १७ गते दुवैले परम्परागत विवाह गरे।

विवाहपछिको जीवन कस्तो छ ? साप्ताहिकको जिज्ञासामा सुलेमानको जवाफ थियो- 'एकदमै रमाइलो।' उनका अनुसार विवाहअघिको जीवन अव्यवस्थित थियो, अहिले सबै कुरा व्यवस्थित छ। खाने, हिंड्ने, सुत्ने सबै काम समयमा भएकाले अहिले उनी असाध्यै खुसी तथा सन्तुष्ट छन्। जया पनि कम खुसी छैनन्। उनी भन्छिन्- 'पहिले अल्लारे थिएँ, घुमिरहन मन लाग्थ्यो, अहिले जिम्मेवार भएकी छु।'

टेलिभिजनमा इकुका रूपमा देखिएका जंगली मान्छेले प्रेम प्रस्ताव राख्दा जयालाई अनौठो लागेको रहेछ। 'तर उहाँले मप्रति गर्ने व्यवहार तथा मायाले मलाई कम समयमै पगाल्यो, जया भन्छिन्- 'हरेक महिलाले आफूलाई माया गर्ने श्रीमान्को कल्पना गरेका हुन्छन्। मैले कल्पना गरेअनुसारकै माया पाएकोमा खुसी छु।'

चलचित्र इकुको व्यावसायिक सफलतापछि उक्त चलचित्रका नायक तथा निर्माता सुलेमानले हनिमुनसमेत मनाउन पाएका रहेनछन्। सुलेमान भन्छन्– 'अबचाहिँ हनिमुन मनाउन जानैपर्छ जस्तो छ।' हनिमुन मनाउन पोखरा नै जाने कि ? भन्ने जिज्ञासामा सुलेमानको जवाफ थियो- 'पोखरा त ससुराली भैहाल्यो नि, दसैंमा मात्र जाने। हनिमुन मनाउन त विदेश नै गइन्छ होला।'

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
नेपालको नं. 1 Study Center
World Wide Valid Certificate
DIGITAL VIDEO-EDITING & ANIMATION
फोटोग्राफी भिडियोग्राफी
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्याङ्की): Tel: 4483414
New Baneshwor Chock (Opp. New Baneshwor Dept. store): Tel: 4785226
Adweit Marg (Bagbazar): Tel: 4232866
Lagankhel (Bus Park): Tel: 5004018

ग्लोवलको तालिम 5★ मा
★Hotel Mgmt. Basic/Adv.
★F&B Mgmt. Basic/Adv
★Bartender Mgmt. Basic/adv
★Culinary Arts Mgmt. (Cook) Basic/Adv
★F & B Service Mgmt (Waiter) Basic/Adv
★Bakery Pastery Mgmt. / Ice / veg carving
★Front Office/House Keeping Mgmt.
आउनुहोस्, हेर्नुहोस्, बुझ्नुहोस्
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
4484098, 2134544

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery ★Housekeeping ★Front Office ★Bartender ★Coffee making ★Hotel Mgmt ★F & B Mgmt ★Airlines Ticketing ★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

३ महिनामा ४" उचाइ बढाउने
◆केश झर्न तुरुन्तै रोकी उमार्ने
◆१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5004046
01-5550195
शाखा कार्यालय बनेपा Mo:9851112675

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र ।
▶ कुक १ ½ महिना रु. २७००/-
▶ कुक ३ महिना रु. ३७००/-
▶ वेटर र बारमेन रु. १३००/-
१. 5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको ।
२. थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराइने व्यवस्था छ ।
३. तालिमपछि कुक, वेटर-वेट्रेस, बारमेनलाई USA, EUROPE को ship मा पठाउने व्यवस्था छ ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336, 9841812055

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक, वेटर, बारमेन, क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि ।
✱५ तारे होटलमा कार्यरत अनुभवी प्रशिक्षक बाट तालिम दिइने ।
✱टाढाबाट आएका र बिदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था ।
✱Ex-practical को लागि होटलहरुमा पठाईने ।
सक्षम नभएमा पुनः कक्षा गराएर सक्षम बनाईने ।
अन्तराष्ट्रिय पर्यटन विकास तथा होटल व्यावस्थापन तालिम प्रा.लि.
बालाजु चोक, काठमाडौं
फोन: 01-4384548

होटल तालिम
नयाँ बर्ष प्रवेश विशेष छुट
कुक-4500 वेटर-1700
विशेष छुट श्रावण मसान्त सम्मको लागि मात्र लागु हुनेछ
अंग्रेजी नजान्नेलाई नेपालीमा सिकाईने
थेउरी भन्दा प्राक्टिकल धेरै गराइने
अपर्झट विदेश जानुपरेमा स्पेशल तालिम
आगमन होटल ट्रेनिङ्ग
सामाखुसी, सरकारीधारा, रेडन कलेज सँगै 4352846

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।